

# रेडप्लसमा स्वतन्त्र, अग्रिम र सुसूचित सहमति

## नीति निर्माण तथा परियोजना विकासका सिद्धान्त र विधिहरू

फेब्रुअरी २०११


RECOFTC THE CENTER FOR PEOPLE AND FORESTS

giz

Federal Ministry for Economic Cooperation and Development

Norad

## धन्यवाद ज्ञापन

यस प्रकाशनको आधारको रूपमा रहेको "रेड प्लसमा एफपिआइसीको पुनरावलोकन" लेखन कार्य गर्ने तथा प्रकाशनलाई यो रूपमा ल्याउने प्रक्रियाको शुरूका चरणहरूमा सहयोग गर्ने श्री हेलेन मोरियार्टिलाई धेरै धन्यवाद दिन चाहन्छौं । यस प्रकाशनको तयारी प्रक्रियामा सहभागी हुने सामुदायिक वन उपभोक्ता महासंघ नेपाल, एशियन इण्डिजिनस पिपुल्स,प्याक्ट थाइल्याण्ड, फरेष्ट पिपुल्स प्रोग्राम इण्डोनेशिया, इण्डोनेशियन सेन्टर फर इन्भाइरोनमेण्टल ल, आइयूसियन थाइल्याण्ड, लाओस् ल्याण्ड इस्यू ग्रुप, नेसनल फरेष्ट काउन्सिल इण्डोनेशिया, प्याक्ट कम्बोडिया, टेबटेब्बा फिलिपिन्स् र वाइल्डलाइफ कन्जरभेसन सोसाइटी लाओस् प्रति हामी कृतज्ञ छौं । यसै गरी यस प्रकाशनका लागि महत्वपुर्ण सुझाव दिएर विशेष सहयोग पुऱ्याउनु हुने सुराया अफिफ, ताफिक आलिमि, एण्डिको यस.यच., विविएक अविअति, भोला भट्टराई, अमान्दा ब्राड्ले, जर्ज बुकोल्ज, मार्कस् कोलचेष्टर, जेनिफर कोर्पज, जुलियन आट्किन्सन्, हेलेन डनलप, सिन फोले, रिचार्ड हेकम्यान, ट्रोय हान्सेल, लियोनार्दो इम्बिरी, बारबारा लाङ, जेम्स् मेयर्स, डन्कान म्याकलियोड, पिटर निल, बरनाड स्टेनी, रोनाकर्न त्रिरागानोन, बेन भिकर्स, पिट उड र जुमेई झाङप्रति आभारी छौं ।



**प्रमुख लेखक**
प्याट्रिक एण्डर्सन

**नेपाली अनुवाद**
विष्णुहरि पौड्याल र हरिशरण लुइँटेल

**भाषा सम्पादन**
लेखनाथ गुरागाइँ



**डिस्क्लेमर**
यस प्रतिवेदनमा अभिव्यक्त विचार तथा यसमा रहेका विषयगत त्रुटीहरूको पूर्ण जिम्मेवारी यस प्रतिवेदनका प्रमुख लेखकको हुनेछ ।



रेडप्लसमा स्वतन्त्र, अग्रिम र सुसूचित सहमतिः नीति निर्माण तथा परियोजना विकासका सिद्धान्त र विधिहरू
बैङ्कक, फेब्रुअरी २०११



© रिकफ्ट र जीआइजेड



**आइयसबिएनः** ९७८-६१६-९०८४५-०-१

**प्रकाशक**
रिकफ्ट – वन र जनताका लागि केन्द्र
जिआइजेड, एसिया

RECOFTC
THE CENTER FOR PEOPLE AND FORESTS
giz

# रेडप्लसमा
# स्वतन्त्र, अग्रिम
# र सुसूचित
# सहमति

## नीति निर्माण तथा परियोजना
## विकासका सिद्धान्त र विधिहरू

फेब्रुअरी २०११


# प्राक्कथन

विगत दुई दशकदेखि विकासका क्षेत्रमा कार्यरत धेरैजसो संघसंस्थाहरूले आफूले सञ्चालन गर्ने कार्यक्रमको निर्णय प्रक्रियामा सहभागितात्मक तरिकाहरूलाई प्रवर्द्धन गर्दै आएका छन् । यसले गर्दा सहभागीमूलक प्राकृतिक स्रोत व्यवस्थापन, संरक्षण र सुशासनमा धेरै राम्रा र उपयोगी अनुभव, सिकाइ तथा अभ्यास र यससँग सम्बन्धित औजारहरूको समेत प्रादुर्भाव भएका छन् । यस्ता खालका कुराहरू जर्मनी सरकारको आर्थिक सहयोग तथा विकास मन्त्रालयबाट सञ्चालित र जिआइजेडद्वारा एशियास्तर मा कार्यान्वयनमा ल्याइएका प्राकृतिक स्रोत व्यवस्थापनका क्षेत्रमा कार्यरत परियोजनाहरूमा पनि लागू हुन्छन् । जनता र वनका लागि केन्द्र – रिकफ्टले एशिया प्रशान्त क्षेत्रमा सहभागितात्मक प्राकृतिक स्रोत व्यवस्थापन कार्यलाई सन् १९८७ मा आफ्नो स्थापनाकालदेखि नै लक्षित गर्दै आएको छ । हालैका वर्षहरूमा मानव अधिकारको समेत सम्मान गर्दै विकास कार्यमा सहयोग हुनुपर्ने आवाज उठिरहेका छन् भने विकासका साझेदारहरू समेत कसरी यस प्रकारको आवाजलाई सम्बोधन गर्न सकिन्छ भन्दै विभिन्न परियोजनाहरूमार्फत परीक्षण गरिरहेका छन् । मुख्य गरी रेडप्लसको नीति तथा रेडप्लस परियोजनाहरूमा कार्यरत संस्था/व्यक्तिहरूका लागि यो प्रकाशनले पनि त्यस्तै प्रकारका विकासका मागलाई सहयोग पुऱ्याउने प्रयास गरेको छ ।

आदिबासी जनजाति र स्थानीय समुदायहरू तथा उनीहरूका स्रोतहरूलाई असर पर्न सक्ने कुनै पनि विकास कार्य गर्नु अघि स्वतन्त्र, अग्रिम र सुसूचित सहमति (एफपिआइसी) दिन पाउनुपर्ने अधिकारको सिद्धान्त नौलो चाहिँ होइन । तैपनि सन् २००८ को आदिबासी जनजातिहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघको घोषणपत्रसंगै यस अधिकारको कानुनी हैसियत बलियो भएको छ । निरन्तर चलिरहेका जलवायू परिवर्तन सम्बन्धी अन्तर्राष्ट्रियस्तरका वार्ताहरूमा यसले प्रमुख स्थान पाएको छ । मुख्य गरी वन विनाश तथा वन क्षयीकरणबाट हुने कार्बन उत्सर्जन कमी गर्ने प्रावधान (रेडप्लस) मा यस्ता अधिकार सम्बन्धी बढी छलफल भएका छन् । यसले परियोजना कार्यान्वयनकर्ताहरूमा यस प्रकारको अवसरलाई छोप्ने नयाँ उत्साह र इच्छा सृजना भएको छ ।

समग्ररूपमा रेडप्लस कार्यान्वयनको र विशेष गरी एफपिआइसीको अधिकारलाई सम्मान गर्ने प्रक्रियाहरू अपनाउने सवालमा एशिया प्रशान्त क्षेत्रकै अनुभव धेरै सिमित छ । यसकारण यो प्रकाशनले यस सम्बन्धी उदाहरणहरू अन्य क्षेत्र र बिषयहरूबाट लिने प्रयास गरेको छ । यो प्रकाशन एउटा प्रारम्भिक प्रयास भएकाले एफपिआइसी सम्बन्धी थप अनुभवहरू सँगाल्दै जाने क्रममा यसलाई थप परिमार्जित गर्दै जानुपर्ने कुरा रिकफ्ट र जिआइजेडको बुझाइ छ । विशेष गरी यो प्रकाशनले विकासोन्मुख देशहरूमा ती देश सुहाउँदो र स्थान विशेष निर्देशिका तयार गर्न मार्गनिर्देशन गर्ने कुरामा हामी विश्वस्त छौँ । यसले गर्दा ती देशहरूलाई आदिबासी जनजाति तथा स्थानीय समुदायहरूको स्रोत माथिको अधिकार र स्थान विशेषका कानुनी अवस्थाहरू पालना गर्न सहज बनाउँछ ।

जिआइजेड र रिकफ्टले यो प्रकाशन तयार गर्ने क्रममा विभिन्न प्रकारका संघ सस्थाहरूलाई सहभागी गराएर विभिन्न क्षेत्रका अनुभव र विज्ञतालाई एक ठाउँमा ल्याउने प्रयास गरेको छ । यसमा रेडप्लस परियोजना सम्बन्धी अधिकारकर्मी तथा अभ्यासरत विज्ञहरूको सहभागिता थियो । यसले प्रकाशनलाई मात्र नभई विभिन्न सरोकारवालाहरू बिच छलफल गर्ने अवसर समेत प्रदान गऱ्यो । यस प्रकारका छलफलहरू रेडप्लस परियोजनाहरूमा एफपिआइसी कार्यान्वयनका क्रममा प्राप्त सिकाइ र अनुभवहरू साटासाट गर्नका लागि बिभिन्न तहमा भविष्यमा पनि निरन्तर चलिरहने छन् भन्ने हामीले आशा गरेका छौँ ।



यम मल्ल
कार्यकारी निर्देशक
जनता र वनका लागि केन्द्र—रिकफ्ट



हान्स् जोआचिम लिप
जिआइजेड सेक्टर नेटवर्क प्रवक्ता
प्राकृतिक स्रोत तथा ग्रामीण विकास एसिया

# विषयसूची


| | |
|---|---|
| **प्राक्कथन** | क |
| **विषयसूची** | ग |
| **परिचय** | १ |
| **रेडप्लस र एफपिआइसीको महत्त्व** | ५ |
| **शीघ्र सन्दर्भ निर्देशिका** | १३ |
| स्वतन्त्र अग्रिम सुसूचित सहमति भनेको के हो ? | १५ |
| एफपिआइसीको अधिकारको शुरूवात कसरी भयो ? | १६ |
| रेडप्लसलाई एफपिआइसी किन चाहिन्छ ? | १७ |
| परियोजनालाई एफपिआइसीको अधिकारको सम्मान कहिले चाहिन्छ ? | १८ |
| कस्ता कानुनी प्रावधानहरूले रेडप्लसलाई एफपिआइसी अधिकारको सम्मानमा लाग्न बाध्य गराएका छन् ? | १८ |
| एफपिआइसीको अधिकारको सम्मान गर्ने प्रक्रियामा के के पर्दछन् ? | १९ |
| एफपिआइसीको अधिकारको सम्मानका लागि कस्ता स्रोतहरूको आवश्यकता पर्दछ ? | २६ |
| एफपिआइसीका सम्भावित जोखिमहरू के के हुन् ? | २७ |
| **एफपिआइसीको अधिकारको सम्मान गर्ने प्रक्रिया तथा कार्यविधि निर्देशिका** | २९ |
| **एफपिआइसीमा अधिकारवालाको सहभागिताको लागि तयारी** | ३१ |
| तत्त्व १ : अधिकार, अधिकारवाला र भू-उपयोगको आँकलन | ३२ |
| तत्त्व २: निर्णय गर्ने उपयुक्त संस्थाको पहिचान | ३५ |
| तत्त्व ३: अधिकारको पक्षमा पैरवी गर्ने राष्ट्रियस्तरका सहयोगी निकाय तथा संरचनाहरूको पहिचान | ३६ |
| तत्त्व ४: सहमतिको खोजी र प्राप्तिको विकास प्रक्रिया | ३८ |
| तत्त्व ५: सहमति/सम्झौताको लागि विषयवस्तुको विकास | ४० |
| तत्त्व ६: सञ्चार योजनामा सम्झौता | ४४ |
| तत्त्व ७: क्षमता विकासको रणनीति तयारी | ४५ |
| **एफपिआइसीको अधिकारलाई मान्यता दिने प्रक्रियाको कार्यान्वयन** | ४६ |
| तत्त्व ८: रेडप्लस परियोजना निर्माणमा एफपिआइसीको अधिकारको एकीकरण/ग्यारेन्टी | ४७ |
| तत्त्व ९: वैकल्पिक जानकारी/सूचना तथा स्वतन्त्र सल्लाहको निश्चितता | ४८ |
| **अनुगमन तथा सहायताको बाटोः सहमतिको पालना** | ४९ |
| तत्त्व १०: कार्यान्वयनका लागि भएको सहमतिको अनुगमन | ५० |
| तत्त्व ११: गुनासो व्यवस्थापनको प्रक्रिया निर्माण | ५१ |
| तत्त्व १२: सहमतिको प्रमाणीकरण | ५४ |
| **सन्दर्भ सूची** | ५७ |
| **शब्दावली र शब्दका छोटकरी रूपहरू** | ६३ |
| शब्दावली | ६५ |
| शब्दका छोटकरी रूपहरू | ६८ |
| **अनुसूचीहरू** | ६९ |
| अनुसूची १: एफपिआइसीका लागि आवश्यक कानुनी संरचना/ढाँचा | ७१ |
| अनुसूची २: आदिबासी जनजाति तथा स्थानीय समुदायहरूले जान्नुपर्ने कुराहरूको सारांश | ७८ |

# परिचय



# परिचय

यो प्रकाशन रेडप्लस कार्यक्रम तर्जुमा एवम् कार्यान्वयनमा संलग्न व्यक्तिहरूलाई लक्षित गरी गरिएको हो । समुदायका स्वतन्त्र समाजसेवी, स्थानीय अगुवा, स्थानीय निकायका कर्मचारी, विभिन्न कार्यक्रममा संलग्न व्यक्तिहरू, निजी क्षेत्रका लगानीकर्ता तथा गैरसरकारी संस्थाका कर्मचारी एवम् स्थानीय तहमा कार्यक्रमको नेतृत्त्व गर्ने सरोकारवालाहरू समेत यसबाट लाभदायी हुनसक्छन् । यो प्रकाशन तयार गर्दा यी मानिसहरू साक्षर हुनुका साथै उनीहरूमा रेडप्लस सम्बन्धी आधारभूत बुझाई तथा एशिया प्रशान्त क्षेत्रकाबारेमा समेत जानकारी रहेको अनुमान गरिएको छ ।

यस प्रकाशनलाई तीन भागमा विभाजन गरिएको छ । पहिलो भागमा रेडप्लस र स्वतन्त्र, अग्रिम तथा सुसूचित सहमति (एफपिआइसी) को महत्त्वकाबारेमा जानकारी दिइएको छ । त्यसपछिको भागमा छोटो रूपमा एफपिआइसीलाई मान्यता दिने प्रक्रियाको विकास तथा यससँग सम्बन्धित मुख्य सूचनाको सारांश प्रस्तुत गर्ने जमर्को गरिएको छ । अन्त्यमा, आदिबासी जनजाति र स्थानीय समुदायको एफपिआइसीको अधिकारको संरक्षणबारे १२ बुँदे विस्तृत प्रक्रिया प्रस्तुत गरिएको छ ।

एफपिआइसीको अधिकारको सम्मान भन्नाले त्यस्तो स्थानीय र सांस्कृतिक पद्धतिलाई बुझिन्छ जसमा संलग्न समुदाय आफैं आफ्ना क्रियाकलापका चरणहरू निर्धारण गर्दछन् । त्यसैले यसबारे संसारभरि मेल खाने एउटै पद्धति विकास गर्न कठिन छ । सर्वप्रथम अंग्रेजीमा प्रकाशन भएको यस प्रकाशनले विभिन्न स्थानीय भाषामा उचित सूचना तथा तालिम सामग्री प्रकाशन गरी आवश्यक जानकारी निश्चित समुदायसम्म पु¥याउनका लागि आधार तयार पार्ने प्रयास गरेको छ । यसलाई रेडप्लसको विकासक्रमसंगै विकसित गर्दै लैजानु पर्ने देखिन्छ ।

समुदायको अधिकारलाई आत्मसात् गर्ने एफपिआइसी प्रक्रियाका आवश्यक तत्त्वहरूबारे आम सरोकारवालाहरू बीच आधारभूत समझदारी रहेको पाइन्छ । रेडप्लस परियोजनाका सञ्चालक वा नीति निर्मातालाई एफपिआइसी सम्बन्धी समुदायको अधिकार सुनिश्चित गर्न प्रभावित समुदायसँगै आवाज उठाउन मद्दत गर्नका लागि यस प्रकाशनले दिशानिर्देश गर्दछ । यसले समुदायमा एफपिआइसीका लागि आवश्यक पर्ने दरिलो प्रक्रियाका आवश्यक तत्त्वहरूको पहिचान गर्न र अरू विवादित विषय र अनिश्चितताका सम्बन्धमा प्रकाश पार्न प्रयास गर्दछ । यस प्रकाशनले अन्तर्राष्ट्रिय प्रक्रियाद्वारा निर्धारण हुने रेडप्लसमा एफपिआइसीका स्वतस्फूर्त वा बाध्यात्मक नियमहरू पालना गर्न समेत पाठकहरूलाई सहयोग गर्दछ ।

रेडप्लस धेरैजसो दुर्गम क्षेत्रका जंगलहरूमा आश्रित समुदाय र वन संरक्षणसंग सम्बन्धित नीति वा कार्यक्रमबाट प्रभावित व्यक्तिहरूसँग बढी सरोकार राख्दछ । त्यस्ता व्यक्तिहरू निरक्षर वा अर्ध साक्षर तथा सञ्चारको मूल धारसम्म न्यूनतम पहुँच पनि नपुगेका वा सूचनाका अरू साधनबाट वञ्चित भएका हुन सक्दछन् । त्यस्ता व्यक्तिहरूको पहुँच साधन र स्रोतसम्म पु¥याउन मध्यस्थकर्ताहरूको आवश्यकता पर्दछ ।

देशहरू अनुसारका अलग अलग कार्ययोजना हालसम्म उपलब्ध नभएका अवस्थामा पनि खानीहरू, बाँधहरू र तेलयुक्त स्थानहरूको खोजी, प्रशोधन र उत्खनन जस्ता ठूला आयोजनाहरूमा भने आपसी वार्ता र सहमतिका धेरै उदाहरणहरू पाइन्छन् । ती कार्यक्रमहरू रेडप्लसभन्दा नितान्त फरक भएतापनि एफपिआइसीको अधिकारबारे बुझ्न सजिलो होस भनेर यहाँ ती प्रक्रियाहरुलाई स्थानीय रूपमा सुहाउँदा प्रक्रियाका उदाहरणका रूपमा प्रस्तुत गरिएका छन् ।

रेडप्लस कार्यक्रम तिव्र विकासको क्रममा रहेको र यस सम्बन्धी नयाँ नयाँ अन्तर्राष्ट्रिय र राष्ट्रिय मापदण्ड एवम् वित्तीय कार्ययोजनाहरू बनिरहेकाले गर्दा एफपिआइसी सम्बन्धी अधिकारलाई सम्बोधन गरिने कुरामा फरक पर्न सक्दछ । सामाजिक र आर्थिक सुरक्षा कवच सँग सँगै स्थानीय समुदायहरूसँग सहमति स्वतन्त्र रुपमा खोजिएको वा पाइएको हो कि होइन भन्नेबारे प्रमाणित हुने खालका जानकारी राख्नु अत्यावश्यक पर्दछ । तसर्थ आदिबासी जनताको र स्थानीय समुदायको एफपिआइसीको अधिकार सुनिश्चित गर्नका खातिर सक्रिय सबै कार्यकर्ताले अर्थपूर्ण र प्रमाणित गर्न सकिने खालका सबै प्रक्रिया बुझ्न र आत्मसात् गर्न सक्नुपर्दछ ।

जलवायु परिवर्तन न्यूनीकरणमा एफपिआइसीको महत्त्वबारे अझै अन्तर्राष्ट्रियस्तरमै छलफल भइरहेकाले रेडप्लस परियोजना सञ्चालकहरूले सामाजिक र वातावरणीय असर पहिल्याउन त्यस्ता  छलफलहरूमा संलग्न हुनुपर्ने हुन्छ । यसले गर्दा सबै सरोकारवालाहरूको आवश्यकतालाई सम्बोधन गर्न सक्ने र प्रभावकारी सम्झौतामा पुग्न सकिने खालका कार्यपद्धति अपनाउन योगदान पुऱ्याउन सक्दछ ।

# रेडप्लस र एफपिआइसीको महत्व



# रेडप्लस र एफपिआइसीको महत्व

रेडप्लसको आधारभूत सिद्दान्त नितान्त सरल छ। विभिन्न राष्ट्रहरूलाई आफ्नो देशको वनजङ्गल संरक्षण र व्यवस्थापनमा ल्याएको सुधारका लागि कार्बन संचितिलाई आधार मान्दै प्रोत्साहन स्वरूप रकम प्रदान गर्दै जानु नै यसको मुख्य सिद्वान्त हो । तर यसका व्यावहारिक पक्षहरू भने जटिल छन् ।[१] रेडप्लसका न्यायिक एवम् नीतिगत व्यवस्थाबारेका वार्ताहरू जारी नै रहेका छन् । विश्वमा हरितगृह ग्याँस उत्सर्जन कटौती सम्बन्धी समझदारी बन्न अझ केही समय लागे पनि कतिपय राष्ट्रहरूमा रेडप्लस तयारी कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन समेत भैरहेका छन् । यस्ता किसिमका गर्दै सिक्ने अवधारणा भएका कामहरूमा आदिबासी जनजाति र स्थानीय समुदायको अधिकारमा भने नकारात्मक असर पर्नसक्ने जोखिम रहन्छ ।

कार्बनको क्षेत्रमा काम गर्ने वनका परियोजनाहरूले हाल वन विनास तथा वन क्षयीकरणबाट भएको हरित गृह ग्याँस उत्सर्जनको एउटा आधाररेखा तय गर्नुपर्दछ। परियोजनाहरूले भुक्तानी पाउनका लागि वनविनासको कमी भएको वा बढी कार्बन सञ्चय भएको यकिन गर्नु पर्दछ । बिना परियोजनाको अवस्थामा हुने उत्सर्जन र परियोजना लागू भएपछि हुने उत्सर्जन बिचको भिन्नतालाई परियोजनाको कारणले ल्याएको ‘अतिरिक्तता’ भनिन्छ ।

अतिरिक्तता प्राप्त गर्न हाल भैरहेको वा नियोजित वन उपभोगमा परिवर्तन ल्याउनुपर्दछ जसले गर्दा वन उपभोक्ता, आदिबासी जनजाति र स्थानीय समुदायमा समेत वृहत् असर पर्न सक्दछ । यस्ता परिवर्तनले परम्परागत व्यवहारहरू जस्तैः खोरिया फँडानी गर्ने, डढेलो लगाएर सिकार गर्ने, काठदाउराको प्रयोग र बिक्री वितरणका लागि वनफँडानी गर्ने जस्ता क्रियाकलापहरू माथि असर पुग्दछ। तसर्थ रेडप्लस नीति निर्माणहरू, परिक्षण परियोजनाहरू र प्रदर्शन क्षेत्रहरूले एशिया प्रशान्त क्षेत्रका वनमा आश्रित करोडौं जनतालाई प्रत्यक्ष प्रभाव पारेको देखिन्छ । यसले स्थानीय उपभोक्ताको क्षमता र जीवनस्तर सुधार्न, सम्बर्द्धन गर्न, आम्दानी बढाउन मात्र नभई सामाजिक संरचना, संस्कृति र पहिचान जोगाउने काममा पनि असर गरेको पाइन्छ । त्यसैले रेडप्लस परियोजनाको निर्माण र कार्यान्वयनमा यी समुदायहरूको आवश्यकता, अधिकार र चाहनाको पहिचान गरी तिनलाई सम्बोधन गर्न जरूरी छ ।

---

[१] Parker, C. *et al*. 2009. The Little REDD+ Book: An Updated Guide to Governemental and Non-governmental Proposals for Reducing Emissions from Deforestation and Degradation, Oxford, UK. Available at: www.globalcanopy.org

रेडप्लसको आगमनले हालसम्म वन क्षेत्रमा ध्यान नदिइएका एफपिआइसीका सिद्धान्तलाई प्रष्ट्याउन र वन क्षेत्रमा यसको उपयोगको महत्त्वलाई सम्मान गर्न सहयोग गरेको छ । परियोजनाका सञ्चालकहरूले सरकारी र गैरसरकारी संस्थाहरूमार्फत आदिबासी जनजाति र स्थानीय समुदायलाई समावेश गर्ने गरी छलफल र संलग्नताको औपचारिकता निभाइरहेका छन् । यस व्यावहारिक पद्धतिलाई निम्न कारणले गर्दा अपनाइएको पाइन्छ ।

- स्थानीयस्तरमा प्रभावकारीरूपमा छलफल चलाउनका लागि जटिलता तथा कठिनाइ आइपर्न सक्ने, समय तथा खर्च लाग्न सक्ने ।
- आदिबासी जनजाति तथा स्थानीय समुदायलाई आफ्नो सहभागिताको अधिकारबारे अनभिज्ञता ।
- परियोजनाका सञ्चालकहरूलाई सहमतिको खोजी गर्नुपर्ने बाध्यात्मक व्यवस्थाहरूबारे ज्ञानको अभाव ।
- दिगो सहमति र मञ्जुरी ल्याउनका लागि कस्ता प्रकारका छलफल चलाउनु पर्दछ भन्ने अनिश्चितता ।

युएन रेड कार्यक्रम यस परिप्रेक्ष्यमा नौलो र उल्लेख्य कार्यक्रम मानिन्छ ।[२] रेडप्लसको परिवेशमा भने एफपिआइसीका केही चुनौतिहरू अवश्य छन् । भर्खरै विकास हुँदै गरेको तथा स्पष्ट भइनसकेको रेडप्लसको प्रकृति र दायरा तथा सोबारे आवश्यक जानकारी नभएका कर्मचारीहरूबाट जनतालाई सुसूचित गर्ने जस्ता कार्यहरू यसका चुनौतीका रूपमा रहेका छन् ।

विभिन्न कारणले गर्दा वनमा आश्रित समुदायसँग रेडप्लस कार्यक्रमको अन्तरक्रियालाई आर्थिक क्षतिपूर्तिसँग मात्र सिमित राख्न सकिन्न । रेडप्लसका योजनाहरू प्रचलित प्राकृतिक स्रोतका योजनाभन्दा फरक छन् किनकी यसका प्रतिफलका रूपमा रहेको कार्बन क्रेडिट अप्रत्यक्ष हुनाको साथै धेरैको जानकारीमा आएको छैन् । वन कार्बन क्रेडिटको मूल्य, मापदण्ड र बजारको स्थायित्त्वकाबारेमा हालसम्म धेरै कुरा थाहा भएको छैन । यसैबिच यस सम्बन्धी निति तथा नियमहरू अन्तर्राष्ट्रिय, राष्ट्रिय र देश भित्रै पनि एकै साथ विकासका क्रममा छन् । धेरैजसो वन सम्पदा पहिले नै स्थानिय जनताको स्वामित्त्व तथा प्रयोगमा आइरहेकाले वन कार्बन क्रेडिटले वन पैदवारको व्यापारसँग अन्तर्क्रिया गरी हाल कायम रहेको वनको स्वामित्त्व र प्रयोगको अधिकारमा समेत असर पार्दछ । अझै आलोचनात्मकरूपमा भन्नुपर्दा रेडप्लस परिक्षणका कामहरू ग्रामीण विकास र संरक्षणका पूर्व अनुभवका आधारमा गरिए पनि रेडप्लसको कार्यान्वयनले वन क्षेत्रका सरोकारवालाहरूमा द्विविधा र अनिश्चितता थपिदिएको पाइन्छ ।

वन र त्यसभित्र रहेको कार्बन माथिको स्वामित्त्वको प्रश्नले रेडप्लसका योजनाहरूमा अझ जटिलता थपिदिएको छ । रेडप्लसले स्वामित्त्वको सुरक्षा खोज्ने हुनाले वनको स्वामित्त्वकाबारेमा पुनः सोच्नुपर्ने भएको छ । वन स्वामित्त्वको सुरक्षा दक्षिणपूर्वी एशियाका सरकार र आदिबासी जनजाति तथा स्थानीय समुदायबिच अझै पनि विवादित विषय छ । सरकारले रेडप्लस मार्फत

२ UN-REDD is currently developing a trial process to seek village-level consent to the idea of a national REDD+ program in Indonesia and Vietnam

वनबाट आर्थिक फाइदा लिन खोजेपनि उसलाई कसरी अघि बढ्नु पर्दछ भन्ने प्रष्टता छैन । के उनीहरूले अन्तर्राष्ट्रिय कानून अनुसार आदिबासी जनजाति तथा स्थानीय समुदायको अधिकारको सम्मान गर्दै यी बिवादको समाधान गर्न प्रयास गर्दछन्? के सरकारले जमिन वा त्यसमा रहेको कार्बनको स्वामित्व सरकारमा ल्याउन प्रयास गर्न सक्दछन्? यदि उनिहरूले त्यसो गरे भने वनमा स्थानीय समुदायको पहुँचमाथि नियन्त्रण हुनाका साथै रेडप्लसको दीर्घकालीन फाइदामा कमी हुनाको साथै समुदायको जलवायु परिवर्तनका असरसँग जुध्न सक्ने क्षमतामा दिर्घकालीन प्रभाव पर्न सक्दछ ।

## स्वामित्वको सुरक्षा र रेडप्लसका बारेमा कानुन विज्ञहरू के भन्छन् ?

"केही राष्ट्रहरू आदिबासी समुदायलाई यस प्रक्रियामा समावेश गर्न सिधै करार गर्नका लागि आवश्यक औजारहरूको प्रयोग गर्दछन् । ....... स्थायी कानुनी आधार प्रदान गर्नका लागि ..... सबैभन्दा पहिले समुदायको स्वामित्वको चाहनालाई मान्यता दिने सुनिश्चितता त्यस देशमा हुनुपर्दछ । यसले सुनुवाइको अधिकार, सम्पत्ती माथिको परम्परागत अधिकारका साथै अरू क्षेत्रहरूलाई पनि न्यायिक प्रत्याभूति दिलाउन सक्नुपर्दछ ।"

स्रोतः Baker and McKenzie; Covington and Burling LLP. 2009. *Background Analysis of REDD Regulatory Frameworks.* Report prepared for the Terrestrial Carbon Group and UN-REDD. Available at: www.terrestrialcarbon.org

अन्तर्राष्ट्रिय महासन्धिहरू, राष्ट्रियस्तरका नीतिनियम र स्वयम्सेवी औद्योगिक मापदण्ड अनुरूप रेडप्लसबाट प्रभावित समुदायमा विभिन्न अधिकारहरू प्रत्यायोजित गरिएको हुन्छ । त्यस्ता अधिकारहरूमा फिल्ड क्रियाकलाप गर्न दिने कि नदिने भन्ने सम्बन्धी निर्णय लिने वा रेडप्लस परियोजनाका व्यवस्थापकीय वा नीतिगत परिवर्तनहरूलाई मनन गरी सो लागु गर्न दिने वा नदिने अधिकार हुन्छ । एफपिआइसीको अधिकारका लागि सरकार तथा परियोजना सञ्चालकले रेडप्लसको कार्यान्वयनले प्रभावित समुदायका अधिकारले पूर्ण स्थान पाएको कुरा दर्शाउनु जरूरी हुन्छ । वृक्षारोपण जस्ता केही कार्बन अफसेट परियोजनाले सृजना गरेका नकारात्मक सामाजिक असरका कारण पनि एफपिआइसी विभिन्न आदिबासी जनजाति तथा स्थानीय समुदायको मागको कोसे ढुङ्गा सावित हुन सक्दछ । यसमा खासगरी आदिबासी जनजातिको जमिन माथिको हकलाई राष्ट्रियस्तरमै पहिचान गरिएको छ वा छैन भन्ने कुरा महत्त्वपूर्ण हुन आउँदछ । त्यस्तै द्विविधा र विवाद रहेकै कारणले अन्तर्राष्ट्रिय अदालतहरूले अहिले भने आदिबासी जनताको एफपिआइसीको अधिकारको सम्मान गरेको प्रमाण प्रस्तुत गर्नुपर्ने नियम बनाएका छन् ।[३]

रेडप्लस परियोजना तथा नीतिहरूले ग्रामीण समुदायमा फाइदा पुऱ्याउने देखिए तापनि यसले विभिन्न आदिबासी जनजाति एवम् स्थानीय समुदायलाई केही जोखिम बढाउन सक्ने तथ्य पनि पत्ता लगाइएका छन् । केही त्यस्ता जोखिमहरू तल उल्लेख गरिएका छन् ।

- भूमिसम्बन्धी परम्परागत अधिकारको उल्लङ्घन हुन सक्ने र चित्त नबुझ्ने खालका नियम तथा पद्धतिहरू पालना गर्नुपर्ने हुनसक्दछ । यसले जीविकोपार्जन र आम्दानीका लागि वन क्षेत्रमा आश्रित समुदायको वन माथीको पहुँच गुम्न सक्ने, भू–उपयोगमा विवाद बढ्न सक्ने तथा वन क्षेत्रहरूबाट भौतिक रूपमा स्थानीय समुदायको बिस्थापन समेत हुनसक्ने हुन्छ ।

३ Weitzner, V. 2009. *Bucking the Wild West- Making Free, Prior and Informed Consent Work*, speaking notes fo Free, Prior and Informed Consent Panel, Prospector and Developer's Assocaition of Canada annual convention, p3. Available at: www.nsi-ins.ca

- नयाँ रूपबाट भू–उपयोग वर्गीकरण गर्दा स्थानीय समुदायहरू पाखा लाग्न सक्ने हुन्छ । सरकारले कार्बनबाट प्राप्त आम्दानीलाई राज्यको बनाउन स्थानीय समुदायमा रहेको वन व्यवस्थापनको जिम्मेवारी फिर्ता लिने तथा वन व्यवस्थापनलाई केन्द्रीकृत गर्ने जस्ता कार्य गर्न सक्दछ ।
- वन व्यवस्थापनको अधिकार तथा स्वामित्त्व सम्बन्धी अधिकारबाट कार्बनको अधिकारलाई अलग्याउने प्रयास  भई वन कार्बन परियोजना व्यवस्थापनबाट समुदायलाई प्राप्त हुनुपर्ने लाभ कम हुन सक्दछ ।
- वन तथा वन कार्बनको स्वामित्व नहुनु, सूचनाको पहुँचमा कमी हुनु तथा परियोजना कार्यान्वयन तथा प्रशासनिक खर्च बढी हुनुले रेडप्लस लगायतका पर्यावरणीय सेवा भुक्तानीका योजनाहरूमा सहभागी हुने क्षमतामा कमी हुन सक्दछ ।
- समुदायलाई हानी हुने कार्बन सम्झौताहरू हुन सक्दछन् । यस प्रकारका सम्झौताहरूले समुदायलाई थाहै नपाउने किसिमले भूमि  उपयोगको अधिकारबाट अलग्याउनुका साथै वन विनासको दायित्त्व लिन बाध्य पार्न सक्दछन् । यसका साथै जमिनको प्रयोगबाट अलग भएवापत समुदायले प्राप्त गर्नुपर्ने जति फाइदा र अवसर प्राप्त गर्न नसक्ने हुनसक्दछ ।
- वन सुशासन प्रणाली सशक्त नभएको अवस्थामा रेडप्लसबाट प्राप्त गर्ने आशा गरिएको फाइदा समुदायभित्र वा बाहिरका निश्चित हुने खाने वर्गले आफ्नो कब्जामा पार्न सक्ने चुनौती छ ।
- स्थानीयस्तरमा खाद्य उत्पादन घट्न गई खाद्य सुरक्षाको जोखिम बढ्न जाने र गरिबी अझ बढ्न सक्ने जोखिम रहेको छ ।[४]

कानुनी व्यवस्थाका अतिरिक्त व्यावहारिक पक्षका कारण पनि रेडप्लस परियोजनाका सञ्चालकहरूले एफपिआइसीको अधिकारको सम्मान गर्नुपर्ने देखिन्छ । आदिबासी र स्थानीय जनताले रेडप्लस परियोजनाको सफलता निर्धारणमा ठूलो भूमिका खेल्छन् । उनीहरू परियोजनाका नीति तथा क्रियाकलापहरू कार्यान्वयनमा महत्त्वपूर्ण मानिन्छन् । त्यसैले कार्बनको उत्सर्जनमा ह्रास भएको नतिजा निकाल्नका लागि उनीहरूको भूमिका अत्यावश्यक छ । वनमा आधारित कार्बन क्रेडिटका लगानिकर्ताहरूका तर्फबाट तोकिएका प्रमाणीकरण निकायहरूले सामाजिक मापदण्ड तथा बचाउका उचित उपायहरूको पालना गरे नगरेका कुरा मूल्याङ्कन गर्नका लागि पनि ती समुदायहरू महत्त्वपूर्ण हुन्छन् । ती मूल्याङ्कनहरूले प्राप्त कार्बन क्रेडिटहरूको वैधता र महत्त्व निश्चित गर्दछन् । पद्धतीय त्रुटिका कारण सहमति कायम हुन नसकेर ठूला तथा संरक्षीत क्षेत्रका परियोजनाहरू असफल भएका कैयौं उदाहरणहरू हामीसँग छन् ।[५] परियोजना विकास क्रममा समुदायहरूलाई दिनुपर्ने जानकारी नदिइकन तथा उनीहरूको सहमतिका लागि समय नै नदिई हतार हतारमा गरिने प्रक्रियाहरूले बुझाइमा भिन्नता ल्याएको छ भने क्षमता विकासमा आवश्यक स्रोतको कमि हुनु तथा स्थानीय समुदायको संलग्नता तथा सामाजीक सुरक्षा सुनिश्चित गर्न ती समुदायलाई आश्वस्त पार्न नसक्नु आदिले गर्दा त्यस्ता परियोजनाहरू असफल हुने गरेका छन् ।

---

[४] Lawlor, K. and D. Huberman. 2009. Reduced Emissions from Deforestation and Forest Degradation (REDD) and Human Rights. Chapter 12 in *Rights-based Approaches: Exploring Issues and Opportunities for Conservation*. Edited by J. Campese et al. IUCN and CIFOR, Bogor, Indonesia: 271. Available at:www.cgiar.cifor.org

[५] Brandon, K., and M. Wells. 2009. Lessons for REDD+ from Protected Areas and Integrated Conservation and Development Projects. Chapter 19 in *Realising REDD+: National Strategy and Policy Options*. Edited by A. Angelsen. CIFOR, Bogor, Indonesia. Available at: www.cgiar.cifor.org

## सहमति नलिँदाको व्यावसायिक मूल्य

कुनै परियोजनामा स्थानीय समुदायको सहमति लिइएन भने के हुन्छ भन्ने कुराको उत्कृष्ट उदाहरण पेरूको न्यूमन्ट यानाकोचा खानी हो । समुदायको विरोधका कारण बेलैमा परियोजना शुरू हुन नसक्दा न्यूमण्टलाई करिव १.६९ विलियन यु.यस.डलर घाटा भयो । यसका साथै उक्त कम्पनीले २.२३ विलियन यु.यस.डलरको क्विलिस खानी खोल्ने योजना समेत बन्द गर्नुपरेको थियो । फलस्वरूप कम्पनीले सरकारसँग क्विलिस खानी खोल्ने स्वीकृति फिर्तालिन समेत माग गरेको थियो । यस भोगाइले न्यूमन्टलाई घानाको एक्याम खानीमा सहभागितामूलक रूपले कार्यक्रम बनाई अगाडि बढ्नका लागि भने राम्रो पाठ सिकायो । अहिले यो कम्पनी सरोकारवालाहरूको व्यापक सहभागिता जुटाउने कार्यमा लागेको छ । दक्षिणपूर्वी एसियामा पनि धेरै ठूला विकास निर्माण र पूर्वाधारका परियोजनाहरू समुदाय परिचालन नगरिएका कारण ढिला वा बन्द भएका उदाहरणहरू प्रशस्तै पाइन्छन् । थाइल्याण्ड, लाओस र क्याम्बोडियामा समुदायले आफ्नो स्थानीय अर्थतन्त्र र जनजीवनमा असर पर्ने देखेपछि चुनौति दिँदै कतिपय परियोजनाहरू ढिला गराइदिए भने कतिपयमा परियोजनाको स्वरूपमा नै परिवर्तन ल्याइदिए ।

स्रोतः Lehr, A., and G. Smith. 2010. *Implementing a Corporate Free, Prior and Informed Consent Policy.* Foley Hoag LLB, Boston and Washington, DC. Available at: www.foleyhoag.com

एफपिआइसीको अधिकारको सम्मानलाई कुनै कार्यगरे पश्चात् कार्य सकियो भनि ठिक चिन्ह लगाउने कार्यमा मात्र सिमित गर्न सकिन्न । आदिबासी जनजाति तथा स्थानीय समुदायलाई असर गर्नसक्ने कुनै विकासका काममा सहमतिमा जाने वा नजाने अधिकार उनीहरूको आफ्नै आत्मनिर्णयको अधिकारसँग गाँसिएको हुन्छ । यसमा उनीहरूलाई कस्तो खालको छलफलमा जाने र सहमति गर्ने या नगर्ने भन्ने कुराको निर्णय गर्ने अधिकार हुन्छ । तसर्थ एफपिआइसीको अधिकारको सम्मानको पहिलो पाइला भन्नु नै सहमतिको समग्र प्रक्रिया कसरी अघि बढाउने भन्नेबारे सम्बन्धित समुदायसँग सम्झौता गर्नु हो । आदिबासी जनजाति र स्थानीय समुदायका आ–आफ्ना इतिहास, संस्था र स्रोत व्यवस्थापनका तरिकाहरू हुने हुनाले उनीहरूले सहमति जनाउने पद्धति पनि फरक फरक हुनसक्दछन् ।

एफपिआइसी अधिकार हो । समुदायले एकपटक सहमतिमा हस्ताक्षर गर्नासाथ यो सम्पन्न हुँदैन । आदिबासी जनजाति र स्थानीय समुदायलाई आफ्नो क्षेत्रको मालिक र व्यवस्थापक बनाउने अधिकारको सम्मान गर्दै एफपिआइसीले विकासको नीति निर्माण र कार्यान्वयनका हरेक पाइलामा उनीहरूको आवाजलाई सुनिने व्यवस्थालाई सुनिश्चित गर्दछ । एफपिआईसीलाई परियोजना निर्माताले विभिन्न तहहरूमा समुदायसँगको छलफलको प्रक्रियाबाट सहमति जुटाउने क्रममा एउटा अधिकारको रूपमा बुझ्नु जरूरी छ ।

## एफपिआइसी बिनाको कार्बन फरेष्ट्रि: इक्वेडरको एण्डिज पहाडको उदाहरण

इक्वेडरको उच्च पहाडहरूमा एफपिआइसी बिनाको कार्बन अफसेट वृक्षरोपण परियोजनाहरूले विश्वासका साथ सहभागी भएका आदिबासी जनजाति र स्थानीय समुदायमा सामाजिक, आर्थिक र जीविकोपार्जनमा नकारात्मक असरको बाढी नै ल्याइदियो । परियोजना चक्रमा सहभागी भएका थुप्रै बर्ष भइसक्दा पनि समुदायहरू तल उल्लेखित गुनासाहरू गरिरहेका छन् ।

- उनीहरूलाई कार्बन फरेष्ट्रि कम्पनीले प्रतिहेक्टर कति भुक्तानी दिन्छ भन्ने जानकारी दिइएन ।
- उनीहरूलाई परियोजनाका कारण हुने सामाजिक र आर्थिक जोखिम, सम्भावित लागत र कानूनी जिम्मेवारीहरूका बारेमा जानकारी दिइएन ।
- उनीहरूलाई प्रमाणित कार्बन क्रेडिटको उद्देश्य र तर्क तथा यसबाट कसरी आम्दानी हुन्छ भन्नेबारे सल्लाह दिइएन ।
- समुदायका सदस्य वा अगुवाहरूलाई लामो समयको लागि गरिएको सहमतिमा हस्ताक्षर गर्नुअघि दण्डसजायँ सम्बन्धी नियमहरूका बारेमा थाहा दिइएन ।
- एफपीआइसीका प्रावधानहरूको अपव्याख्याका कारण उनिहरूले अनावश्यक दुःख पाउनु परेको छ ।
- परियोजना सञ्चालन गर्नका लागि जग्गा दिएपछि सामुहिक चरणका लागि जग्गा उपलब्ध नहुँदा आर्थिक बिस्थापनको शिकार बन्नु परेको छ ।
- सहमतिमा लेखिए बमोजिम प्राविधिक काम गर्ने बाहिरी विशेषज्ञलाई तिर्न ठूलो रकम खर्च गर्नुपरेको छ ।
- समयमै र सहमति अनुरूप काम सम्पन्न गरे पनि रकम भूक्तानीमा ढिलाइ भोग्नुपरेको छ ।
- धेरैजसो अवस्थामा बाचा गरेअनुसार आम्दानी र रोजगार पाउन सकेका छैनन् ।
- कतिपय अवस्थामा त सहमति अनुरूप क्षतिपूर्ति तिर्नुपर्दा वा दण्ड सजायँ भोग्नुपर्दा आर्थिक अवस्था अझ कमजोर बनेको वा ऋणमा समेत डुबेका उदाहरणहरू छन् (विशेष गरी वनजङ्गलमा दुर्घटनावस डढेलो लागेमा) ।
- दण्ड सजायँ लगायत ठूलो जरिवाना समेत तिर्न लगाइएको छ ।
- गणितीय त्रुटिका कारण भएका केही कारोबारका क्षतिपूर्तिका कारण पनि उनीहरूलाई घाटा भएको छ ।
- हाल आएर भोग्नुपरेका अप्रत्याशित नतिजाहरू (जस्तैः बिउ उम्रन नसक्नु) का सम्पूर्ण खर्च आफैंले व्यहोर्नु परेको छ ।
- कुनै एक अवस्थामा त सहमति गरिएका वन सम्बन्धी कार्यक्रम गर्न असम्भव भए उनीहरूको पुर्ख्यौली जमीन हडप्न पनि सकिने (गलत) धम्की समेत दिइएको थियो ।
- कम्पनीको खर्च र लेखा सम्बन्धी सोधिएका प्रश्नहरू र उजुरीहरूको कम्पनीका अधिकृतहरूले वेवास्ता समेत गरेका थिए ।

स्रोतः Granda, P. 2005. *Carbon Sink Plantations in the Ecuadorian Andes: Impacts of the Dutch FACE-PROFAFOR Monoculture Tree Plantations' Project on Indigenous and Peasant Communities*. WARM Series on Tree Plantations No.1. WARM, Montevideo. Available at: www.wrm.org.uy

# शीघ्र

# सन्दर्भ निर्देशिका



# शीघ्र सन्दर्भ निर्देशिका

यस भागमा एफपिआइसी सम्बन्धी अधिकारको छोटो जानकारी, यसको उत्पत्ति तथा विकासक्रम, कानुनी संरचना तथा ढाँचा र यसलाई प्राप्त गर्ने आधारभूत प्रक्रियालाई प्रश्नोत्तरको माध्यमबाट प्रस्तुत गरिएको छ ।

## स्वतन्त्र अग्रिम सुसूचित सहमति भनेको के हो ?

स्वतन्त्र, अग्रिम, सुसूचित तथा सहमति जस्ता एक आपसमा अन्तर्सम्बन्धित तत्त्वहरूको सम्मिश्रणले एफपिआइसीको साझा बुझाइमा चुनौती थपेका छन् । एफपिआइसीले प्रक्रिया र परिणाम दुबैलाई एकै ठाउँमा समायोजन गर्दै कुनै निश्चित समयमा प्रस्तावित कार्यक्रमको लागी आवश्यक कुरा गर्नुपर्ने हुनाले पनि यो अझै चुनौतीपूर्ण बनेको छ ।

एफपिआइसीका हरेक आधारभूत तत्त्वहरू भित्र छिर्नुअघि यो के होइन भन्ने कुरा प्रस्ट हुनु आवश्यक हुन्छ । एफपिआइसी सहभागितामूलक सकृयता होइन; यो केवल छलफलमात्र पनि होइन नत यो परामर्श नै हो । यी तत्त्वहरू त एफपिआइसी प्राप्त गर्न सकिने माध्यम मात्र हुन् ।

समुदायले आफ्नो जीविकोपार्जन र भलाइमा असर पार्नसक्ने बाह्य रूपमा थोपरिएका योजना, नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्नु अघि त्यसका प्रक्रिया र प्रतिफलबारे छलफल गरी आफ्ना आधारभूत अधिकारहरू अभ्यास गर्न तथा उक्त परियोजना कार्यन्वयन गर्न वा नगर्नका लागी निर्णय गर्न शर्तहरू खडा गर्ने कार्यका रुपमा एफपिआइसीलाई लिन सकिन्छ ।

त्यसैले एफपिआइसीको अधिकारलाई कुनै पनि सक्रिय सहमतीय प्रक्रियाको थप अङ्गका रूपमा अथवा स्वस्थ सामाजिक सहभागिताको रणनीतिको बिस्तारित अवस्थाका रूपमा लिन सकिन्छ । परिवर्तनको प्रक्रिया जति धेरै सहभागितामूलक हुन्छ, समुदायसँग त्यति नै छिटो र थोरै मेहनतले पनि सहमति निर्माण गर्न सकिन्छ किनभने समुदायले कुनै पनि परिवर्तनको प्रक्रिया र प्रतिफलको पहिले नै पहिचान गरिसकेका हुन्छन् ।

संयुक्त राष्ट्र संघको आदिबासी समुदायका सवालहरू हेर्ने स्थायी समिति (UNPFII) ले सन् २००५ को आफ्नो चौथो बैठकमा जारी गरेको अभिलेखलाई नै एफपिआइसीको सारका रूपमा बुझिन्छ ।

एफपिआइसी सम्बन्धी अन्य लेखहरू पनि मूलतः यसमै आधारित रहेर विषयवस्तुलाई हरेक तत्त्वहरूमा बाँडेर आ–आफ्नै दृष्टिकोण अनुसार लेखिएका हुन्छन् । समझदारीमा सहयोग गर्न र सहमतिमा आउन चाहिने समय सिमा नै सबै तत्त्वहरूमा आउने मुख्य विषय हुन्छ । यस अन्तर्गतका अन्य महत्त्वपूर्ण पक्षहरूमा समुदायका व्यक्तिलाई दबावबिना स्वतन्त्र रूपमा कार्यक्रमबारे जानकारी गराउनु र कार्यक्रम शुरूवातको प्रशस्त समय अगाडि नै उनीहरूले के कुरामा सहमति जनाउँदै छन् भन्नेबारेमा राम्रो जानकारी गराउनुका साथै ती कुराहरूलाई उनीहरूले राम्ररी बुझेको हुनुपर्दछ ।

### एफपिआइसीका आधारभूत तत्त्वहरू

**स्वतन्त्रः** यस शब्दले कुनै पनि दवाव रहित, त्रासविहीन र कुनै अनावश्यक परिमार्जन बिना भन्ने जनाउँछ ।

**अग्रिमः** यस शब्दले कुनै कार्यक्रमको शुरूवात हुनुभन्दा पहिले नै सहमति जुटाउन आदिबासीसँगको छलफलका लागि प्रशस्त समय दिइएको भन्ने जनाउँछ ।

**सुसूचितः** यस शब्दले जानकारी दिइएको भन्ने जनाउँछ जसमा देहायका न्यूनतम पक्षहरूलाई समेट्नु पर्ने हुन्छ ।

- प्रस्तावित कार्यक्रम वा परियोजनाको किसिम, आकार, दायरा, गति र परियोजना उल्टाउन सकिने सम्भावना,
- परियोजना वा कार्यक्रमको कारण र उद्देश्य,
- परियोजना वा कार्यक्रमको समयावधि,
- परियोजनाका कार्यक्रमबाट प्रभावित स्थानीय क्षेत्र,
- आर्थिक, सामाजिक, सांस्कृतिक र वातावरणीय असरहरू बारेको प्रारम्भिक अध्ययन र त्यसबाट पर्न सक्ने सम्भावित खतराको अध्ययन अनि सतर्कताको सिद्धान्त (Precautionary Principle) अनुरूप स्वतन्त्र र न्यायपूर्ण लाभांश वितरण ।
- कार्यक्रमको कार्यान्वयनमा संलग्न हुनसक्ने व्यक्तिहरू (आदिबासी जनजाति, नीजि क्षेत्र, अनुसन्धान संस्थाहरू, सरकारी कर्मचारी आदि)
- परियोजनाले लिन सक्ने प्रक्रिया (पद्धति)

**सहमतिः** छलफल, परामर्श र सहभागिता सहमतीय पद्धतिका अभिन्न भागहरू हुन् । सहमतिका लागि दुवै पक्षका बीच दृढ विश्वासको खाँचो पर्दछ । यी पक्षहरूले वार्ताका माध्यमले उचित समाधान खोज्न उनिहरूको असल नियत र पूर्ण तथा समानुपातिक प्रतिनिधित्वको खाँचो पर्दछ । परामर्शका लागि सरोकारवालाहरू बीच पर्याप्त समय र उचित सञ्चार माध्यमको खाँचो पर्दछ । आदिबासी जनजातिले आफ्नो सहभागिता स्वतन्त्र रूपले छानिएका/चुनिएका प्रतिनिधिहरू तथा आफ्ना परम्परागत तरिका मार्फत गर्न सक्दछन् । यस क्रममा लैङ्गिक समावेशीकरण खासगरी आदिबासी महिलाको सहभागिता पनि आवश्यक रहन्छ भने बालबालिका र युवाको सहभागिता उत्तिकै महत्त्वपूर्ण हुन्छ । यस प्रक्रियामा सहमतिमा नजाने अधिकार उत्तिकै महत्त्वपूर्ण हुन्छ । कुनैपनि सहमतिमा हस्ताक्षरले आदिबासीले उक्त कुरा राम्रोसँग बुझेका छन् भन्ने जनाउँदछ ।

स्रोतः UN Permanent Forum on Indigenous Issues (UNPII). 2005. *Report of the International Workshop on Methodologies Regarding Free Prior and Informed Consent and Indigenoues Peoples*. Document E/C.19/2005/3 submitted to the Fourth session of UNPII, 16-17 May. Available at www.un.org

## एफपिआइसीको अधिकारको शुरूवात कसरी भयो ?

आदिबासीको अधिकार स्थापित गर्ने सन्दर्भमा विकास भएको एफपिआइसी हाल आएर ऐतिहासिक तथा प्रथाजनिक किसिमले स्थापित सम्पूर्ण मानिसको भूमि र क्षेत्र सम्बन्धी अधिकारसँग सम्बन्धित भएको छ ।[६]

एफपिआइसीको आगमन आदिबासी जनजातिको राजनीतिक अधिकार विहीनताका कारण सरकार, राष्ट्रिय र अन्तर्राष्ट्रिय निकाय तथा निजी लगानीकर्ताले उनीहरूको हक भएको प्राकृतिक

[६] Colchester, M., and M. F. Ferrari. 2007. *Making FPIC- Free, Prior and Informed Consent- Work: Challlenges and Prospects for Indigenous Peoples*. Forest Peoples Programme, Moreton-in-Marsh, UK. Available at: www.forestpeoples.org

स्रोतमा बिनासहमति विविध निर्णयहरू कार्यान्वयन गरेका कारण भएको हो । नीतिगत रूपमा एफपिआइसीको अधिकारको सम्मान सामाजिक जीवनमा असर पर्ने हरेक परियोजना वा योजनाले गर्नुपर्ने हुन्छ तर व्यवहारमा भने यो मुख्यतः जमिन र प्राकृतिक स्रोत प्रयोग गर्ने आर्थिक क्षेत्रमा मात्र सीमित छ जस्तैः खानी, जङ्गल, वृक्षरोपण आदि । एफपिआइसीको अधिकारको चासो आदिबासी जनताको आत्मनिर्णयको अधिकार, भेदभावको इतिहास र उनीहरूको भूमिको पुर्ख्यौली स्वामित्वको प्रसङ्ग सँगै उठेको पाइन्छ ।

## रेडप्लसलाई एफपिआइसी किन चाहिन्छ ?

रेडप्लस परियोजना र कार्यक्रमले स्थानीय समर्थन पाउन आफ्नो जीविकोपार्जनका लागि त्यस क्षेत्रको वन उपभोग गर्ने आदिबासी जनजाति र स्थानीय समुदायहरूको अधिकारलाई मान्यता दिनुपर्दछ । यसो नगर्नाले उनीहरूको बर्षौंदेखि स्थापित जीविकोपार्जनका उपायहरू र स्रोतको पहुँचलाई असर पुग्न गई आपसमा मनमुटाव हुने वा परियोजनाबाट असमानुपातिक प्रतिफल निस्कने सम्भावना बढी हुन्छ । त्यसैले कसको कुन जमिनमा कति अधिकार छ भन्ने बुझ्नु समुदायको एफपिआइसीको अधिकार सुनिश्चित गर्ने शिलशिलामा महत्त्वपूर्ण कदम हो ।

हामीले यो पनि आत्मसात् गर्नुपर्दछ कि जमिन वा स्रोतमाथि स्वामित्व हुँदैमा ती स्रोतहरु उपयोग गर्ने अधिकारहरूको सम्मान हुन्छ भन्ने निश्चित हुँदैन । समुदायलाई गलत सूचना प्रदान गरेर वा सीमित व्यक्तिको नेतृत्त्वलाई उपयोग गर्दै परियोजना सञ्चालकहरूले जानाजान स्रोतको दुरूपयोग गर्न सक्दछन् । त्यसैले त्यस्ता अधिकारलाई एफपिआइसीको मर्म अनुसार सही अर्थमा व्यवहारमा लागू गर्न उपयुक्त र प्रभावकारी वातावरण बनाउनु जरुरी हुन्छ । अधिकार निश्चित गर्ने कानुनी आधारहरू र अधिकार रेखाङ्कनमा सरोकारवालाको व्यावहारिक संलग्नता कसरी गराउने भन्ने कुरा तल क्रमशः तत्त्व १ र ४ मा छलफल गरिएका छन् ।

रेडप्लस प्रक्रियामा एफपिआइसीको प्रयोग हुनुपर्ने प्रावधान राख्न उत्प्रेरित हुनुको एउटा कारण भनेको समुदाय वा वास्तविक अधिकारवालाहरूलाई रेडप्लस पद्धति, कार्यक्रम र नीतिमा हुनसक्ने असन्तुलन, राष्ट्रिय स्वार्थका नाममा सरकार वा परियोजना सञ्चालकहरूले गर्नसक्ने असुहाउँदो दावी र पार्नसक्ने असरहरूलाई कम गर्न सक्ने गरी भिटो प्रयोग गर्नसक्ने अधिकार प्रदान गर्नु हो । एफपिआइसीको अधिकारको सम्मानको प्रक्रियाले प्रत्यक्ष रूपमा प्रभावित समुदायको आवश्यकता र चाहनालाई ती समुदायकै स्वतन्त्र, अग्रिम सहमति बमोजिम नै सम्बोधन गरेको कुरा सुनिश्चित गर्नुपर्दछ । तर एफपिआइसीको परिवेशमा सहमति भन्नाले हरेक मानिसको व्यक्तिगत सहमति भन्ने जरूरी छैन । यस प्रक्रियामा सामुहिक सहमतिमा पुग्न वार्ताका प्रचलित प्रक्रियाहरूको प्रयोग तथा समुहको सोचाइ र बुझाईलाई मध्यनजर राख्दै अगाडि बढ्नु जरूरी छ । विभिन्न अन्तर्राष्ट्रिय कानुनहरू र एफपिआइसी अन्तर्गतका सामग्रीहरूको छलफल यसपछिको प्रथम भागमा गरिएको छ र एफपिआइसीको अधिकारको दायरा दोस्रो भागमा छलफल गरिएको छ ।

## परियोजनालाई एफपिआइसीको अधिकारको सम्मान कहिले चाहिन्छ ?

सहमति निरन्तर र सधैंका लागि सामाजिक विकासको अनुमति दिनका लागि एक पटक गरिने प्रक्रिया होइन । वास्तवमा यो त दोहोरिइरहने प्रक्रिया हो जसलाई आदिबासी जनजातिले जिवित सहमति मान्दछन् । यसका लागि परियोजनाका विभिन्न चरणहरूमा निरन्तर अनुगमन, पुनरावलोकन तथा योजना गरिएका काम गर्न पक्का गर्नु जरूरी पर्दछ । त्यस्तै सहमति नदिने निर्णयहरू पनि सँधैका लागि हुनुपर्दछ भन्ने जरूरी छैन । त्यस्ता निर्णयहरु अधिकारवालाहरूले आफूलाई असर पर्नसक्ने गरी परियोजनामा हुनेसक्ने कुनै परिवर्तनसँगै पुनरावलोकन गर्न सक्दछन् । उदाहरणका लागि समुदायहरूले कुनै परियोजनाका फाइदा र असरहरूबारे समग्र रूपमा बुझ्दै जाँदा त्यसमा सहमति जनाउने वा नजनाउनेबारे आफैंले निर्णय लिन सक्दछन् ।

### एफपिआइसीको अधिकारको सम्मान

एफपिआइसीलाई कुनै एक पटक भएपछि सम्पन्न हुने कार्य, हुन्छ वा हुँदैन भनी मत हाल्ने कार्य वा समुदायका कुनै निश्चित व्यक्ति वा समूहको भिटो पावरका रूपमा बुझ्नु हुँदैन । यो त आदिबासी जनजाति, स्थानीय समुदाय, सरकार र कम्पनीहरू कुनै फोरममा आपसी सहमतिमा आई प्रभावित समुदायलाई आवश्यक क्षतिपूर्ति दिई कार्यक्रमलाई अगाडि बढाउने र प्राप्त नतिजाले समुदायको उन्नतिमा अग्रसर गराउने कार्य हो भन्नेमा स्पष्ट हुनुपर्दछ । कम्पनीहरूले स्थानीय समुदायलाई आकर्षक कार्यक्रमहरू प्रस्तुत गर्दै उनीहरूसँग सहमति लिने र उक्त कार्यक्रमलाई बढी भन्दा बढी उपलब्धिपूर्ण बनाउने भन्ने कुरामा जोड दिनुपर्दछ । कार्यक्रम कसरी अगाडि बढाउने भन्नेबारे समेत समुदायसँग छलफल गरी परियोजनालाई अगाडि बढाउने हो भने समुदायले परियोजनाको सहज कार्यान्वयनका लागि सामाजिक अनुमति प्रदान गर्न सक्दछन् ।

स्रोतः Salim, E. 2003. *Striking a Better Balance: The Final Report of the Extractive Industries Review*. Extractive Industries Review, Jakarta and Washington DC. Available at:www.worldbank.org

## कस्ता कानुनी प्रावधानहरूले रेडप्लसलाई एफपिआइसी अधिकारको सम्मानमा लाग्न बाध्य गराएका छन् ?

एफपिआइसीको अवधारणा विकासकै क्रममा रहेको बेला विभिन्न अन्तर्राष्ट्रिय सम्मेलन र कानुनी प्रावधानहरूले यसलाई मान्यता प्रदान गरेका छन् । यिनीहरू प्रत्येकको अवस्थालाई आंशिक रूपमा तल प्रस्तुत गरिएको छ (विस्तृत विवरणका लागि अनुसूची १ मा हेर्नुहोला) ।

- **आदिबासी जनजाति समुदायको अधिकार सम्वन्धी संयुक्त राष्ट्र संघको घोषणापत्र (यूएनड्रिप)**: यसले एफपिआइसीको सबभन्दा विस्तृत र पूर्ण विवरण दिनुका साथै राज्यले स्पष्ट रुपमा आदिबासीको हक अधिकार सुनिश्चत गर्नुपर्ने प्रावधान गरेको छ । यसमा आदिबासीले परम्परागत रूपमा प्रयोग गर्दै आएको भूमिमाथि उनीहरूको स्वामित्त्व सम्बन्धी हक पनि समावेश छ ।
- **अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि (आइएलओ) नं १६९**: यसले आदिबासीको जमिन माथिको अधिकार सुनिश्चित गरेको छ र आफ्नो स्रोत र जिविकोपार्जनमा प्रत्यक्ष असर पार्ने निर्णयमा समुदायको संलग्नता गर्नु पर्ने कुराको सुनिश्चितता गरेको छ ।
- **जैविक विविधता सम्बन्धी महासन्धि (सिबिडी)**: यसले आदिबासी जनजाति तथा स्थानीय समुदायको परम्परागत ज्ञानलाई पूर्व अनुमति बिना प्रयोगमा रोक लगाउनुका साथै राष्ट्रिय सरकारले उनिहरूको र उनीहरूको संस्कृतिको संरक्षणमा जोड दिनुपर्ने कुरा उठाएको छ ।

- **जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र संघीय संरचना महासन्धि (यूएन्एफसीसीसी)**: यसले क्यानकुनमा भएको पक्ष राष्ट्रहरूको १६औं सम्मेलन मार्फत यूएनड्रिपका प्रावधानहरुलाई ध्यान दिन अनुसूची १ मा अधिकार सुरक्षाका सिद्धान्त राखेर स्थान दिएको छ । यस अनुसूचीले कुनै देशले रेडप्लस कार्यान्वयन गर्दा अपनाउनुपर्ने सुरक्षात्मक उपायहरूलाई संलग्न गरेको छ । यूएन्ड्रिपलाई संयुक्त राष्ट्रसंघको साधारण सभाले अनुमोदन गरिसकेको अवस्थामा एफपिआइसी सम्बन्धी प्रावधानहरू यूएन्ड्रिपमा मात्र नभएर रेडप्लससँग पनि उत्तिकै प्रभावकारी हुन्छन् भन्ने कुरा समेत प्रष्ट पारेको छ। तर यसका लागि एफपिआइसीको सम्मान त जरूरी छ नै यसका अलावा आदिबासी जनता र स्थानीय समुदायको पूर्ण अनि सकारात्मक सहभागितामा रेडप्लस कार्यक्रम भएको पनि हुनुपर्दछ ।
- **यूएनरेड**: यो कार्यक्रमको मार्ग निर्देशनमा यूएनड्रिप र एफपिआइसीका नियमहरू प्रति ठोस र स्पष्ट रूपमा प्रतिबद्धता जनाइएको छ ।
- **विश्व बैंकको वन कार्बन साझेदारी (एफसिपिएफ) तथा वनमा लगानी कार्यक्रम (एफआइपी)**: दुबै कार्यक्रमहरु एफपिआइसीको अधिकारको पक्षमा देखिएतापनि प्रस्तावित विकास कार्यक्रममा समुदायको असहमतिको हक भने यिनमा समावेश गरिएको छैन ।
- **स्वयंसेवी कार्बन बजार मापदण्डमा (भिसिएस)**: यसले सामाजिक छलफललाई सन्दर्भमा राखेको त हुन्छ तर एफपिआइसीलाई ध्यान दिँदैन । तर अर्कोतर्फ सामाजिक र जैविक विविधता मापदण्ड (सिसिबी) ले भने आदिबासी जनता, स्थानीय समुदाय र उनीहरूको अधिकार संरक्षणको ग्यारेण्टी गर्ने लिखित दस्तावेज नै चाहिन्छ भनेको छ ।
- **रेडप्लस सामाजिक र वातावरणीय मापदण्डहरू**: परियोजनामा भन्दा पनि राष्ट्रिय वा देश भित्रैको रेडप्लस कार्यक्रमहरूको कार्यान्वयनका लागि बनाएको यस मापदण्डले एफपिआइसीलाई आदिबासी जनता र स्थानीय समुदायसँगै जोडेर हेरेको पाइन्छ । यी मापदण्डहरू दक्षिणी नागरिक समाजका संस्थाहरूको नेतृत्त्वमा केयर इन्टरनेशनल र जलवायु, समुदाय र जैविक विविधता एलाइन्सको मेहनतको स्वरुप निर्माण भएको मानिन्छ ।[७]

राष्ट्रिय वा स्थानीय क्षेत्र जहाँ एफपिआइसी सम्बन्धी नियम कानुनहरू लागु भएका छैनन् त्यस्ता ठाउँमा मानव अधिकार, सूचनाको हक, वातावरणीय प्रभाव अध्ययन र अन्य नियमहरूले समाजको एफपिआइसीको अधिकार ग्यारेण्टी गर्ने कुरालाई प्रोत्साहन गर्दछन् ।

## एफपिआइसीको अधिकारको सम्मान गर्ने प्रक्रियामा के के पर्दछन् ?

रेडप्लसमा एफपिआइसी प्राप्त गर्न आवश्यक पर्ने बलियो प्रक्रिया निर्माणमा तल प्रस्तुत गरिए बमोजिमका विभिन्न बुँदाहरूमा ध्यान दिनुपर्दछ । मुख्यतया यो प्रक्रिया ३ तहका सहमतिको वरिपरि घुमेको पाइन्छ ।

- सामुदायिक वनलाई असर गर्ने रेडप्लस परियोजनामा सहमतिका लागि छलफल
- परियोजनाको विस्तृत योजना तर्जुमामा सहभागिताको लागि सहमति
- परियोजनाको कार्यान्वयनका सम्बन्धमा सहमति

एफपिआइसीका हरेक तहका सहमतिको प्रक्रियामा सर्वेक्षण, खोजतलास र छलफल उत्तिकै घनीभूत ढङ्गले हुनु जरूरी हुन्छ ।

[७] See www.climate-standards.org to download the REDD+ Social and Environmental Standards.

**स्वतन्त्र**

- छलफल र सहमतिहरू आपसी समभ्रुदारीको स्थान तथा समयमा र कुनै पनि पक्षलाई दवाव दिनसक्ने व्यक्ति तथा संस्थाको अनुपस्थितिमा हुन्छ ।
- परियोजना सञ्चालकले एफपिआइसी आवश्यक पर्ने रेडप्लस परियोजना विकास र कार्यान्वयनका हरेक पाइलाहरूमा सहमति बिना अघि नबढ्ने वचनबद्धता प्रस्तुत गर्नुपर्दछ ।
- अधिकारवालालाई उनीहरूले परियोजना इन्कार गर्न पाउने हक र वार्तामा सर्तहरू राख्न पाउनेबारेमा थाहा दिनुपर्दछ ।
- अधिकारवालालाई दिइएको जानकारीमा छलफल गर्न र सहमतिय निर्णय प्रक्रिया अवलम्वन गर्न यथेष्ट समय दिनुपर्दछ । तर दुबै पक्षले दिइएको अन्तिम समयको पालना पनि गरेको हुनुपर्दछ ।
- बाह्य सहजकर्ताहरू वा परियोजना निर्माणका सहयोगीहरू आवश्यक काम गर्न सक्षम हुनुपर्दछ । उनीहरू सहमतीय प्रक्रियाको प्रतिफलमा भने निस्पक्ष रहनुपर्दछ । जस्तैः उनीहरूको मागको सम्मान गर्ने, लगानीको क्षेत्रको बारेमा प्रकाश पार्ने, आदि ।
- स्वतन्त्र प्रमाणीकरण प्रक्रियाले कुनै पनि प्रक्रिया अनावश्यक प्रभावबाट मुक्त छ भन्ने कुरा प्रस्ट पार्दछ ।
- छलफल टुट्ने अवस्था आएको खण्डमा न्यायिक वा अन्य तेस्रो पक्षको सहयोगबाट अधिकारवालालाई थप जानकारीहरू प्रदान गरेर, अझ गहन रूपमा छलफल गरेर तथा आवश्यक अधिकार प्रत्यायोजन गरेर सहमतिको प्रयास गर्नुपर्दछ ।
- सहमति नभएको खण्डमा कुनै समयपछि सहमति हुने सम्भावना छ छैन वा कस्ता कस्ता अवस्थामा भएको निर्णय उल्टाउन सकिन्छ आदि प्रावधानहरूकाबारेमा समेत छलफल गर्नुपर्ने जरूरी हुन्छ ।

**अग्रिम**

- परियोजनाको पहिचान वा नीति निर्माण अवस्थामा नै सहमतिको खोजी गर्नु जरूरी हुन्छ । समुदायसँग गरिने सहमति भने सरकार (राष्ट्रिय/स्थानीय) ले रेडप्लसको कार्यक्रम बनाउने अवस्थामा नै हुनुपर्दछ ।
- रेडप्लस परियोजना विकास प्रक्रियामै रहँदा र कार्यान्वयनमा पुग्नुभन्दा पहिले नै सहमतिको खोजी गर्नुपर्ने देखिन्छ ।

**सुसूचित**

*कसलाई र कसरी सूचित गर्ने ?*

- रेडप्लस परियोजनाका कारण असर पर्नसक्ने सबै समुदाय (महिला, युवा र जोखिममा रहेका समूह सहित) लाई परियोजना निर्माणका सबै पक्षका बारेमा जानकारी दिइन्छ ।
- सम्पूर्ण जानकारीहरू स्थानीय भाषामा समुदायले बुझ्ने तरिकाले उनिहरुको आवश्यकताको ख्याल गरेर प्रस्तुत गर्नुपर्दछ ।
- उच्च कोटीको साक्षरता नभेटिएसम्मका लागि प्रत्यक्ष सञ्चारका विधिहरू (छलफल, बैठक र अरू नवीन अन्तर्क्रिया) नै छलफलको मुख्य माध्यम हुनुपर्दछ ।
- सबै सूचना प्रवाहलाई जति सक्दो वृहत् बनाउनुपर्दछ र अगुवाको भरमा मात्र पर्नुहुँदैन ।

- सूचना प्रवाहका माध्यमहरू यथेष्ट स्रोत (आर्थिक, मानविय र समय) ले भरिपूर्ण हुनुपर्दछ ।
- अधिकारवालाहरूको विषयवस्तु तथा प्रविधि सम्बन्धी ज्ञानको अवस्था पत्ता लगाई आवश्यकता अनुरूप त्यसलाई सशक्त बनाउन कोसिस गर्नुपर्दछ ।
- सञ्चारको तरिकाको सार्थकताको अध्ययन गरिरहनुपर्दछ र बेलाबेलामा स्वतन्त्र रूपले पुष्टि पनि गर्नुपर्दछ ।

*सहमतिको अधिकारबारे जानकारी*

- सहमतिको अधिकार (एफपिआइसी) बारे जानकारी कहिले र कस्ता कस्ता अवस्थाहरूमा कसरी (आदिबासी जनता र स्थानीय समुदायको सहमतीय प्रक्रिया) सम्बन्धित समुदायमा उनीहरूकै स्थानीय भाषामा पुऱ्याउन र बुझाउन सकिन्छ भन्ने कुराका जानकारी दिनुपर्दछ ।
- रेडप्लसका अगुवाहरू कुनै निश्चित स्थानहरूमा कार्यक्रम रोक्न समेत इच्छुक हुन्छन् भन्ने कुराको जानकारी दिनुपर्दछ ।
- सहमतिको प्रक्रिया सार्वजनिक हुनुपर्दछ र सहमतिका सम्पूर्ण विवरण स्थानीय मानिसको पहुँचमा (जस्तैः लिखित, श्रव्य, दृश्य आदि माध्यम मार्फत) रहनुपर्दछ ।
- गुनासो व्यवस्थापनका लागि छुट्टै प्रक्रिया हुनुपर्दछ । आवश्यक परेमा सहमति सम्बन्धी न्यायिक सहयोग पनि प्रदान गर्नुपर्दछ । समुदायले त्यस्ता न्यायिक सेवाहरू लिँदा सम्पूर्ण खर्च परियोजनाले तिर्नुपर्दछ ।

*रेडप्लस परियोजनाकाबारेमा जानकारी दिने*

- दुबै पक्षले पहिचान गरेका सम्भावित नकारात्मक र सकारात्मक असरहरू तथा प्रत्यक्ष खर्च र परियोजनाका कारण गुम्न जाने अन्य अवसरलाई दुबै पक्षले समान व्यवहार गर्नुपर्दछ ।
- परियोजनाका विकल्पहरू र परियोजनाबाट आउनसक्ने प्रतिफलहरूकाबारेमा पूर्ववत् लेखाजोखा गरी प्रस्तावित गर्नुपर्दछ ।
- समुदाय र परियोजनाले आवश्यकता महसुस हुनासाथ आफ्ना न्यायिक अधिकार सम्बन्धी थप जानकारीहरू पाउनुपर्दछ ।
- अधिकारवालालाई परियोजना निर्माणका सबै अवस्थामा विशेष गरी सामाजिक र वातावरणीय असर लेखाजोखा कार्यमा समावेश गराउनुपर्दछ ।
- समुदायलाई तथ्यांक संकलनमा मात्र नभई परियोजनाको कार्यान्वयन पक्षको पर्यवेक्षणमा समेत सहभागी गराएर जारी प्रक्रियाकोबारेमा जानकारी दिनु जरूरी हुन्छ ।

**सहमति**

*सहमतिको सिद्धान्तले निम्न कुरालाई समेट्छ :*

- सहमति भन्नाले सहभागिता, परामर्श वा छलफल मात्र बुझिँदैन । यी त सहमतिका लागि आवश्यक प्रक्रिया मात्र हुन् ।
- हालका वा विगतका सशक्तीकरणका आधारमा समुदायको क्षमता विकासका निम्ति विभिन्न क्रियाकलापहरू आवश्यक हुन्छन् । त्यस्ता क्रियाकलापहरुले समाजमा दिगो प्रभाव पनि पार्दछन् ।
- सहमतिको प्रक्रिया समुदाय र परियोजना सञ्चालक दुबैले स्वीकारेको हुनुपर्दछ ।
- अधिकारवालाहरूले रेडप्लसका निर्णयका लागि रूचाइएको प्रक्रिया र संस्थाको विकास गर्नुपर्दछ । तर यस प्रक्रियामा समावेशी प्रतिनिधित्त्वका लागि न्यूनतम मापदण्डलाई भने प्रबर्द्धन गर्नुपर्ने हुन्छ ।

*सहमति कसले प्रदान गर्दछ ?*

एउटै भौगोलिक परिवेशमा रहेका विभिन्न प्रकारका वनमा आश्रित समुदायहरूलाई वार्तामा बसाउने प्रयोजनका लागि सही अधिकारवालाहरूको पहिचान गर्ने ।

- आदिबासी तथा अन्य स्थानीय समुदायका मानिसहरूको अधिकारलाई राम्रो अभ्यास र भावी द्वन्दलाई न्यूनीकरण गर्ने उपयुक्त उपायका रूपमा पहिचान गर्ने ।
- जहाँ विविध समूहहरू प्रभावित भई विभिन्न किसिमले जमिनको दावी गर्दछन् त्यहाँ त्यस्ता दावीहरू एउटै प्रकारका अधिकारभित्र पर्दछन् । विभिन्न समुदायहरूका विभिन्न अधिकारभित्र यी दावीहरु पर्ने भएकाले त्यसको सुनिश्चित गर्न आवश्यक पर्दछ । एफपिआइसीलाई विभिन्न तहमा श्रेणीबद्ध गर्दै परम्परागत तथा कानुनी हिसाबले पहिचान भएका अधिकारलाई शुरुमा राखेर त्यसपछि समुदायका चाहना र फाइदासंग सम्बन्धित कुरालाई क्रमशः राखिन्छ ।

वार्ता तथा छलफलमा बस्नसक्ने वन स्रोतमा निर्भर समुदायभित्र रहेका संस्थागत संरचनाको सहभागितात्मक पहिचानका लागि निम्न कुरा आवश्यक पर्दछन् ।

- रेडप्लस परियोजनाका लागि आदिबासी जनजाति र स्थानीय समुदायले रूचाएका निर्णय लिने संस्थाको पहिचान गर्नुपर्दछ । यी समूहहरू समुदायमा हाल भैरहेका स्थापित समूह (परम्परागत वा औपचारिक गाउँ विकास समिति) वा अपेक्षित समानुपातिक प्रतिनिधित्त्व मान्ने र रेडप्लस निर्णयमा बढ्दो कठिनाइलाई आत्मसात् गर्ने विशेष संस्थाहरू हुनसक्दछन् । महत्त्वपूर्ण कुरा त के हुन्छ भने यो विषयमा पूर्वनिर्धारित निर्णय लिने संस्थाले भन्दा पनि समुदाय स्वयंले उक्त कुराको निर्णय लिन्छ ।
- समयसमयमा निर्णय लिने संस्थाको पुनरावलोकन गर्ने र थपिँदै गएका आवश्यकता पूर्ति गर्ने प्रक्रिया अपनाउने तथा क्षमता विकासका आवश्यकता पूर्ति गरी उक्त संस्थालाई बलियो बनाउने कार्य गर्न सकिन्छ । महिला, युवा र अन्य सीमान्तकृत समूहहरू समग्र निर्णय प्रक्रिया र संस्थाबाट भैरहेको उनीहरूको प्रतिनिधित्वमा सन्तुष्ट छन् कि छैनन् भन्ने अर्को प्रश्न पनि सँगसँगै उब्जिएको हुन्छ ।
- निर्णय गर्ने संस्थाले समुदायको बृहत अपेक्षा अनुरूप काम गरेको छ भन्ने विश्वास दिलाउनु पर्दछ ।
- आदिबासी जनता र स्थानीय समुदायलाई धेरै असर पार्ने नीति निर्माणका बेला (जस्तैः राष्ट्रिय वा प्रान्तीय रेडप्लसको नियम कानुन बनाउने बेला) सम्पूर्ण समुदायबाट सहमति लिन कठिन हुन्छ । तसर्थ कार्यान्वयनमा सरकारले पारदर्शी ढङ्गले आदिबासी जनजातिका र स्थानीय समुदायका प्रतिनिधिसँग छलफल गरी सहमति प्राप्त गर्ने कोशिस गर्दछ । उदाहरणका लागि सुरूवातमा भएका छलफलका आधारमा नीति निर्माण गरी समुदायका प्रतिनिधिहरूमा पुनः प्रस्तुत गरेर उनीहरूको ध्यान आकर्षण गर्दै सहमति लिने प्रयास गरिन्छ । समुदायका प्रतिनिधिहरूलाई आफ्नो सञ्जाल तथा संस्थामा छलफल गर्न पर्याप्त समय र सहयोग प्रदान गरिन्छ ।

*सहमति कसरी दिइन्छ ?*

- समुदायले रूचाएको सहमतिको प्रक्रिया पहिचान गरी त्यसको पूर्ववत् वा संशोधित वास्तविक अवस्था पत्ता लगाउनुका साथै अधिकारवाला समूहको बुझाइमा सहमति भित्र के के पर्दछन् भनेर खोजी गर्ने काम गर्नुपर्दछ ।
- के निश्चित समुदायभित्र सहमतिका विभिन्न तहहरू हुन सक्छन् ? सहमतिको प्रकार तथा कसले सहमति दिन्छ भन्ने कुरा सम्बन्धित समुदाय कुन तहमा यो प्रक्रियामा सामेल हुन्छ भन्ने कुरामा भर पर्दछ । यस अवस्थामा अलि फराकिलो आधार बनाएर हेर्ने गर्नुपर्दछ । मुनाफा

बाँडफाँट तथा जमिन उपयोग सम्बन्धी सहमति समुदायका प्रतिनिधि मार्फत् गरिन सकिन्छ ।


- सहमतिले कस्तो रूप लिनसक्छ निर्णय गर्नुपर्दछ । साँस्कृतिक रूपले उपयुक्त हुन्छ भने दस्तावेजीकरणका लागि लिखित सहमतिको आवश्यकता पर्नसक्दछ । सहमति कस्तो रूपमा राख्ने भन्ने कुरा आपसी समझदारीमा कायम गर्नुपर्ने हुन्छ ।
- कस्तो सहमतिपत्रमा मञ्जुर गर्ने भन्ने विस्तृत जानकारी र ढाँचा पनि प्रस्तुत गर्नुपर्ने हुन्छ ।
- रेडप्लस परियोजनाका प्रत्येक तहहरूमा आवश्यक सहमतिका चरणहरूलाई स्पष्ट रूपमा उल्लेख गर्नुपर्दछ र अर्को तहमा सहमतिका लागि आवश्यक पर्ने जानकारीहरू दस्तावेजमा संलग्न गराइनु पर्दछ ।


### *के मा सहमति ?*

रेडप्लस परियोजनाको निश्चित बिन्दुमा चाहिने सहमतिका लागि छलफल जरूरी हुन्छ । नीति वा परियोजना चक्रमा सहमति खोज्न सकिने सम्भावित बिन्दुहरू निम्न छन्ः

| सहमतिका बिन्दुहरू | के मा सहमति | सहमति खोज्ने प्राथमिक दायित्त्व |
|---|---|---|
| रेडप्लस कार्यक्रमका लागि राष्ट्रिय कानुनी वा नितिगत संरचना | स्थानीय समुदाय र आदिवासी जनजातिलाई प्रभावपार्ने वनसँग सम्बन्धित जलवायु परिवर्तनका कारकतत्वहरूको सम्भावित समस्या समाधानका लागी रेडप्लसमा सहमति | सरकार |
| जिल्ला वा क्षेत्रीय स्तरमा परियोजनाको पहिचान | वनसँग सम्बन्धित जलवायु परिवर्तनका कारकतत्त्वहरूलाई कम गर्नका लागि संभाव्य उपाय सम्बन्धी सहमति (यदि पहिले नै रेड तयारी क्रियाकलापहरूमा उल्लेख नभएमा)<br>अधिकारवालाको वन क्षेत्र सम्बन्धी छलफलमा/सम्झौतामा प्रवेश गर्ने सहमति । | सरकार र परियोजना सञ्चालक |
| आधारबिन्दुको तय, वनविनाशका स्थानीय कारक तत्त्वहरूको पहिचान, प्रारम्भिक वन व्यवस्थापन योजना | आधारबिन्दु विकासको तरिका, वनविनाशका स्थानीय कारकतत्त्वहरूको विश्लेषण, प्राथमिक वन व्यवस्थापन योजना तथा कार्यक्रम तर्जुमाका बारेमा सहमति । | परियोजना सञ्चालक |
| सामाजिक, आर्थिक, सांस्कृतिक र वातावरणीय प्रभाव अध्ययन | प्रभाव अध्ययनको विषयवस्तु र दायरा कस्तो र कति हुने भन्नेमा सहमति । | परियोजना सञ्चालक |
| परियोजना ढाँचा तर्जुमा, परिवर्तित वनको प्रयोग र लाभांश बाँडफाँट | विशेष गरी लाभांश बाँडफाँटका प्रवन्ध र वन व्यवस्थापन कार्यहरू परिवर्तन गर्ने उद्देश्य सहित अधिकारवालालाई प्रत्यक्ष असर पार्ने सम्पूर्ण विवरण र दृष्टिकोणमा सहमति । | परियोजना सञ्चालक |
| कार्बन क्रेडिट खरिदको व्यापारिक सम्झौता | व्यापारिक सम्झौता र विशेष मुनाफा बाँडफाँटको व्यवस्थाको संरचनाबारे सहमति । | परियोजना सञ्चालक |
| परियोजनाको कार्यान्वयन र अनुगमन | परियोजना कार्यान्वयनमा आउने सवाल व्यवस्थापन र आपसी समझदारीलाई कायम राख्ने विषयमा सहमति । | परियोजना सञ्चालक |
| परियोजनाको अन्त्य | परियोजना अन्त्य हुनुका कारणहरूका बारेमा र परियोजनालाई बन्द गर्ने प्रक्रियाको व्यवस्थापनबारे सहमति । | सरकार र परियोजना सञ्चालक |

## रेडप्लसको प्रक्रियामा समुदायका एफपिआइसी माथिको अधिकारलाई मान्यता दिने प्रक्रियाका सम्भावित चरणहरू




के समुदाय सहमतिमा आउन चाहन्छ ?
चाहँदैन
त्यस क्षेत्रमा रेडप्लस परियोजना हुँदैन
चाहन्छ
समुदायमा छलफल भएको विषयवस्तुलाई समझदारीमा नपुगुञ्जेल सम्झौताको लागि वृहत प्रयास गर्ने
लिखित समझदारीलाई अन्तिम रूप दिई सरकार र नोटरीको मान्यता लिने
सम्झौता कार्यान्वयन
सहभागितामूलक अनुगमन
परियोजना कार्यान्वयन गर्ने र त्यस अन्तर्गतका फाइदाहरू, न्यूनिकरण आदि प्राप्त गर्ने
नयाँ आउने द्विविधा तथा मनमुटावलाई सुल्झाउने
समुदायलाई कानुनी, आर्थिक, वातावरणीय र सामाजिक सल्लाह लिन प्रोत्साहन

**सहमति कायम राख्न निम्न कुराहरूको आवश्यकता पर्दछ ।**

- असहमति न्यूनीकरणका लागि आपसी सहमति भएको निर्णयको लिखित प्रतिवेदन ।
- कानूनद्वारा प्रदत्त नभएता पनि स्थानीयतहमा विवाद समाधानका लागि संरचना विकास । स्थानीय तहमै समाधान ननिस्केको खण्डमा सामुदायिक अधिकार अक्षुण्ण राख्न कानूनी सहायता लिन प्रोत्साहन ।
- विवाद व्यवस्थापन संरचनालाई दुई किसिमको असहमतिहरूलाई समेट्नु पर्दछ । पहिलो, सम्झौतासँग सम्बन्धित र दोस्रो, परियोजना सञ्चालक र समुदायको सम्बन्धसँग सम्बन्धित (सहमतिमा उल्लेख नभएका प्रसङ्गहरू समेत) ।

## एफपिआइसीको अधिकारको सम्मानका लागि कस्ता स्रोतहरूको आवश्यकता पर्दछ ?

प्रस्तावित रेडप्लस परियोजनामा स्थानीय समुदायको सहमति प्राप्त गर्ने उद्देश्यका लागि दह्रो र पुष्टि गर्न लायक सहमतिको प्रक्रिया अवलम्बन गर्नुपर्दछ । यसका लागि प्रशस्त मात्रामा मानव स्रोत, समय, सञ्चार सामग्री र तरिकाहरू, क्षमता विकासका कार्यक्रमहरू, स्वतन्त्र प्रमाणीकरण र प्राविधिक तथा कानुनी सल्लाहमा लगानीको खाँचो पर्दछ । यी मध्ये धेरैजसो स्रोतहरू कार्यक्रम तर्जुमाकै चरणमा आवश्यक हुन्छन् । यसै गरी अधिकारवालाहरूको क्षमता विकासका लागि पनि प्रशस्त स्रोतको आवश्यकता पर्दछ । त्यस्ता स्रोतहरू सकृय सामुदायिक संस्थाको विकास वा भैरहेकालाई बलियो बनाउन, सकृय छलफल गर्न, रेडप्लस कार्यक्रमको हरेक तहका विकासको ज्ञान राख्न, बेलाबेलामा देखा पर्नसक्ने मनमुटावलाई सुल्झाउन उपयोग गरिन्छन् । जहाँ अधिकारवालाहरू परियोजना निर्माण र कार्यान्वयनमा इच्छुक हुन्छन् त्यहाँ उनीहरूलाई आवश्यक तालिम र क्षमता विकासका लागि पनि स्रोतको आवश्यकता पर्दछ । धेरैजसो समयमा ग्रामीण समुदायका अधिकारवालाहरूको सम्बन्धित विशेषज्ञ (जस्तैः कानुनी, आर्थिक, वातावरणीय, विकास जसले उनीहरूलाई परियोजनाको नाफा र कठिनाइका बारेमा बताउन सकुन्) सम्मको पहुँचका लागि लगानीको स्रोत हुँदैन । परियोजनाका सञ्चालकले निजी स्वार्थमा नबाँधिइकन नवीन ढङ्गले अधिकारवालालाई आर्थिक र प्राविधिक सहयोग प्रदान गर्नुपर्ने हुन्छ ।

यसै गरी उपयुक्त किसिमले मानसिक रूपमा तयार रहनका लागि नवीनतम प्रयासहरू थाल्नुपर्दछ । यसका लागि आदिबासी जनजाति तथा स्थानीय समुदायको अधिकारको सम्मान तथा सीमान्तीकरण र वर्गीय वा जातीय विभेदको समस्यालाई सम्बोधन गर्नुपर्दछ । आदिबासी जनजाति र स्थानीय समुदायसँग सम्बन्धित संस्थाको दक्षताको जानकारी हुनुपर्दछ साथै उनीहरूको एफपिआइसीको अधिकारलाई सम्बोधन गर्नुपर्दछ । आवश्यक समय र स्रोतलाई धेरै तत्त्वहरूले असर पार्दछन् । ती मध्ये केही तल दिइएका छन् ।

- सहमतिका लागि जानकारी दिलाउनुपर्ने र सहभागी बनाउनुपर्ने अधिकारवालाको संख्या ।
- उनीहरूको भौगोलिक क्षेत्र र पहुँच ।
- हालको नेतृत्त्वको कुशलता र सामाजिक मिलाप ।
- हालको नेतृत्त्वको प्रतिनिधित्त्व र निर्णय प्रक्रियामा महिला र उपेक्षित समुदायको पहुँच ।
- प्रतिनिधिका रूपमा नेतृत्त्व तहभन्दा बाहेक अन्य समुदायलाई सुसूचित गर्ने काममा कसको जिम्मेवारी (नेतृत्त्व, अगुवा, सहजकर्ता र सरकार) ।
- प्रस्तावित परियोजनाका प्रक्रियाको प्रभावकारिता र उक्त परियोजनामा समुदायका व्यक्तिहरूको असहमतिको हद ।
- टेलिफोन, रेडियो विद्युतीय सञ्चारको पहुँच ।

- साक्षरताको तह र शिक्षाको अवस्था ।
- छलफल र जानकारीमूलक कार्यक्रममा तथा बैठकमा सहभागिताको लागि समयको उपलब्धता ।
- प्रशस्त रूपमा सूचित हुने काममा सहभागी हुने इच्छा र चाहनाको तह ।
- मध्यस्थकर्ताहरू जस्तैः गैर सरकारी संस्था, सल्लाहकार, स्रोत व्यक्ति आदिको पर्याप्तता र प्रभावकारिता ।
- स्वतन्त्र सहयोग र सल्लाहको पर्याप्तता र यसको गुणस्तर ।

परियोजना सञ्चालक र सरकार बिचका असहमति हटाउनका लागि निकटको सञ्चार र समन्वय महत्त्वपूर्ण हुन्छ ।

माथि उल्लेख गरिए अनुसार एफपिआइसीको अधिकारको सम्मानका लागि छलफल तथा सहमतिलाई नवीकरण गर्न अवसर प्रदान गर्ने निरन्तर प्रक्रियाको जरूरत पर्दछ । यस क्रममा रेडप्लस परियोजनाहरू अधिकारवालाहरूबाट अगाडि बढ्न सक्ने वा नसक्ने भन्ने निर्णय लिन लाग्ने समय भने परियोजना सञ्चालकका लागि प्रमुख चासोको विषय हुन्छ । यसमा समय कति लाग्ने भन्नेकुरा विभिन्न तत्त्वहरूमा भरपर्ने हुन्छ । ती तत्त्वहरूमा भूमि अधिकार सम्बन्धी प्रसङ्ग, परियोजनाको बनोट र त्यसको आकार, प्रभावित जनताको शिक्षाको स्तर, जानकारीमूलक प्रक्रिया र उपलब्ध प्रविधि, समुदायले अवलम्बन गरेको निर्णय लिने प्रक्रिया र कुनै परियोजना सहजै सम्पन्न गराउन आवश्यक स्रोतहरूको उपलब्धता आदि प्रमुख छन् । त्यसै गरी कार्यक्रमहरू बिचको तनाव कम गर्नुपर्ने आवश्यकता (जस्तैः उपलब्ध कोषमा पहुँच, हरितगृह ग्याँसहरूको उत्सर्जनमा कमी) र जमिनको हक तथा कार्बन सञ्चिति जस्ताकुरालाई सबै पक्षबाट अनुमोदन गरिनुपर्ने कार्यको सुनिश्चिततालाई भने निरन्तर जारी राख्नुपर्दछ ।

### एफपिआइसीको अधिकारको सम्मानमा लाग्ने आर्थिक खर्च

फिलिपिन्सको सेल मालाम्पाया प्राकृतिक ग्याँस परियोजनामा समुदायको संलग्नताको प्रक्रिया अपनाउनको लागी ६० लाख अमेरेकी डलर खर्च लाग्यो जसमा कुल खर्च ४५० लाख अमेरिकी डलर अनुमान गरिएको थियो । अर्को एक ठाउँमा एउटा अनुभवी कम्पनी म्यानेजरले आफ्नो महत्त्वकाँक्षी र ठुलो खानी प्रोजेक्टमा धेरै जनघनत्त्व भएको समुदायको सहमति लिँदा करिव १५ देखि २० लाख अमेरिकी डलर प्रतिवर्ष खर्च अनुमान गऱ्यो । उक्त म्यानेजरले पछि के थाहा पायो भने जनघनत्त्व कम भएको क्षेत्रमा वा सानो प्रोजेक्टमा खर्च अझै कम हुनसक्दछ ।

स्रोतः Lehr, A., and G. Smith. 2010. *Implementing a Corporate Free, Prior and Informed Consent Polciy*. Foley Hoag LLB, Boston and Washington, DC. Available at: www.foleyhoag.com

Herz, S, J. Sohn, and A. La Vina. 2007. *Development Without Consent: The Business Case for Consent*. WRI, Washington DC. Available at: www.wri.org

## एफपिआइसीका सम्भावित जोखिमहरू के के हुन् ?

यस प्रकाशनले एफपिआइसीको अधिकारको महत्त्व र आदिबासी जनजाति तथा स्थानीय समुदायको अधिकारको सम्मान नगर्दा व्यहोर्नु पर्ने जोखिमका बारेमा प्रकाश पारेको छ । परियोजनाका सञ्चालकले एफपिआइसी प्राप्त गर्ने प्रक्रियामा संलग्न हुँदा आफूलाई र स्थानीय समुदायलाई आइपर्नसक्ने विविध जोखिमका बारेमा होसियार हुनुपर्दछ । ती कुनै पनि जोखिमहरू एफपिआइसीको अधिकार आफैंले सिर्जना गरेका होइनन् तर सहमतिका प्रक्रियामा तिनीहरू

उत्पन्न हुन सक्दछन् । त्यसैले गर्दा उनीहरूलाई परियोजना अवधिभर सहमतिमा ल्याउनका लागि रेडप्लस परियोजना निर्माणभन्दा पहिले देखि नै स्रोत चाहिन सक्दछ ।

केही उल्लेखनीय जोखिमहरू निम्न छन्ः

- सहभागितामूलक प्रक्रियाबाट भूस्वमित्त्व र अधिकारको छिनोफानो गर्ने प्रक्रियामा कुनै एक समुदायभित्र या समुदाय समुदायबीच स्रोतमाथिका अधिकारका सम्बन्धमा आफ्ना आफ्ना दावी हुनसक्दछन् । त्यसले भित्रभित्रै झगडा निम्त्याउन सक्दछ । त्यस प्रकारका मनमुटाव मिलाउन प्रशस्त समय र स्रोत चाहिन सक्दछ । कुनै दुई समुदायका दावीहरू एक अर्कासंग बाझिएका अवस्थामा रेडप्लस परियोजनाले ती दुई भिन्न समुदायबाट सहमति लिन पनि सक्दछ ।
- समुदायको भूस्वामित्त्व सम्बन्धी अधिकारको आँकलन गरिसकेपछि सरकारले ती समुदायहरूले प्रयोग गर्दै आएका जमिनमा गरेको बेवास्ताबाट आफ्नो अवस्था परिवर्तन गरी समुदायलाई उक्त क्षेत्रमा बस्न वा प्रयोग गर्न बन्देज गर्न पनि सक्दछ । रेडप्लस परियोजनाका सञ्चालकहरू समुदायलाई त्यस अवस्थामा सहयोग गर्न तत्पर रहनुपर्दछ र समुदायको अधिकारलाई सरकारले सम्मान गर्नुपर्ने कुराको पक्षमा बोल्नुपर्दछ । परियोजनाका सञ्चालकले सरकारले बलपूर्वक  बन्देज गरेका समुदायको सहमति लिएर परम्परागतगत क्षेत्रमा रेडप्लस परियोजना विकास गर्न सक्दछ ।
- सहमतिमा नामञ्जुरः परियोजना विकासकर्ता र सरकारलाई एफपिआइसीबारे विस्तृत विवरण दिँदा उनीहरूले समुदायमा सहमति दिने अधिकार हुन्छ भनेर मान्न गाह्रो मान्न सक्छन् । त्यसकारण त्यस प्रक्रियामा माथि उल्लेख भए अनुसार उपर्युक्त अधिकार एफपिआइसीको मुख्य मुद्दा हो र विभिन्न अन्तर्राष्ट्रिय नियमहरू तथा सम्मेलन र दस्तावेजहरूले मान्यता प्रदान गरिसकेका छन् । यदि समुदायले असहमति जनाए भने परियोजनाले विभिन्न प्रकारका जोखिमहरू व्यहोर्नु पर्दछ भन्ने कुरा उनीहरूलाई स्पष्ट पार्न निम्न बुँदाहरूमा जोड दिनुपर्दछः
  - क) सहमतिबिना अगाडि बढ्दा धेरै प्रकारका खतरा आइपर्न सक्दछन् ।
  - ख) एफपिआइसीको अधिकार कुनै निश्चित व्यक्तिको भिटो प्रयोग गर्ने व्यक्तिगत अधिकार नभएर सम्पूर्ण  समुदायको अधिकार हो ।
  - ग) सहमति दिने वा नदिने भन्ने कुरा समय सान्दर्भिक हुन्छन् । समय अनुसार यसमा परिमार्जन र पुनरावलोकन गर्न सकिन्छ ।

  यो कुरा स्थान विशेषमा भर पर्ने भएकोले आफ्नो परम्परागत जमिनको केही हिस्सा रेडप्लसमा समावेश गर्ने र बाँकी समावेश नगर्ने भन्ने निर्णय लिने अधिकार पनि समुदायकै हुन्छ ।
- दक्षिणपूर्वी एसियाका धेरै क्षेत्रमा एफपिआइसीलाई विभिन्न गैर सरकारी संस्थाहरूले पनि प्रवर्द्धन गरेको पाइन्छ । विशेष गरी बृक्षारोपण र वनजन्य उद्योगहरूबाट प्रभावित समुदायहरूलाई उनीहरूको कम्पनीसँगको छलफलमा आत्मबल प्रदान गर्ने काम गैससले गर्दछन् । त्यसैले एफपिआइसी र यसलाई प्रबर्द्धन गर्ने गैससहरूलाई विकास विरोधीको रूपमा पनि हेरिन सक्दछ । रेडप्लस परियोजना सञ्चालकले यस प्रकारका जोखिमलाई व्यवस्थापन गर्न सरकार, अगुवा र सरोकारवालाहरूसँग नियमित छलफल गरी एफपिआइसी सम्बन्धी गलत बुझाइलाई परिवर्तन गरेर सहमति प्राप्त गर्ने प्रक्रियामा जानुपर्दछ ।
- धेरै संस्कृति र भू–उपयोग प्रणालीहरूमा जमिन सफा गरेर पुनः वृक्षरोपण गरी आफ्नो स्वामित्त्व रहेको कुरा दर्शाइन्छ । त्यस्ता कार्यहरू रेडप्लसको उद्देश्यसँग बाझिए तापनि र एफपिआइसीको अधिकारसँग थोरैमात्र सम्बन्धित भए तापनि वन क्षेत्रमा नयाँ लगानीकर्ताको आगमनसँगै त्यस्ता कार्यहरूका साथै वनफडाँनी बढ्ने सम्भावना हुन्छ ।

# एफपिआइसीको अधिकारको सम्मान गर्ने प्रक्रिया तथा कार्यविधि निर्देशिका


Initiate pilot phase
and training

# एफपिआइसीको अधिकारको सम्मान गर्ने प्रक्रिया तथा कार्यविधि निर्देशिका

यस भागमा रेडप्लस परियोजनामा अधिकारवालाको संलग्नता गराउन, सहमति कार्यान्वयन गर्न र सहमति कायम राख्न ख्याल राख्नुपर्ने १२ वटाका तत्त्वहरूबारेमा विस्तृत छलफल गरिएको छ ।

**अधिकारवालाको सहभागिताका लागि तयारी**

| | |
|---|---|
| तत्त्व १: | अधिकार, अधिकारवाला र भूउपयोगको आँकलन |
| तत्त्व २: | निर्णय लिन सक्ने उपयुक्त संस्थाको पहिचान |
| तत्त्व ३: | अधिकारको पक्षमा पैरवी गर्ने राष्ट्रिय स्तरका सहयोगी निकाय तथा संरचनाहरूको पहिचान |
| तत्त्व ४: | सहमति खोज्ने र प्राप्त गर्ने प्रक्रियाको विकास |
| तत्त्व ५: | सहमति /सम्झौताको विषयवस्तुको तयारी |
| तत्त्व ६: | सञ्चार योजनामा सम्झौता |
| तत्त्व ७: | क्षमता विकासको रणनीति निर्माण |

**एफपिआइसीको अधिकारलाई मान्यता दिने प्रक्रियाको कार्यान्वयन**

| | |
|---|---|
| तत्त्व ८: | रेडप्लस परियोजना प्रारूपसँग एफपिआइसीको अधिकारको समायोजन |
| तत्त्व ९: | स्वतन्त्र सुझाव र वैकल्पिक सूचनाको सुनिश्चितता |

**अनुगमन गर्ने तथा सहायता लिने सहमतिको पालना**

| | |
|---|---|
| तत्त्व १०: | कार्यान्वयनमा सहमति भए बमोजिमको अनुगमन |
| तत्त्व ११: | गुनासो व्यवस्थापन प्रक्रियाको विकास |
| तत्त्व १२: | सहमतिको प्रमाणीकरण |

## एफपिआइसीमा अधिकारवालाको सहभागिताको लागि तयारी

आदिबासी जनजाति र स्थानीय समुदायले आफ्नो समुदायभित्र, छिमेकी समुदायबिच, स्वतन्त्र सल्लाहकारसँग, विशेषज्ञसँग, परियोजना निर्मातासँग र सरकारसँग छलफल तथा सल्लाह गर्नुपर्ने हुन्छ। त्यस्ता छलफलहरू रेडप्लस परियोजनामा सहभागी हुने कि नहुने भन्ने निर्णय लिनुभन्दा पहिले नै आवश्यक हुन्छ । यस भागमा एफपिआइसीको सम्मान प्रक्रियाको प्रथम अंश – उक्त प्रक्रियाको प्रारूप कस्तो हुने, को को समावेश हुने र उनीहरू कसरी सहभागी हुने भन्ने कुरा उल्लेख गरिएको छ ।

## तत्त्व १ | अधिकार, अधिकारवाला र भू उपयोगको आँकलन

एफपिआइसीको अधिकारको सम्मान गर्ने प्रक्रियाका लागि प्रस्तावित रेडप्लस परियोजनामा छलफलमा कसको अधिकार हुने र कुन अधिकारवालाले सहमति दिने/नदिने निर्णय गर्ने भन्ने कुरा प्रष्ट हुनुपर्दछ। एकै क्षेत्रमा विद्यमान् अधिकारको बुझाइमा पनि परम्परागत र औपचारिक ब्याख्याहरूमा भिन्नता पाइन्छन्। प्रस्तावित रेडप्लस परियोजनाले सबै प्रकारका स्वामित्त्व र अधिकार सम्बन्धी हकदावीको आँकलन गर्नुपर्दछ। एफपिआइसीको अधिकारको सम्मान गर्ने प्रक्रियाको विकासमा प्रस्तावित रेडप्लस परियोजनाले समेट्ने जमिन र जङ्गलका सबै हकदार समुदायहरूलाई समावेश गराउनुपर्दछ। अधिकार र जमिन प्रयोगको उचित आँकलन सहभागितामूलक सामाजिक प्रक्रियाबाट गर्नुपर्दछ। त्यस्ता प्रक्रियाले समुदायलाई जमिन र अधिकारको प्रयोग तथा त्यस माथीको परम्परागतगत अधिकारको पहिचानमा सहयोग हुन्छ।

यस प्रक्रियाले समुदायभित्रै, छिमेकी समुदायकाबिच, सरकार र अनुमति प्राप्त तेस्रो पक्षबिच अधिकारको दोहोरो दावी खडा हुनसक्दछ। नक्सा र चित्रहरू (स्केच नक्सा, टोपोग्राफिक नक्सा, जिआइएस नक्सा, भूउपग्रहीय नक्सा तथा एरियल फोटोग्राफ) ले कोसँग निश्चित क्षेत्र र स्रोतको अधिकार निहित छ भनी छलफल र सल्लाहका लागि उत्प्रेरकको काम गर्न सक्दछन् र सहमति भएका विषयहरूको अभिलेख राख्ने काम गर्नसक्दछन्।

सहभागितामूलक नक्साङ्कन वनमा समुदायको अधिकारबारे अभिलेख राख्ने महत्त्वपूर्ण माध्यम हो।[८] नक्सामा नराखिएको भएतापनि धेरै आदिबासी जनजाति र स्थानीय समुदायसँग आफ्नो स्रोतबारे विस्तृत जानकारी हुनसक्दछ। कुनै क्षेत्रमा समूह समूहबिच प्रस्ट सीमाना हुन्छन् भने कतै सीमाना तोकिएकै हुँदैन। वनबाट कुनै नयाँ फाइदा प्राप्त गर्ने आशामा दुर्गम क्षेत्रहरूका जङ्गलमा सीमानाको कुरालाई लिएर विवाद उत्पन्न हुनसक्दछ। त्यस्ता विवादलाई पहिचान गरेर रेडप्लस कार्यक्रमकै अंशकै रूपमा लिएर सुल्झाउन अगाडि बढ्नुपर्दछ।

केही समुदायले आफ्नो ज्ञानलाई लिखित र प्रमाणित रूपमा भन्दा पनि मौखिक संस्कारका रूपमा राख्ने इच्छा गर्न सक्दछन्। विशेष गरी जानकारीको नियन्त्रण गुमाउने डर, नक्सा मार्फत स्थायी सीमाना बनाउँदा पहिले देखि भोगचलनमा रहेको सीमाना तलमाथि विस्थापन हुन सक्ने र आफ्ना छिमेकी समुदायकाबिचमा रहेको नकारात्मक सम्बन्धका कारण त्यस्तो भएको हुन सक्दछ। त्यस्तो सन्दर्भमा परियोजनाले आफ्नो महत्त्वको क्षेत्रको मात्र सीमामा सहमति जनाई समुदायले महत्त्व राखेको क्षेत्रभित्रै उक्त क्षेत्र पर्दछ भनेर सहमति जनाई त्यस्ता क्षेत्रहरूको पुनः आँकलन गर्ने वा नक्साङ्कन गर्ने कामलाई त्याग्नु उपयुक्त हुन्छ।

पछिल्ला बीस बर्षमा सहभागितामूलक आँकलन पद्धतिहरूको विकास भएका छन्। ति पद्धतिले समुदायका व्यक्तिहरूलाई सबै भागको सामुदायिक स्रोत आँकलनमा संलग्न गराउँदछन्। छिमेकी समुदायको समेत यस प्रकारका मापन प्रक्रियामा (खासगरी सीमाना यकिन गर्न) सहभागिता अत्यावश्यक हुन्छ। उक्त क्षेत्रमा उनीहरू आफ्नो पहुँच समावेश गर्न तथा नक्सामा प्रस्तुत क्षेत्रमा आफ्नो अधिकारको प्रयोग गर्न पनि सक्दछन्। सहभागितामूलक आँकलनको राम्रो प्रयोगले एकै समुदायको विभिन्न समूह जस्तै महिला, युवा, गरीब परिवार, वृद्ध र वरिष्ठ मानिसको सहभागिता सुनिश्चित गर्दछ। हरेक समूहको मान्यता, प्रयोग र नक्सामा राख्ने स्रोतहरू भिन्न भिन्न पाइन्छन्।

---

८ There are good arguments to engage specialist NGOs or companies to do the mapping work in collaboration with community representatives, rather than expecting the community to learn the complex skills necessary to do the work themselves.

यो जानकारीले गर्दा रेडप्लस प्रस्तावनाले सबै खाले मान्यता र सबै समुदायलाई संलग्न गराउन सक्ने हुँदा यसलाई महत्त्वपूर्ण मानिन्छ ।

अधिकारवाला, परियोजना सञ्चालक, सरकारी प्रतिनिधिहरू र अरू मुख्य मुख्य सरोकारवालाहरू प्रभावित समुदायको अधिकार तथा सीमानाका बारेमा सहमत हुनुपर्दछ । सहभागितामूलक प्रक्रियाले सीमाना र कुनै विशेष समुदायको अधिकारलाई प्रष्ट्याउने कार्य गर्दछ । सरकारले कुनै समुदायको स्वामित्त्वको अधिकारलाई मान्यता नदिएतापनि प्रयोगको अधिकारलाई भने मान्यता दिनसक्दछ ।

नक्साङ्कन प्रक्रियाको तयारीको क्रममा परियोजनाका सञ्चालकहरूले समुदायसँग मिलेर प्रारम्भिक रूपमा सरोकारवालाको विश्लेषण गर्नु जरूरी हुन्छ जसबाट उक्त प्रक्रियामा अधिकारवाला (जमिन प्रयोगको आधारमा वा प्रशासनिक सीमानाको जङ्गल क्षेत्रका आधारमा वा नक्साको आधारमा) सहभागी हुने भन्ने कुरा प्रष्ट हुन्छ । अधिकारवालामा पनि महिला तथा सीमान्तकृत समुदायको प्रतिनिधित्त्वलाई प्रोत्साहन गर्नुपर्दछ । जानकारीको स्रोतका रूपमा हाल रहेका अभिलेख, स्थानीय ज्ञान र सरकारी रेकर्डहरूलाई लिन सकिन्छ । यस कार्यमा प्रमुख चुनौति भनेको उक्त जानकारी कत्तिको ठिक छ र कानुनी मान्यता प्राप्त छ सो एकिन गर्नु हो ।

## आदिबासी जनजाति र स्थानीय समुदायले जानकारी राख्नु पर्ने कुराहरू

- उनीहरूसँग आफ्नो सीमाना नक्साङ्कन गर्ने अधिकार र त्यसलाई आपसी समझदारीमा ल्याउन छलफल गर्ने अधिकार हुन्छ ।
- उनीहरूसँग नक्साको नियन्त्रण र व्यवस्था गर्ने अधिकार हुन्छ । त्यसमा के कस्ता जानकारी राख्ने, कसको पहुँचमा उक्त जानकारी पुऱ्याउने भन्ने निर्णय गर्ने अधिकार पनि हुन्छ ।
- आफ्नो ज्ञानलाई लिखित वा रेकर्डेड रूपमा परिणत गर्ने वा नगर्ने भन्ने निर्णय गर्ने अधिकार हुन्छ ।
- आफ्ना सीमानाहरूको कानुनी पहिचानका लागि वकालत गर्ने, जग्गा उपभोग गर्ने वा उक्त क्षेत्रको कार्बनमा दावी गर्ने अधिकार हुन्छ ।
- नक्साङ्कन प्रक्रियामा प्रत्यक्ष रूपमा संलग्न नभएका व्यक्तिहरूलाई खासगरी छिमेकी समुदायहरूलाई पनि सीमानाको पहिचान तथा त्यस सम्बन्धी सहमतिबारे जानकारी दिलाउनुपर्दछ ।

## सिफारिस गरिएका थप सन्दर्भ सामग्रीहरू


- Chapin, M. and B. Tharelkeld. 2008. *Mapping Indigenous Lands: A Practical Guidebook.* Centre for Support of Native Lands, Environmental Law Institute, Washington, DC Availavle at:www.elistore.org
- Corbett, K. *et al*. 2009. *Good Practices in Participatory Mapping*. International Fund for Agricultural Debelopment (IFAD), Rome. Available at: www.ifad.org
- Cotula, L, and J. Mayers. 2009. *Tenure in REDD – Start- point or Afterthought?* Natural Resource Issues No. 15. IIED, London. Available at: www.iied.org

- Evans, K. *et al*. 2006. *Guide to Participatory Tools For Forest Communities*. CIFOR, Bogor, indonesia. Available at : www.cifor.cgiar.org
- Galudra, G. *et al.* 2009. *RaTA: A Rapid Land Tenure Assessment Manual for Identifying the Nature of Land Tenure Conflicts,* Worid Agroforestry Centre (ICRAF), Bogor, Indonesia. Availavle at: www.orldagroforestrycentre.org
- Indonesian Network For Participatory Mapping. Website:www.jkpp.kpp.org
- Mather. R *et al*. 1998. *Aerial Photographs and 'Photo¬-maps' for Community Forestry*. Rural Development Forestry Network (RDFN) Paper 23e. ODI, London, Available at: www.odi.org.uk


### समुदायलाई उत्खनन र पूर्वाधार सम्बन्धी परियोजनामा संलग्न गराउँदाका व्यवसायिक संस्थानका अनुभवहरू

सन् १९९० को सुरूवाततिर रियो टिन्टोको शाखा परियोजना ह्यामर्स्ले आइरन प्राइभेट लिमिटेडले अष्ट्रेलियाको पिल्वरा क्षेत्रको याण्डिकुगिना नामक स्थानमा एक फलाम उत्खनन खानी र रेलमार्ग बनाउने योजना प्रस्ताव गर्‍यो । प्रस्तावित खानी नजिक धेरै आदिबासी समूहहरूको बसोबास थियो । सन् १९९४ मा कम्पनीले समुदायका वरिष्ठ मानिससँग छलफल गरी आदिबासी समुदायलाई खानि र समुद्री वन्दरगाह जोड्ने रेलमार्गले अति न्यून असर गर्ने कुरामा आश्वस्त बनायो । सन् १९९५ मा कम्पनीले वातावरणीय र सामाजिक प्रभाव अध्ययन प्रक्रियासंग समेत मेल खाने गरी जमिन प्रयोग सम्झौतामा त्यस क्षेत्र आसपासका समुदायसँग सहमति गर्ने निर्णय लियो ।

मुख्य सरोकारवालाहरू र उनीहरूको परियोजनाप्रतिको चासोकोबारेमा राम्रो जानकारी प्राप्त गर्न कम्पनीले चार महिना सामाजिक नक्साङ्कन कार्य गरेर बितायो । यही जानकारीका आधारमा स्थानीय समुदायसँग सन् १९९६ को जनवरी देखि जुनसम्म छलफल गरी समझदारी गर्‍यो । साझेदारहरूले एक स्वतन्त्र मध्यस्तकर्ता नियुक्त गरे र तिनै आदिबासी समूहहरूसँग काम गर्ने निर्णय गरे । उनीहरूले ह्यामर्स्लेले तलब दिने गरी स्वतन्त्र कानुनी परामर्शदाता नियुक्त गरी गुमाला आदिबासी कर्पोरेसन समेत स्थापना गरे जुन समुदायको तर्फबाट वार्ता र छलफलमा सहभागी भयो । यससँग आफ्ना सदस्यलाई कानुनी रूपमा बाँध्ने क्षमता पनि थियो । सन् १९९६ को जुन महिना सम्ममा सबै पक्षहरूले सम्झौताको खाका तथा आधारपत्रमा समझदारी जनाइसकेका थिए । उनीहरू छलफल प्रक्रियाको अवस्था र वरिष्ठ व्यक्तिले उक्त छलफलको निगरानी राख्ने प्रावधानमा पनि सहमत भए ।

सन् १९९६ को नोवेम्वरमा ह्यामर्स्ले र गुमाला आदिबासी कर्पोरेशन एमओयूमा हस्ताक्षर गर्न सहमत भए । उक्त कर्पोरेशनले पनि आदिबासी पक्षहरूसँग एमओयूकोबारे ठूलो समुदायसँग छलफल गरी सहमति लियो अनि हरेक व्यक्तिलाई भेटेर एमओयूका प्रावधानहरूका बारेमा विस्तृत विवरण दिई उनीहरूको समेत सहमति लियो । त्यसको फलस्वरूप याण्डिकुगिना भूउपयोग सम्झौता भयो जसले ह्यामर्स्ले र आदिबासी पक्षसँग दिगो सहकार्यको वातावरण बनाइदियो । अन्त्यमा, हयामर्स्लेले आफूलाई इजाजत दिइएको भन्दा पनि कम समयमा तोकिएको बजेट भन्दा १० करोड अमेरिकी डलर कम लागतमा निर्माण कार्य सम्पन्न गर्‍यो र ६ महिना पहिले नै उत्पादन सुरू गर्न सक्षम भयो ।

स्रोतः Herberston, K. *et al.* 2009. *Breaking Ground-Engaging Communities in Extractive and Infrastructure Projects*. World Resource Intitute, Washington DC. Available at: www.wri.org.

## तत्त्व २ | निर्णय गर्ने उपयुक्त संस्थाको पहिचान

आदिबासी जनजातिसँग सरकार वा अन्य कुनै निकायले सिफारिस गरेको वा थोपरेको प्रणाली प्रयोग नगरिकन समुदायको आफ्नै निर्णय गर्ने संस्था, परिपाटी वा संरचनाको प्रयोग गर्ने अधिकार हुन्छ । कतिपय अवस्थामा त परम्परागत संस्थाको प्रयोग अन्तर्राष्ट्रिय नियमसँग बाझिएको पनि पाइन्छ । यस प्रक्रियामा सबै वर्गको प्रतिनिधित्वको आशा गरिनुका साथै युवा, महिला तथा सीमान्तकृत समूहको निर्णय प्रक्रियामा समानुपातिक समावेशीकरणको आवश्यकता पनि दर्शाइएको पाइन्छ ।

निर्णय प्रक्रियामा सबै वर्गको प्रतिनिधित्वलाई सम्बोधन गर्ने सन्दर्भमा रेडप्लसका परियोजना सञ्चालकहरूले समुदायकाबारेमा निर्णय लिने संस्थाहरूको सम्मान गर्ने विभिन्न तरिकाहरू छन् । आदिबासी समुदायलाई प्रतिनिधित्व र रेडप्लसको निर्णय लिने प्रक्रियाका सन्दर्भहरूको पहिचानका लागि विकल्पका रूपमा सहभागितामूलक संस्थागत विश्लेषण कार्यलाई लिन सकिन्छ । यदि कुनै समुदायले परम्परागत संस्थाबाट निर्णय लिने कार्य छनौट गर्‍यो भने रेडप्लस परियोजनाले समुदायका सबै वर्गको सहभागिताको प्रोत्साहन गर्न, जानकारी सङ्कलन गर्न, छलफल चलाउन तथा जानकारी आदानप्रदान गर्न सहजीकरण गरी निर्णय प्रक्रियामा सहयोग पुर्‍याउन सक्दछ ।

कुनै समुदाय रेडप्लस प्रबर्द्धकसँग परम्परागतरूपमा निर्णय लिइने पद्दति र संस्था तथा आधुनिक प्रणालीको मिश्रित प्रयोग गरी रेडप्लस सहकार्यमा संलग्न हुनसक्दछ । त्यस अवस्थामा स्थानीय प्रशासनिक निकाय र रेडप्लसको भूमिकासँग मिल्दो काम गरेकालाई थप सहभागी बनाउन सकिन्छ । अन्य कुनै समुदायले भने नयाँ संस्थाको स्थापना गरेर त्यस मार्फत निर्णय लिने प्रयास गर्न पनि सक्दछन् । यी सबै खालका सन्दर्भहरूमा मध्यस्तकर्ता र सहजकर्ताबाट गरिने सहजीकरण रेडप्लस परियोजना सञ्चालकहरूबाट स्वतन्त्र हुनु महत्त्वपूर्ण हुन्छ । समुदायसँग कुनै परिभाषामा सहमति हुनुपूर्व देखि नै स्वतन्त्रता वा तटस्थता महत्त्वपूर्ण हुन्छ किनभने स्पष्ट मार्गनिर्देशन नभएको खण्डमा सरकारले तटस्थता भएको बहाना बनाई आफ्नो निहित स्वार्थतर्फ सहमतिलाई डोर्‍याउन सक्दछ । समुदायले सहयोगको माग गरेको खण्डमा सहजकर्ता छनौट गर्न दिनुपर्दछ र समुदायको सो सन्दर्भमा कुनै सिफारिस भए सो पनि लिनुपर्दछ । समुदायसंग सल्लाहकारलाई छलफल प्रक्रियाको अवलोकन गर्न वा सहयोग गर्न निम्त्याउन सक्ने अधिकार हुन्छ । उनीहरूलाई उक्त सहयोग प्रदान गर्न सक्ने संस्थाको पहिचानका लागि सहयोग चाहिन सक्दछ ।

सहजकर्ताको लागि खर्च शीर्षकमा परियोजना सञ्चालकबाट प्रत्यक्ष पैसा आएको हुँदैन । व्यवहारमा भने सरकारले समुदायलाई रेडप्लस प्रस्तावनाहरू बुझाउन सहयोग गर्ने दायित्त्व नलिउञ्जेल परियोजना सञ्चालकले नै उक्त खर्च व्यहोर्नुपर्दछ वा त्यसका लागि दातृ संस्थाको व्यवस्था गर्नुपर्दछ । तटस्थता र पारदर्शिताका लागि समुदायका अगुवा र सहजकर्ताकाबिच तथा सहजकर्ता र सञ्चालककाबिच सम्झौतापत्रमा सहमति हुनुपर्दछ ।

परियोजनाका सञ्चालकहरूले रेडप्लस सहजीकरणका लागि स्थापना गरिएका कोषमा सहयोग गर्नुपर्ने हुन्छ । त्यस कोषलाई स्वतन्त्रतापूर्वक सञ्चालन गरेर सहजीकरणको लागि प्रयोग हुने रकम कुनै निश्चित समुदायको स्वार्थसँग सम्बन्धित नभएको विश्वास दिलाउनुपर्दछ ।

पूर्वी कालिमन्टानको लुजन समुदायले उनीहरूको परापूर्वकाल देखी चलन चल्तीमा रहेको जग्गाबाट रूख काट्ने सरकारी इजाजत प्राप्त काठदाउरा कम्पनीसँग छलफल गरी मिश्रित

निर्णय लिने प्रक्रियाको विकास गरे । उक्त समुदायमा वृद्ध तथा बुढापाकाहरूको भनाइ तथा परम्परागत नियमहरूको सम्मान गर्ने चलन भएता पनि हालैका दशकमा बसाइँ सरेर आएका परिवार भने सरकारी प्रशासनमा धेरै भर पर्न थाले । सम्पूर्ण समुदायको भेलाले परम्परागत अगुवहरू र गा.वि.स.का निर्वाचित अधिकारी रहेको समूहलाई उक्त काठदाउरा कम्पनीसँग छलफलका लागि मञ्जुरी दियो ।

### आदिबासी जनजाति र स्थानीय समुदायले जानकारी राख्नु पर्ने कुराहरू

- आफ्नै प्रतिनिधि निकायहरू मार्फत निर्णय गर्ने उनीहरूको अधिकार छ भन्ने कुरा ।
- रेडप्लस परियोजनाका सबै सरोकारवालाको दायित्त्व अन्तर्राष्ट्रियस्तरकै स्वीकृत नियम अनुसार भेदभावरहित कार्यहरू प्रवर्द्धन गर्नुपर्ने कुरा ।
- आफ्नै संस्कृति र निर्णय प्रक्रियाको मागहरूको सम्बोधन गर्न स्वतन्त्र सहजकर्ताको सहयोग प्राप्त गर्ने कुरा समुदायको अधिकार भएको र त्यस मार्फत उनीहरूले आफ्ना प्रतिनिधिमूलक निकाय बनाउन सक्ने कुरा ।
- एफपिआइसीको सिद्धान्तमा आधारित निर्णयहरू लिने उनीहरूको अधिकार भएको कुरा ।
- निर्णय लिने प्रक्रियाबाट वञ्चित वा अधिकारको दुरूपयोग भएको समुदायमा समुदायको आफ्नै समूह भित्र सन्तुलन तथा नियन्त्रण हुनुपर्ने कुरा ।

### सिफारिस गरिएका थप सन्दर्भ सामग्रीहरू

Andersson, K. 2006. Understanding Decentralized Forest Governance: An Application of the Institutional Analysis and Development Framework. *Sustainability: Science, practice and Policy* 2 (1):25-35. Available at: sspp.proquest.com

Forest Peoples Programme. 2008. *Free Prior and Informed consent and the Roundtable on Sustainable Palm Oil- A guide for Companies*. Moreton-in-Marsh, UK. Available at: www.forestpeoples.org



## तत्त्व ३ अधिकारको पक्षमा पैरवी गर्ने राष्ट्रिय स्तरका सहयोगी निकाय तथा संरचनाहरूको पहिचान

एफपिआइसीका नियम र पुर्ख्यौली/परम्परागत कानून लागु भएका फिलिपिन्स बाहेक दक्षिणपूर्वी एसियाका राष्ट्रहरूको राष्ट्रिय कानुन र नियमहरूले आदिबासी जनताको परम्परागत जमिनको हकको सिमित रूपमा मात्र संरक्षण गरेका छन् । फिलिपिन्समै पनि धेरै आदिबासी समुदायले एफपिआइसीको नियमको दुरूपयोग गरिएका/भएका कारण आफ्नै पुर्ख्यौली जमिनमा भएका खानी वा अन्य विकासका कामहरू रोक्न सकेका छैनन् ।

वन व्यवस्थापन र नियन्त्रणमा स्थानीय समुदायले परम्परागत रूपमा प्रयोग गर्दै आएका अधिकारहरू पनि ती समुदायहरूले पूर्णरूपमा प्रयोग गर्न सकेका छैनन् । रेडप्लसको विकासका सन्दर्भमा आदिबासी जनजाति र स्थानीय समुदायलाई अधिकारको प्रयोग गर्न, अधिकारबारे बुझ्न र सरकार र अन्य पक्षबाट यसको पहिचान र सम्मानको लागि वकालत गर्न सहयोगको खाँचो पर्दछ । समुदायहरू आफूलाई अधिकारमा आश्वस्त हुन सहयोग गर्ने पैरवी समूह, स्रोत र विज्ञका बारेमा अनविज्ञ रहन सक्दछन् । रेडप्लस परियोजना सञ्चालकले अनुसन्धान गरी प्रभावित हुनसक्ने समुदायलाई अधिकार पैरवीको सहयोगबारे जानकारी दिनुपर्दछ । रेडप्लस परियोजनाले

अधिकारको सम्मान प्रक्रियाको अभिलेख राख्ने र कार्यान्वयन गर्ने कामको पहिचानका लागि समुदायको प्रयासलाई सहयोग गर्ने महत्त्वपूर्ण काम गर्नसक्दछ । परियोजना सञ्चालकहरू समुदायको अधिकारबारे पैरवी गर्ने प्रयासमा सम्बन्धित सरकारी निकायहरूमा एफपिआइसीको र समुदायको अधिकारको पहिचानबारे जानकारी दिएर सहयोग गर्न तयार हुनुपर्दछ ।

केही सरकारहरूले वनको कार्बन कसको स्वामित्त्वमा रहने, कार्बन उत्सर्जन घटाउने प्रयासमा लगानी कसले गर्ने तथा उत्सर्जन घटाएर बिक्री गर्ने जस्ता क्रियाकलापहरूलाई नियमन गर्न नीति नियम तर्जुमा गर्ने जस्ता कार्य गरेका छन् तर धेरैजसो देशमा अझै पनि स्थानीय समुदाय र आदिबासी जनजातिको पुर्ख्यौली क्षेत्रको कार्बनको स्वामित्त्व, व्यवस्थापन र बिक्रीको अधिकारको कुरामा प्रष्ट बुझाइ नभइसकेको अवस्था छ ।

यूएनरेडको निर्देशिकाले सरकारलाई यी सवालहरू सम्बोधन गर्न तथा एफपिआइसीको सम्मानका लागि आवश्यक पहलहरूमा प्रस्ट हुन सुझाव दिएको छ । तैपनि रेडप्लस परिक्षण परियोजना सञ्चालन भएका धेरै ठाउँहरूमा वन कार्बन परियोजनाबाट फाइदा लिने समुदायको अधिकारको सही पहिचान भएको छैन र निकट भविष्यमा पनि हुने सम्भावना देखिँदैन । तै पनि त्यस्ता नमुना क्षेत्रभित्र रेडप्लस परियोजना सञ्चालकहरूले एफपिआइसीका धेरै पक्षहरू पूरा गर्नुपर्ने हुन्छ । केही क्षेत्रहरूमा भने परियोजना सञ्चालकले रेडप्लस विकासको अनुमति (एमओयु), चाहना पत्र र परियोजना विकासका लागि अनुमति लिन नपाइकनै गैर कानूनी रूपले रेडप्लस परिक्षण परियोजनाहरूमा समुदायका फाइदाहरू बारे लेखाजोखा गरिरहेका छन् । तसर्थ रेडप्लस परिक्षणको योजनाका लागि अनुमति पाउनुभन्दा पहिले नै समुदायको सहमति लिने काम लगभग असम्भव नै छ । त्यस्ता अवस्थामा परियोजना सञ्चालकले सम्भावित असर पर्न सक्ने समुदायलाई पूर्व सहमतिको सिद्धान्तलाई सम्मान गर्दै रेडप्लसको योजना स्वीकृति हुने बित्तिकै खवर गर्नुपर्दछ । रेडप्लस परियोजना सञ्चालकले समुदायसँग सहमति नलिई उनीहरू रेडप्लस परियोजनाका अन्य क्रियाकलापहरूको स्वीकृति सरकारसँग लिने छैनन् भन्ने कुरामा प्रस्ट पार्नुपर्दछ ।

केही क्षेत्रहरूमा परियोजना सञ्चालकले परम्परागत जमिन प्रयोग भएको पुष्टि गरेमा सरकारले रेडप्लस परियोजना विकासको स्वीकृति प्रदान नगर्न सक्दछ । त्यस्तो अवस्थामा प्रभावित समुदायको एफपिआइसीको अधिकार सहितको रेडप्लस परियोजना विकास गर्न पनि सम्भव नहुन सक्दछ । इन्डोनेसियाको हालको कानुन अनुसार सरकारले समुदायको अधिकार नभएको जमिनको कुनै निश्चित क्षेत्रमा ओयल पाम वृक्षरोपण र विकासका लागि मात्र स्वीकृति दिनसक्दछ । यदि कुनै कम्पनीले स्वयंसेवी रूपमा परम्परागत समुदायको हककाबारेमा बहस गर्दछ भने उसले त्यस क्षेत्रमा ओयल पामको विकास गर्ने स्वीकृति/अनुमति पाउन सक्दैन ।

त्यसैले समुदायको जमिनमाथीको परम्परागत अधिकारको परियोजना क्षेत्रमा वा राष्ट्रिय स्तरमा सुनिश्चितता गर्नु रेडप्लस परियोजना सञ्चालकको इच्छा हुन आउँदछ । रेडप्लसको बढ्दो महत्त्वले गर्दा राष्ट्रिय स्तरमै वन नीति परिमार्जनमा मद्दत गरेको छ । उदाहरणका लागि क्याम्वोडियामा राष्ट्रिय सामुदायिक वन कार्यक्रमले थप गति लिनुको पछाडि वन प्रशासनले राष्ट्रिय रेडप्लस कार्यक्रमको सफलता, स्थानीय समुदायको साथ र सहभागितामा निर्भर रहन्छ भनेर मनन गर्नुलाई मानिन्छ । समुदायको एफपिआइसीको अधिकार बढाउन पैरवीका प्रयासहरूलाई बलियो पार्न सरकारलाई दबाव दिनकालागि रेडप्लस परियोजना सञ्चालकको सहयोगले त्यस क्षेत्रका अन्य देशहरूमा समेत सहयोग गर्न सक्दछ ।

### आदिबासी जनजाति र स्थानीय समुदायले जानकारी राख्नुपर्ने कुराहरू

- जहाँ आदिवासी जनजाति र स्थानीय समुदायको जमिनप्रतिको अधिकार राष्ट्रिय रूपमा पहिचान गरिएको छैन वा यस सम्बन्धी निर्णयहरू लागू नहुन सक्दछन् वा पुनः छलफलको जरूरी हुनसक्दछ त्यहाँ एफपिआइसीको अधिकारको सम्मानको प्रक्रियामा सहभागिताको असर पर्ने कुरा ।
- विश्वसनीय छलफलका माध्यमबाट परियोजना सञ्चालकले लिन सक्ने वा लिने अधिकारको कुरा ।
- जमिन/स्रोतको अधिकारका लागि निरन्तर पैरवीको महत्त्व छ भन्ने कुरा ।
- समुदायले आफ्नै देशमा कसरी राष्ट्रियका सहयोगी संस्थाको पहिचान गर्न सक्छन् भन्ने कुरा ।
- समुदायसँग प्रत्यक्ष रूपमा संलग्न नभएका तेस्रो पक्षसँग पनि छलफलको अधिकार भएको कुरा ।

### बाहिरी गुनासो व्यवस्थापन संरचनामा पहुँचका लागि समुदायलाई सहयोग

समुदायलाई उपलब्ध गुनासा व्यवस्थापन स्रोतहरूका बारेमा जानकारी दिन कम्पनीहरूसँग धेरै माध्यमहरू हुन्छन् । यस्ता माध्यममा बाह्य विकल्पहरूका बारेमा सामान्य जानकारीदेखि कानुनी सहयोग माग्न पुगेका मानिसलाई सहयोग गर्ने सम्मका उपायहरू हुन्छन् । उदाहरणका लागि जब जर्जियाको बाकु विल्सि सेइलान (विटिसि) पाइपलाइन परियोजनाले स्थानीय समुदायका सरोकारवालाहरूसँग जमिनको वैधानिक स्वामित्त्वको प्रमाण नभएको थाहा पायो र उसले कानुनी प्रक्रियाको खर्च देखिका अन्य सहयोग गरेर स्थानीय प्रशासन र अदालतलाई त्यस सवालको सम्बोधन गर्न दवाव दियो ।

त्यस्तै अजरवैजानमा विटिसि परियोजनाले कानुनी र आर्थिक शिक्षाका लागि केन्द्र नामक स्थानीय गै.स.स. लाई सहयोग प्रदान गरेर छलफलमा समझदारी नभएका बेला तेस्रो पक्षका रूपमा सहयोग गर्न अनुरोध गऱ्यो । उक्त सेन्टरले अदालतमा लैजान इच्छुक गुनासाहरूलाई निःशुल्क कानुनी सेवा पनि प्रदान गर्दै आएको छ ।

स्रोत: Herbertson, K. *et al.* 2009. *Breaking Ground - Engaging Communities in Extractive and Infrastructure Projects*. World Resource Institute, Washington DC. Available at: www.wri.org

### सिफारिस गरिएका थप सन्दर्भ सामग्रीहरू

AIPP, IWGIA, FPP, and Tebtebba Foundation. 2010. What to do with REDD? A Manual for Indigenous Trainers. AIPP, IWGIA, FPP, and Tebtebba Foundation. Available at: www.forestpeoples.org

IWGIA, AIPP, FPP, and Tebtebba Foundation. 2010. What is REDD? A Guide for Indigenous Communities., IWGIA, AIPP, FPP, and Tebtebba Foundation. Available at: www.forestpeoples.org

Sprechmann, S., and E. Pelton. 2001. Advocacy Tools and Guidelines: Promoting Policy Change, CARE, Atlanta. Available at: www.care.org



## तत्त्व ४ | सहमतिको खोजी र प्राप्तिको विकास प्रक्रिया

सहमतिको खोजी र प्राप्ति गर्ने प्रक्रियाका बारेमा समुदाय र परियोजना सञ्चालक दुबै पक्षको सहमति कायम हुन सकेमा दुबै पक्षले सहमति दिने वा नदिने भन्नेबारेको समुदायको अधिकार र यसका प्रक्रिया बुझ्न सजिलो हुन्छ ।

रेडप्लस परियोजनामा आपसी समझदारीको प्रक्रियाको विकास तथा सहमतिका लागि समुदाय र परियोजना निर्माता दुबैका पक्षबाट प्रशस्त समय र मेहनत चाहिन्छ । यसका लागि आपसी सद्भाव, खुलापन र विश्वासको वातावरणको निर्माण जरूरी हुन्छ । त्यस्तो वातावरण परियोजनाको शुरूवातमै हुने प्रारम्भिक छलफल, त्यसपछिका प्रक्रियाहरूमा समुदायको ध्यानाकर्षण गराउने तरिका र समुदायले परियोजना निर्मातासँग छलफल र सहयोगका लागि मध्यस्थता गर्न कस्तो संस्था वा निकायलाई रोज्दछ भन्ने कुरामा निर्भर हुन्छ ।

समुदायको प्रस्तावित विकास कार्यलाई अस्वीकार गर्ने अधिकारलाई कुनै निश्चित क्षेत्रमा सरकारले सम्मान नगर्न वा अनुमति नदिन पनि सक्दछ । त्यस्तो अवस्थामा समुदाय आफ्नो अधिकार सुनिश्चित गर्न असक्षम हुन्छ र सरकारी नीतिको विरोधमा प्रभावकारी रूपमा उत्रन पनि सक्दैन । त्यसैले त्यस्तो अवस्थामा परियोजना सञ्चालकले समुदायलाई उनीहरूको असहमतिको अधिकारको सम्मान हुन्छ भन्नेबारे आश्वस्त पार्ने तरिकाहरूको खोजी गर्नु जरूरी छ । सम्भव भएसम्म सरकारबाट रेडप्लसलाई असहमति गर्ने अधिकारको सुनिश्चितताको लिखित प्रतिबद्धता लिनुपर्दछ । निश्चित समुदाय रेडप्लस प्रस्तावनाको कुनै निश्चित पक्षमा मात्र असहमत हुन सक्दछन् । क्रमबद्ध र सम्मानजनक छलफल/वार्ताका माध्यमबाट परियोजना सञ्चालकले प्रस्तावित परियोजनाको कुन भाग समुदायले सहयोग गर्न इच्छुक हुन्छन् र कुन भाग परिमार्जन गर्न चाहन्छन् भनि निश्चित गर्नुपर्दछ ।

कुनै पनि सहमति प्रक्रिया परियोजनाका सबै तहहरूमा कसरी सहमति ल्याउने र कुन कुन समयमा के के गर्ने भन्ने समयतालिका (सुरूवात छलफल, जानकारी संकलन, असरहरूको आँकलन, मुनाफा र विकल्पहरू) अनुसार अघि बढाउनुपर्दछ । यो तालिका छलफल र सहमतिको कार्यान्वयनको लागि सान्दर्भिक हुनुपर्दछ । यस प्रक्रियामा सहमतिको खोजी र सहमति दिने कार्य हरेक तहहरूमा रहनु महत्त्वपूर्ण हुन्छ । उदाहरणका लागि समुदाय प्रारम्भिक छलफलमा सहमति हुनसक्दछ तर जानकारी संकलनमा अगाडि बढ्न नचाहने हुनसक्दछ । अर्को समुदाय भने हरेक तहमा सहमति प्रदान गर्ने तर अन्त्यमा छलफलमा उपलब्ध प्राप्तिप्रति असन्तुस्ट रहन सक्दछ । छलफलबाट महत्त्वपूर्ण जानकारीलाई हटाइएको वा छुटेको खण्डमा समुदाय र कम्पनीबिचको विश्वास कमजोर हुने तथा समुदाय परियोजना निर्मातासँग संलग्न भई अगाडि बढ्न इच्छुक नहुन सक्दछ ।

सहमति प्रक्रिया हस्तक्षेप मुक्त र बढाइचढाइ नभएको तथा स्पष्ट छ भन्ने देखिनु जरूरी हुन्छ । त्यसले प्रतिनिधित्त्व, भूमिकाको पहिचान, विभिन्न तहहरूमा यसको आवश्यकता, एफपिआइसीका बिन्दुहरू, सहमतिमा पुग्ने तरिका (छलफल, मतदान), सहमतिका लागि चाहिने योग्यता (उपस्थितिको प्रतिशत, मतको प्रतिशत), विवाद सुल्झाउने प्रक्रिया र सहमति अड्किएको खण्डमा के गर्न सकिन्छ भन्ने उपाय तथा विधि राखिएका प्रावधानहरू, पुनः वार्ताको समयावधिहरूको स्पष्ट ब्यवस्था गरेको हुनुपर्दछ ।

सहमतिका लागि दवाव दिने पक्षहरू समुदायभित्रैबाट आएका पनि हुनसक्दछन् । परियोजनाको सहमतिका लागि आफ्नै पद्धतिको विकास गर्न पाउने समुदायको अधिकारको सम्मान गर्ने क्रममा परियोजना सञ्चालकहरूले समुदायसँग कसरी सीमान्तकृत समूह (महिला, गरीब, राजनीतिक सहयोग विहीन) लाई समुदायको आन्तरिक सहमति पद्धतिमा सहभागी गराउन सकिन्छ भन्ने प्रश्न गर्न सक्दछन् ।

रेडप्लसको प्रस्तावना अस्वीकार गर्ने अधिकारको पनि सम्मान भएको हुनुपर्दछ र असहमति जनाएको लगत्तै पुनः वार्ता गर्ने प्रयास गर्नुहुँदैन । तर समुदायलाई कुन कुन अवस्थामा वा के के भएको खण्डमा यो प्रस्तावनाले समुदायको इच्छा पूरा गर्न सक्दछ भन्ने कुरा समुदायसँग सोध्नु पर्दछ ।

### सहमति लिने प्रक्रियामा देखिने केही कमी कमजोरीहरू

- गलत नेतृत्त्वसँगको वार्ता वा समुदायको महत्त्वपूर्ण भागको मात्र माग सम्बोधन गर्ने वार्ता हुनु ।
- शुरूवातका बेलैमा कुनै योजनाका बारेमा छलफल गर्न समुदाय तयार हुनुलाई नै रेडप्लस परियोजना प्रस्तावनामा छलफलका लागि तयारी भयो भन्ने सम्झनु ।
- परियोजनाका महत्त्वपूर्ण जानकारी वा परियोजनाका दायित्त्व तथा असरहरूकाबारे जानकारी दिने कार्यमा असफल हुनु ।
- विकास योजनाबारे छलफल गर्न वा स्वतन्त्र जानकारी लिन वा योजनाबारे सल्लाह लिन समुदायलाई पर्याप्त समय नदिइनु ।

### आदिबासी जनजाति र स्थानीय समुदायले जानकारी राख्नुपर्ने कुराहरू

- आपसी समझदारीमा भएको सहमति प्रक्रियामा उल्लेखीत समुदायका अधिकार, यसबाट सिर्जित दायित्व, परियोजना सञ्चालकले सहमतिको पालना नगरेमा सहमति भङ्ग गर्नसक्ने र कानुनी उपचार लिन पाउने अधिकार ।
- सहमति प्रक्रियाको कुनै पनि अवस्थामा स्वतन्त्र रूपमा कानुनी परामर्श लिन पाउने अधिकार ।

### सिफारिस गरिएका थप सन्दर्भ सामग्रीहरू

Oxfam Australia. 2010. *Guide to Free, Prior, and Informed Consent.* Calton, Victoria, Australia. Available at: www.oxfam.org.au

Suzuki, R. 2010. The role of trust in REDD+. *REDD-net Asia-Pacific Bulletin* 2 (October 2010). ODI & RECOFTC. Available at:www.redd-net.org

तत्त्व ५

## तत्त्व ५ | सहमति/सम्झौताको लागि विषयवस्तुको विकास

परियोजना सञ्चालक र समुदायबिचको सहमति/सम्झौतामा समुदायले प्रस्तावित परियोजनामा सहमति दिनका लागि निश्चित शर्तहरू राखिएका हुन्छन् । त्यसकारण पनि दुवै पक्षलाई चित्त बुझ्ने खालको सहमतिको प्रारूप र अवस्था पहिचान गर्नु महत्त्वपूर्ण हुन्छ । त्यस्तो प्रारूप लिखित, मौखिक, परम्परागत वा यी सबैको मिश्रित रूपमा पनि हुनसक्दछ ।

### सहमति सम्झौताको संरचना वा ढाँचामा निम्न कुरा समावेश भएको हुनुपर्दछ ।

- हस्ताक्षरमा सहमत पक्षहरू ।
- दुवै पक्षलाई स्वीकार्य भई सहमत भएको वस्तुगत प्रमाण ।
- स्थान, अधिकारवाला, स्रोतहरू, वनफँडानीका कारणहरू तथा पर्यावरणीय सेवा सम्बन्धी विस्तृत विवरण ।

- सहमतिको विस्तृत विवरण (परियोजना चक्रमा स्थानका आधारमा)। परियोजना कार्यान्वयनको सम्झौताका लागि निम्न कुरा समावेश हुनुपर्दछ ।
    - समुदायले व्यहोर्ने खर्च ।
    - समुदायले प्राप्त गर्ने मुनाफा ।
    - आवश्यकताहरू (निरीक्षण, तथ्याङ्क सङ्कलन, रिपोर्टिङ् आदि) ।
    - समुदायमा लादिएका नियम (जस्तैः वनका सामग्रीको उपयोगमा लगाइएको नियम) र बन्धनहरू ।
- अवधि ।
- सहमतिमा बाँधिने वा सहमतिको पालना गर्न तयार हुने व्यवस्था ।
- स्वतन्त्र प्रमाणीकरणको व्यवस्था ।
- क्षतिपूर्ति र कानुनी उपचारको प्रक्रिया ।
- अनुगमन योजनाको तयारी ।
- सहमति भएका बुँदाहरूमा असहमत हुन सक्ने अवस्था ।
- सहमति खोज्न प्रयोग गरिने अर्को उपायका बारेमा सहमति ।
- अनुसूचीहरू जस्तैः व्यवस्थापन योजना, दुवै पक्षलाई मान्य हुने आर्थिक विकासका क्रियाकलापका विस्तृत बुँदाहरू, कार्यान्वयनमा संलग्न प्रक्रियाहरूको विस्तृत जानकारी, आदि ।

यस प्रक्रियाका प्रमुख सरोकारवालाहरूमा अधिकारवाला प्रतिनिधि, स्वतन्त्र सहजकर्ता, परियोजना सञ्चालकहरू र सरकार पर्दछन् । परियोजनाका सञ्चालकहरूले अन्य संरक्षण सम्बन्धी सम्झौता वा आदिबासी जनजाति र स्थानीय समुदायसँगको खानी उत्खनन् उद्योग सम्झौताहरूबाट पाठ सिक्न सक्दछन् । उदाहरणका लागि भोइसे बे निकेल कम्पनी, द इनु नेशन एण्ड लाब्रेडर इनुइट एसोसियसनसँगको सम्झौतालाई लिन सकिन्छ । भोइसे बे सम्झौतामा जनताको जमिनको सम्बैधानिक अधिकारको पहिचान गरी उनीहरूको सहमति प्राप्त भएपछि मात्र उत्खनन् अगाडि बढ्ने कुरा प्रष्ट पारिएको थियो । यर्थाथमा यसले आदिबासी जनजाति तथा स्थानीय समुदायको परियोजना निर्माणमा सहभागिता, रोजगारी, वातावरण संरक्षण, सामाजिक संरक्षण, संस्कृतिको संरक्षण तरिकाहरूबारे सुनिश्चितता प्रदान गर्दछ । यस सम्झौताका सम्बन्धमा थप जानकारीका लागि www.docstoc.com हेर्नुहोस् ।

### आदिबासी जनता र स्थानीय समुदायले जानकारी राख्नुपर्ने कुरा

- सहमति सम्झौताका सबै पक्षहरू सार्वजनिक पहुँचमा हुनुपर्दछ ।

### सिफारिस गरिएका थप सन्दर्भ सामग्रीहरू

Lehr, A., and G. Smith. 2010. *Implementing a Corporate Free, Prior and Informed Consent Polciy.* Foley Hoag LLB, Boston and Washington, DC. Available at: www.foleyhoag.com

## कम्बोडिया: ओडार मिन्चे सामुदायिक वन रेडप्लस परियोजनामा समुदायसंगको छलफल

ओडार मिन्चे सामुदायिक वन रेडप्लस परियोजना क्याम्बोडियाको प्रथम रेडप्लस परियोजना हो । यसले देशका अन्य ठाउँमा समुदायमा आधारित रेडप्लस परियोजनाहरूलाई पाठ/ सिकाइ प्रदान गर्दछ ।

यो परियोजना ओडार मिन्चे प्रान्तमा अवस्थित छ । यसले झन्डै ७०,००० हेक्टर सदावहार र पतझर वन तथा १३ समुदायमा छरिएका १०,००० भन्दा बढी घरधुरीहरूलाई समेटेको छ । धेरैजसो घरधुरी खमेर समुदायका हुन् भने सानो सङ्ख्यामा कुए आदिबासी पनि छन् । रवरको उत्पादनको बिस्तार, चिनी र पाम तेल उत्पादनमा प्रोत्साहन तथा बसाइँसराई गरी आउने निम्न तहका किसानहरूका कारण त्यस प्रान्तमा वार्षिक २ प्रतिशतका दरले वनविनाश हुँदै आएको छ । समुदायले हालसालै सामुदायिक वनका लागि सम्झौता सुनिश्चित गरी वन व्यवस्थापन र कार्बनबाट हुने मुनाफाका अधिकार कानुनी रूपमै सुरक्षित गरेको पाइन्छ ।

आवश्यकता अनुसारको मात्रमा उपलब्धी प्राप्त गर्न परियोजनाले १३ वटा विभिन्न इच्छीत सामुदायिक वन क्षेत्रलाई समायोजन गऱ्यो । सन् २००९ को अन्त्यदेखि यसले जलवायु, समुदाय र जैविक विविधता मापदण्ड (सिसिबिएस) र स्वैच्छिक कार्बन मापदण्ड (भिसिएस) प्राप्तिका लागि काम गरिरहेको छ । यो कार्यलाई सन् २०११ मा प्रमाणीकरणको लागी र त्यसपछि लगत्तै कार्बन बेच्ने लक्ष्य राखेर अघि बढाइएको छ । ३० वर्षको अवधिमा ७ मिलियन मेट्रिक टन कार्बन शोषण गर्ने उद्देश्य बोकेको यस परियोजनाले डानीडा, प्याक्ट, द क्लिन्टन क्लाइमेट इनिसियटिभ र यूएसडिएसबाट आर्थिक सहयोग प्राप्त गरेको छ ।

### सल्लाह तथा छलफलको प्रक्रिया

प्रस्तावित रेडप्लस परियोजनामा परामर्श गर्नु भन्दा पहिले समुदायहरूले प्रतिनिधिहरूको छनौट गरी उनीहरूलाई सामुदायिक वन विकास प्रक्रियामा निर्णय गर्ने अधिकार दिए । यसका साथै प्रतिनिधिहरूलाई सामुदायिक वन विकास प्रक्रिया अन्तर्गत कार्य गर्न अधिकार समेत प्रदान गरे । आफ्ना प्रतिनिधिहरूको माध्यमबाट यी १३ समुदायहरूले छुट्टाछुट्टै र सामुहिक रूपमै पनि रेडप्लसका परियोजना सञ्चालकहरूसँग छलफल गर्ने अवसर पाए । यस कोशिसको नतिजाको रूपमा तथा मन्त्रिपरिषद्ले परियोजनालाई दिएको निर्देशन अनुसार समुदायले अधिकतम मुनाफा प्राप्त गर्ने अवसर पायो । हाल कार्बनबाट प्राप्त खुद आम्दानीको न्यूनतम ५०% समुदायलाई प्रत्यक्ष रूपमा फाइदा पुग्ने काममा लगाउनुपर्दछ । यस लगायत अन्य अपेक्षित फाइदाहरूमा रोजगारीको अवसर, वन नियमको कार्यान्वयनमा थप सहयोग र यस सँगसँगै अन्य आर्थिक तथा वस्तुगत सहयोगहरू पनि रहेका छन् । हाल मुनाफा बाँडफाँटका लागी आवश्यक र निश्चित तरिकाहरूबारे छलफल भइरहेको छ । प्याक्टले वन प्रशासनलाई निर्णय प्रक्रियामा समुदायको पनि सुनुवाइ हुनुपर्ने कुराको सुझाव दिएको छ ।

परियोजनाको शुरूवातसँगै सन् २००८ को मार्च महिनादेखि समुदायहरूसँगको छलफल प्रक्रिया र गोष्ठीका सिलसिलाहरू शुरूभएका थिए भने सन् २००९ को नोभेम्वरमा क्षेत्रीयस्तरको गोष्ठीको आयोजना तथा सिसिबिएको परियोजना पत्र पेश गर्ने कार्य सँगै टुङ्गिएका थिए । धेरैजसो ग्रामीण बासिन्दा र स्थानीय पदाधिकारीहरूका लागि जलवायु परिवर्तन तथा कार्बन बजारको अवधारणा नौलो भएको कारणले गर्दा परियोजनाका सहजकर्ताहरूले बर्षभरि जसो नै ५० भन्दा बढी गाउँस्तरीय तथा जिल्ला स्तरीय गोष्ठीहरू मार्फत अवधारणाबारे प्रष्ट पार्न लागि परे । क्षेत्रिय स्तरका छलफल र अन्तर्क्रियाको तहसम्म आइपुग्दा समुदायका प्रतिनिधिहरू रेडप्लसका अवधारणामा तुलनात्मक रूपमा बढी जानकार हुनुका साथै आफूलाई लागेका जिज्ञासा तथा सम्बन्धी सवालहरूबारे प्रश्न राख्न सक्ने भइसकेका थिए ।

खमेर भन्ने स्थानमा एक दिने क्षेत्रीय अन्तर्क्रिया कार्यक्रम गरी सो अन्तर्क्रियाको सम्पूर्ण कार्य रेकर्डिङ समेत गरिएको थियो । यो कार्यक्रमको सहजीकरण स्थानीय साझेदारका रूपमा कार्यरत बालबालिका विकास संघ (सिडिए) नामक एक गैर सरकारी संस्थाका निर्देशक, प्यक्टका २ जना कर्मचारी र केन्द्रीय सरकारका वन प्रशासन हेर्ने एक अधिकारी (जो यस परियोजनाका लागि सम्पर्क अधिकृत पनि थिए) ले गरे । परियोजना क्षेत्रका १३ वटै समुदायका दुई दुई जना सदस्यहरूले यसमा भाग लिएका थिए । यसरी १७ महिला र ९ पुरूष गरी २६ जना समुदायतर्फबाट, २ जना गैरसरकारी संस्थाबाट र एकजना वन अधिकारीसहित अन्तर्क्रियामा सहभागी थिए । साना समूह छलफल तथा प्लेनरी छलफल र प्रस्तुतीहरू गर्दै सञ्चालन गरिएको यस कार्यक्रममा सहभागीहरूलाई खुल्ला छलफलका लागि उत्साहित गरिएको थियो ।

यो छलफल मुख्यतया परियोजना दस्तावेजका सम्बन्धित विषयहरू र क्षेत्रमा बढी केन्द्रित भएतापनि सहजकर्ताहरूले सहभागीहरूलाई केही बढी लचकताका साथ उनीहरूका चाहना बमोजिम छलफल अघि बढाएका थिए । फलस्वरूप सहभागीहरूबाट उत्साहजनक रूपमा बढीभन्दा बढी प्रश्नहरू आइरहेका थिए र सहजकर्ताहरूले पनि सकेसम्म त्यस्ता प्रश्नहरूलाई समाधानका सहज तरिकाहरू बताउँदै सम्बोधन गरेका थिए ।

### समुदायहरूबाट आएका प्रमुख सवालहरू

- परियोजनाबारे विस्तृत जानकारी दिनका लागि परियोजनाका फिल्ड कर्मचारीहरूको नियमित भ्रमण नभएको र उनीहरूले समुदायलाई एकै प्रकारको सन्देश नदिएको ।
- आफ्ना सदस्यहरूलाई रेडप्लससँग सम्बन्धित योजना तयार गर्न कठिनाइ भएको कुरा राख्न समुदायका अगुवाहरूलाई चूनौतीपूर्ण भएको ।
- समुदायका व्यक्तिहरूलाई वन संरक्षण कार्यमा आर्थिक सहयोग चाहिने भएकोमा उक्त सहयोग कहिलेबाट शुरू हुने भन्नेबारे उत्सुकता भएको ।
- रेडप्लससँग सम्बन्धित कुनै कुनै क्रियाकलापहरू कार्यान्वयन गर्न समुदायका व्यक्तिहरूसँग क्षमताको कमी भएको ।
- समुदायका कुनै कुनै अगुवाहरूले आफ्ना सदस्यहरूले कार्बनबाट प्राप्त हुने राजस्वबारे बढि आशावादी रहेको कुरा राखेको ।
- १३ मध्ये दुई समुदायले वनको स्वामित्त्व र अधिकार सम्बन्धी सम्झौता पाइनसकेको ।
- हाल प्रयोगमा आइरहेका सामुदायिक वनको सीमाना भित्रका कृषि भूमिहरूबाट कृषकलाई अलग गरिन्छ वा गरिंदैन भन्ने जिज्ञासा रहेको ।
- सामुदायिक वनको छेउछाउमा रहेका मध्यवर्ति क्षेत्र (जहाँबाट चुहावट हुनसक्छ) को संरक्षणको जिम्मेवारी कसमा रहने भन्ने अन्योलता देखिएको ।
- कुनै समुदायहरू सशस्त्र हतियारधारी काठ तस्करहरूद्वारा सताइएका ।
- समुदायहरूले जीविकोपार्जन सुधारका क्रियाकलापहरू (गाईवस्तु पालन, ट्र्याक्टर खरिद तथा ऋण लगानी जस्ता) गरेकोमा सहयोगको अनुरोध गरिएको ।
- कुनै एक सामुदायिक वनमा अन्यत्रबाट बसाइँसरी आएका व्यक्तिहरू बसेको र यस सवाललाई सम्बोधन गर्न सहयोग आवश्यक परेको ।
- समुदायका सबै सदस्यहरूलाई एकै ठाउँमा बोलाएर आम्दानी भएको रकम कसरी प्रयोगमा ल्याइन्छ र सबैको सहमतिमा खर्च गरिन्छ भन्ने कुराको जानकारी गराउँदै पारदर्शी ढंगले कसरी लाभांश वितरण गर्न सकिन्छ भन्ने बारेमा समुदायले जिज्ञासा राखेको ।

यी माथि उठाइएका कुनै पनि सवालहरूले परियोजनाको समग्र सहमतिमा असर नपुऱ्याउने ठानी समुदायबाट सहजै सहमति प्राप्त भयो । सन् २०१० भरि परियोजनामा कार्यरत सबैले माथि उल्लेखित सवालहरूलाई सम्बोधन गर्ने उद्देश्यले समुदायलाई फाइदाजनक अन्य महत्त्वपूर्ण कार्यहरू जस्तै रेडप्लस कार्यक्रम लागु भएका सामुदायिक वनहरूको सीमाङ्कन गरी यिनीहरूलाई कृषि भूमिबाट प्रष्ट छुट्याउने जस्ता कार्यहरू गरे । क्षेत्रियस्तरमा भएका बैठकहरूले समुदायसँगको छलफल र सहमति तथा सरोकारवालाहरूबिचको आपसी सहकार्यमा ठूलो भूमिका खेलेका छन् भने नियमित बैठकको तालिकालाई राम्रोसँग पालना गर्न समेत सहयोग पुगेको छ । सहभागीहरूलाई कुनै औपचारिक सहमति पत्रमा हस्ताक्षर नगराइएको भए तापनि प्रत्येक गोष्ठीको अन्त्यमा गरिने मूल्याङ्कनहरू तथा मौखिक स्वीकारोक्तिबाट परियोजना अघि बढाउने सहमति प्राप्त भएको छ । यसमा भाग लिने सहभागीहरूलाई आफूले सिकेका कुराहरू समुदायका अन्य व्यक्तिहरूसँग आदानप्रदान गर्न र त्यस सम्बन्धमा कुनै अप्ठ्यारो भए सहजकर्ताहरूलाई सम्पर्क राख्न प्रोत्साहित गरिएको थियो । परियोजनाको अन्त्यमा सबै समुदायहरूमा छलफल गोष्ठीहरू सञ्चालन गर्ने सोच हुँदाहुँदै पनि बजेटको सीमितताले गर्दा परियोजनाले बाँकी प्रक्रिया पूरा गर्न समुदायका प्रतिनिधिहरूमा मात्र भर पर्नु पऱ्यो ।

डेढ बर्षे परियोजनाको अवधिमा ओडार मेन्चे सामुदायिक वन र रेडप्लस परियोजनामा गरिएका छलफलहरूले स्वतन्त्र अग्रिम सुसूचित सहमतिको अधिकारलाई एकीकृत गर्ने प्रयास गरे । परियोजनाको आफ्नो सिमितता हुँदाहुँदै पनि यसमा भएका अनुभवहरूले रेडप्लस क्रियाकलापहरू सञ्चालन गर्न उपयोगी तौरतरिका तथा रेडप्लस कार्यक्रम सम्बन्धी स्थानीय समुदायका महत्त्वपूर्ण सवालहरूलाई उजागर गर्ने कार्य गर्न सफल भए ।

लेखक : अमान्दा ब्राड्ले, प्याक्ट कम्बोडिया, थप जानकारीका लागि www.pactcambodia.org

तत्त्व ६

## तत्त्व ६ | सञ्चार योजनामा सम्झौता

स्वतन्त्र अग्रिम सुसूचित सहमतिको अधिकारलाई सम्मान गर्ने प्रक्रियाका लागि एउटा निश्चित सञ्चार योजनाको जरूरत पर्दछ । यसको प्रमुख उद्देश्य सहमति प्रक्रियामा समुदायका सबै सदस्यहरू तथा स्थानीय सरकार, गैह्र सरकारी संस्था, कम्पनीहरू र छिमेकी समुदायहरू लगायत सबै पक्ष समक्ष सहमतिको सञ्चार होस् भन्ने हो । प्रत्येक समुदायहरूसँग हुने सञ्चार उक्त समुदायहरूले बोल्ने र प्रयोग गर्न सक्ने भाषामा हुनु अनिवार्य हुन्छ ।

केही परियोजना सञ्चालकहरू समुदायसँग सञ्चार गर्ने कार्यका लागि सरकारमा भर पर्ने गर्दछन् । यस्तो निर्भरताले परियोजनाबाट सञ्चार हुनुपर्ने मुख्य मुख्य कुराहरू/जानकारीहरू समुदायका महत्त्वपूर्ण तप्कासम्म नपुग्ने हुनसक्दछन् वा सञ्चार हुनुपर्ने कुरा कत्ति पनि सञ्चार नभएको हुनसक्दछ । एफपिआइसीका लागि बनाइने सञ्चार योजनाको तर्जुमा गर्न मात्र नभई कार्यान्वयन गर्ने कार्य समेत गर्नुपर्दछ । योजनाका निश्चित प्रतिशत काम कार्यान्वयनमा ल्याउने कार्य समुदायले नै गर्न पनि सक्दछ । प्रारम्भिक सञ्चारको शुरूवात गर्दै समुदायका चाहना अनुसार रेडप्लस परियोजना विकास कार्य तथा प्रदर्शनी स्थल बनाउने कार्य गर्नु राम्रो हुन्छ । शुरूवातमा नै परियोजना सञ्चालकले समुदायहरूलाई स्पष्ट रूपमा सहमति प्रक्रियाका सबै चरणहरू समेट्ने सञ्चार योजना तयारीका लागी सघाउनुपर्ने कुराहरू भनिदिनु पर्दछ ।

परियोजना सञ्चालकहरू वा सरकार स्वयम्ले नै सञ्चार योजना तय गर्नका लागि बाह्य क्षेत्रमा रहेका विज्ञहरूलाई ल्याउने कार्यमा नेतृत्व गर्नुपर्दछ । सञ्चार योजनाले सरोकारवालाहरू

बिचको जानकारीको आवश्यकतालाई परिपूर्ति गर्दै नयाँपनयुक्त र प्रभावकारी माध्यम पहिचान गर्दै उनीहरूलाई संलग्न गराउनुपर्ने हुन्छ । सञ्चारका लागि आवश्यक थप स्रोतहरू सङ्कलन गरिराख्नुपर्दछ । परियोजना सञ्चालक, सरकार तथा अधिकारवालाहरूको कर्तव्य र अधिकार स्पष्ट पारी समुदायको सबै व्यक्तिहरूमा पुऱ्याउनु पर्दछ ।

### आदिबासी जनजाति तथा स्थानीय समुदायहरूले जानकारी राख्नुपर्ने कुरा

- एफपिआइसी, परम्परागत भू–उपयोग र जमिनमा भएको कार्बन तथा वन स्रोतहरू जस्ता विषयहरू समेटिएका मुख्य सन्देशहरू सञ्चार योजनामा समावेश गर्नुपर्छ भन्ने कुरा

### सिफारिस गरिएका थप सन्दर्भ सामग्रीहरू

Business and Biodiversity Offsets Programme (BBOP). 2009. *Biodiversity Offsets and Stakeholder Participation: A BBOP Resource Paper*. BBOP, Washington, D.C. Available at: www.forest-trends.org

Lehr, A., and G. Smith. 2010. *Implementing a Corporate Free, Prior and Informed Consent Polciy*. Foley Hoag LLB, Boston and Washington, DC. Available at: www.foleyhoag.com

## तत्त्व ७ | क्षमता विकासको रणनीति तयारी



रेडप्लस परियोजनमा प्रभावकारी तरिकाबाट संलग्न हुन र आफ्नो ठाउँमा परियोजना सञ्चालन गर्न अनुमति दिने सम्बन्धमा सुसूचित निर्णय गर्नका लागि कुनै पनि समुदायलाई विविध प्रकारका क्षमताहरूको जरूरत पर्दछ । त्यस्ता आवश्यक क्षमताहरूमा साक्षरताका साथसाथै पारदर्शी र जवाफदेहीपूर्ण तरिकाले कोषको व्यवस्थापन गर्नसक्ने सीप पनि पर्दछन् । कुनै पनि समुदायका लागि तय गरिने क्षमता अभिवृद्धि रणनीतिले उक्त समुदायका सदस्यहरूलाई सहमतिमा लिने प्रक्रियाका हरेक चरणहरूमा संलग्न हुन आवश्यक पर्ने सीप विकास गर्ने लक्ष्य राख्नुपर्दछ । समुदायमा रहेका विभिन्न वर्ग तथा समूहहरू मध्ये महिला, दलित लगायतका पिछडिएका वर्गलाई उनीहरूको अवस्था र चाहना अनुसारका क्षमता अभिवृद्धि रणनीतिहरू समेत तय गर्नुपर्ने हुनसक्दछ । समुदायका सदस्यहरूलाई परियोजनाको योजना तर्जुमादेखि कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन तहसम्मै संलग्न हुन सीप र क्षमताको आवश्यकता पर्ने भएकोले क्षमता विकासका क्रियाकलापहरू परियोजनाको सम्पूर्ण अवधिभर नै चलाइरहनुपर्दछ ।

प्रारम्भिक सर्वेक्षणबाट नै समुदायको क्षमता सम्बन्धी आवश्यकता पहिचान गर्नुपर्दछ । यसका लागि समुदायस्तरका नेतृत्वकर्ताहरू साक्षर छन् छैनन्, परियोजनाका दस्तावेजहरू बुझ्न सक्ने छन् छैनन्, आदिबासी तथा स्थानीय जनताहरूका अधिकार र यस सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति नियमहरूबारे जानकार छन् छैनन् तथा प्रस्तावित परियोजनाका सम्भावित अवसर तथा चुनौतिहरूबारे उनीहरूको बुझाइको क्षमतालाई कसरी सुधार्न सकिन्छ जस्ता कुराहरूमा पूर्व जानकारी लिनुपर्दछ ।

क्षमता विकास कार्य सहभागितात्मक नक्साङ्कनको महत्त्वपूर्ण भाग हो । यस विषयमा चाख राख्ने सदस्यहरूले साधारणतया नक्सा कसरी पढ्ने, जिपिएस् तथा जिआइएस् कसरी प्रयोग गर्ने तथा आधार नक्शामा समुदायका तथ्याङ्कहरूलाई कसरी तहगत रूपमा मिलाउने जस्ता कुराहरू सिक्नुपर्ने हुन सक्दछ ।

ग्रामीणस्तरका समुदायहरूमा कोष र वित्त व्यवस्थापन कसरी गर्ने भन्ने ज्ञानको कमी हुनसक्दछ। यदि परियोजनाले लाभांश वितरणमा नगद भुक्तानी गर्ने कार्य गरेको छ भने समुदायको क्षमता पारदर्शी र जवाफदेही तवरबाट वित्तीय अभिलेख कसरी राख्ने भन्नेतर्फ बढाउनुपर्दछ । व्यक्तिहरूलाई आफूले प्राप्त गरेको पैसा कसरी सदुपयोग गर्ने वा बचत गर्ने भन्ने सम्बन्धमा समेत सहयोगको जरूरत पर्दछ ।

यी लगायत अधिकारवाला समुदायहरूलाई अन्य क्षेत्रमा समेत क्षमता अभिवृद्धिको आवश्यकता महसुस हुने गर्दछ। यी क्षेत्रहरूमा रेडप्लस परियोजना विकास तथा कार्यान्वयनमा आवश्यक पर्ने सम्पूर्ण प्राविधिक पक्षहरू, विवाद व्यवस्थापन तथा वार्तालाप र पैरवी गर्ने सीपहरू, अनुगमन मुल्याङ्कन गर्ने तथा प्रतिवेदन तयार गर्ने सीपहरू तथा यातायातका लागि चाहिने सहयोगहरू समेत पर्नसक्दछन् ।

क्षमता अभिवृद्धि रणनीतिले स्थानीय सरकार, गैह्र सरकारी संस्था लगायत अन्य सरोकारवालाहरूका आवश्यकताहरूको समेत सम्बोधन गर्नुपर्दछ । यसले ती सरोकारवालाहरूलाई परियोजनाका क्रियाकलापहरूमा संलग्न गराउन र स्थानीय समुदाय तथा परियोजनाको उद्देश्य आत्मसात् गर्न मद्दत पुऱ्याउँदछ । यस्ता सरोकारवालाहरूको क्षमता अभिवृद्धि क्रियाकलापहरूले विभिन्न समूहहरू बिच हुने भेदभाव तथा जातीय विभेदलाई समेत कम गर्न सहयोग पुऱ्याउनुपर्दछ ।

स्थानीय गै.स.सं., परियोजना सञ्चालक र स्थानीय सरकारको क्षमता अभिवृद्धि सम्बन्धी अन्य क्रियाकलापहरूमा परियोजना क्षेत्रमा भएका सांस्कृतिक समूहहरूको पहिचान र यिनीहरूबिचको सञ्चार, रेडप्लसमा हुने अधिकारहरू, एफपिआइसीको अवधारणा र परिचय तथा यसलाई सहजीकरण गर्ने सीप, निश्चित सांस्कृतिक परिवेशभित्र अपनाइने प्रभावकारी सञ्चार रणनीति, समुदायबाट प्राप्त पृष्ठपोषणहरूको प्रयोग आदि पर्दछन् ।

### आदिबासी जनजाति तथा स्थानीय समुदायहरूले जानकारी राख्नुपर्ने कुराहरू

- एफपिआइसी सम्बन्धी क्षमता अभिवृद्धि र त्यस सम्बन्धी बुझाइमा स्पष्टता ल्याउन उनीहरूलाई विभिन्न प्रकारका सहयोगहरू उपलब्ध हुन्छन् ।
- उनीहरूको सुझाव र सल्लाहले नै क्षमता अभिवृद्धि क्रियाकलापहरूबाट प्राप्त हुने उपलब्धिको निर्धारण हुने हुँदा यस्ता रणनीतिहरूमा ती सुझावहरू आवश्यक हुन्छन् ।

### सिफारिस गरिएका थप सन्दर्भ सामग्रीहरू

AIPP, IWGIA, FPP and Tebtebba Foundation. 2010. *What to do with REDD? A Manual for Indigenous Trainers*. AIPP, IWGIA, FPP, and Tebtebba Foundation. Available at: www.forestpeoples.org

IWGIA, AIPP, FPP, and Tebtebba Foundation. 2010. *What is REDD? A Guide for Indigenous Communities*. IWGIA, AIPP, FPP, and Tebtebba Foundation. Available at: www.forestpeoples.org

## एफपिआइसीको अधिकारलाई मान्यता दिने प्रक्रियाको कार्यान्वयन

रेडप्लस परियोजनाका सञ्चालकहरूले समुदायका व्यक्तिहरूको एफपिआइसीको अधिकारलाई सम्मान गर्दै समुदायहरूलाई रेडप्लस परियोजना निर्माणका क्रममा हरेक चरणमा पूर्ण सहभागी गराउन प्रयास गरेमा ती समुदायहरू सजिलैसँग यस प्रक्रियामा सहभागी हुन्छन् । पुस्तिकाको यो भागले परियोजना निर्माणमा एफपिआइसी सम्बन्धी अधिकारलाई परियोजना निर्माणमा एकीकृत गर्ने तरिका तथा समुदायका लागि वैकल्पिक सूचना तथा स्वतन्त्र सुझावमा आवश्यक पर्ने चरणहरू के के हुन् भन्नेबारे प्रष्ट पार्न खोजेको छ ।

## तत्त्व ८ | रेडप्लस परियोजना निर्माणमा एफपिआइसीको अधिकारको एकीकरण/ग्यारेन्टी

प्रस्तावित विकास कार्यमा समुदायको सहमति लिने कार्य एक पटक गर्दैमा सकिने प्रक्रिया होइन। एफपिआइसीको अधिकार परियोजनाको अवधिभर चलिरहन्छ। परियोजना निर्माणकर्ताले रेडप्लस योजना तथा परियोजनाका हरेक तहमा समुदायको सहमति लिनुपर्दछ। परियोजना निर्माणकर्ताले धेरैजसो समुदायका व्यक्तिहरूसँग छलफल गर्नुभन्दा पनि बढी समय परियोजनाका लागी इजाजत लिने र योजना बनाउने कार्यमा खेर फालेर गल्ती गरिरहेका हुन्छन्। यो कार्यले ती समुदायको एफपिआइसी सम्बन्धी अधिकारको सम्मान गर्दैन। फलस्वरूप उनीहरू समुदायसम्म परियोजना लिएर जाँदा समुदायका व्यक्तिहरू परियोजनामा अनिच्छुक हुनाको साथै परियोजना कार्यान्वयनमा सहभागी समेत हुँदैनन्। यसको विपरीत यदि रेडप्लसका परियोजनाहरू योजनाबद्ध ढङ्गबाट समुदायसँगको नियमित छलफल तथा सहमतिबाट ल्याइएको छ भने त्यस्ता परियोजनाहरू सहजै स्वीकारयोग्य हुनुका साथै जनताका इच्छा र चाहनाहरूलाई सम्बोधन गर्नसक्ने हुन गई सजिलै कार्यान्वयन गर्न सकिने खालका हुन्छन्।

परियोजना सञ्चालकले समुदायसमक्ष परियोजना प्रस्ताव प्रस्तुत गर्दा उक्त परियोजनाका हरेक चरणहरूबारे वर्णन गर्नुपर्दछ। परियोजना निर्माण तहमा नै समुदायका व्यक्तिहरूको सहमतिको लागि उनीहरूको सुझाव सल्लाह लिनुपर्ने हुन्छ। यसै क्रममा उनीहरूलाई आश्वस्त पार्न सक्नुपर्दछ कि योजना तर्जुमा र कार्यान्वयनका हरेक तहहरूमा एफपिआइसीका अधिकारहरू स्पष्ट छन्। यसका लागि मुख्यमुख्य प्रश्नहरूको एउटा सूची तयार गरी सो सूचीलाई एफपिआइसीसँग सम्बन्धित परियोजनाको विविध चरणको पुनरावलोकन गर्न प्रयोग गर्न सकिन्छ।

यदि समुदाय बाहिरका व्यक्तिहरूले परियोजना निर्माणका लागि आवश्यक विभिन्न कामहरू गर्नुपर्ने अवस्था छ भने सो कुरा समुदायसँग पहिले नै स्पष्ट पार्नुपर्दछ किनकि समुदायले कुनै बाहिरियाहरूलाई स्वीकार्दछन् भने कुनैलाई नस्विकार्न पनि सक्दछन्।

परियोजनाका कारण भू-उपयोगमा प्रस्तावित गरिएको परिवर्तनलाई स्पष्टरूपमा समुदाय समक्ष वर्णन गरिदिनुपर्दछ। परियोजनाबाट हुने प्रत्यक्ष अप्रत्यक्ष सबै प्रकारका फाइदा र लगानी तथा वैकल्पिक भू-उपयोगबाट हुनसक्ने संभावित फाइदाहरूलाई समेत स्पष्ट पार्नुपर्दछ। समयसँगै लागत तथा यसबाट हुने फाइदाहरू फरक पर्न सक्दछन्। यदि परियोजना सञ्चालकहरूले दिएको जानकारीभन्दा परियोजनाबाट प्राप्त हुने फाइदा बढी या घटी भएमा त्यसले कस्तो असर पार्नसक्दछ भन्ने सन्दर्भमा समेत समुदाय सचेत हुनु जरूरी छ।

परियोजनाबाट हुने लाभांशको बाँडफाँटबारेमा समुदायभित्र विस्तृत छलफल हुनु जरूरी हुन्छ। लाभांश बाँडफाँटमा समुदायका महिला लगायत सबै व्यक्ति र पछाडि पारिएका समूहहरूले समानुपातिक रूपमा सहभागी हुन पाऊन् भन्नका लागि परियोजना सञ्चालकहरूले सहजीकरण गर्नुपर्ने हुन्छ। परियोजनाको कार्यान्वयनका क्रममा कुनै पनि प्रकारका गुनासाहरू नआऊन् भन्नाका लागि यस प्रकारको सहजीकारण महत्त्वपूर्ण हुन्छ। समुदायहरूलाई सफल रूपमा लाभांश वितरणको व्यवस्थापन गर्न सक्षम बनाउन अन्य समुदायहरूमा भ्रमण गराउने तथा लाभांश वितरण सम्बन्धी सफल प्रयासहरूबारे जानकारी गराउने कार्य गर्न सकिन्छ।

परियोजनाको निर्माण चरणमा नै सरकारलाई यस सम्बन्धी जानकारी दिनुपर्दछ। मुख्य गरी परियोजनाका हरेक चरणमा समुदायहरूको सहभागिता कसरी गराइन्छ र उनीहरूको सहमति कसरी जुटाइन्छ भन्नेबारे सरकारलाई स्पष्ट जानकारी गराउनुपर्दछ। सरकारसँग पनि सेवा तथा

भुक्तानी या फाइदाहरू कसरी समुदायलाई समानुपातिक ढंगबाट वितरण गर्न सकिन्छ भन्नेबारे अनुभव हुनसक्दछ । त्यस्तो अनुभव परियोजना निर्माणमा ठूलो सहयोगी बन्नसक्दछ ।

### आदिबासी जनजाति तथा स्थानीय समुदायहरूले जानकारी राख्नुपर्ने कुराहरू

- उनीहरूको एफपिआइसीको अधिकार बारेमाः ती अधिकारहरूलाई समुदायकै निर्णयका आधारमा रेडप्लस परियोजनाका हरेक चरणमा कसरी एकाकार गर्न सकिन्छ भन्ने बारेमा ।
- जलवायु परिवर्तनका बारेमाः मुख्य गरी जलवायु परिवर्तन के हो र कसरी हुन्छ ? यसको प्रभाव पृथ्वीमा के कसरी पर्दछ र समुदाय कसरी प्रभावित हुन्छ भन्ने बारेमा ।
- रेडप्लसका बारेमाः यो के हो र सामुदायिक वनका सन्दर्भमा यसले के अर्थ राख्दछ ? यसले समुदायको जीविकोपार्जनमा कसरी प्रभाव पार्दछ र फाइदाहरू कसरी सृजना गर्न सकिन्छ भन्ने बारेमा ।
- रेडप्लस परियोजनाहरूबाट सृजित हुने कार्बन अफ्सेटहरूका बारेमाः कार्बन अफ्सेट के हो ? स्वयम्सेवी/स्वतन्त्र बजार तथा नियमन गरिएको बजार के हो ? त्यस्ता बजार किन प्रस्ताव गरियो ? त्यस्ता बजारले कसरी काम गर्दछन् ? बजारमा परिवर्तन आउँदा परियोजनालाई कसरी असर पर्दछ आदि बारेमा ।

### सिफारिस गरिएका थप सन्दर्भ सामग्रीहरू

CIFOR. 2009. *Simply REDD: CIFOR's Guide to Forests, Climate Change and REDD.* CIFOR, Bogor, Indonesia. Available at: www.cifor.cgiar.org

Gibson, G., and C. O' Faircheallaigh. 2010. *Negotiation and Implementation of Impact and Benefit Agreement*. IBA Community Toolkit. The Gordon Foundation, Toronto. Available at: www.ibacommunitytoolkit.ca

Life Mosaic. *Indigenous Peoples and Climate Change: A video Guide.* Film. Available at: www.lifemosaic.net



## तत्त्व ९ | वैकल्पिक जानकारी/सूचना तथा स्वतन्त्र सल्लाहको निश्चितता

आदिबासी जनजाति तथा स्थानीय समुदायहरूको आफूलाई प्रत्यक्ष प्रभाव पार्ने रेडप्लस तथा अन्य विकास कार्यहरूबारे विस्तृत विवरण र सूचना स्वतन्त्र रूपमा पाउने अधिकार हुन्छ । रेडप्लस परियोजनाबाट असर परेका धेरैजसो ग्रामीण समुदायहरूलाई स्वतन्त्र सूचना तथा सल्लाह कहाँ पाइन्छ भन्नेबारे पहिचान गर्न बाह्य मद्दत आवश्यक पर्दछ । परियोजना सञ्चालकहरूले रेडप्लस सम्बन्धी आइरहने धेरैजसो प्रश्नहरूको जानकारी प्रदान गर्न सक्दछन् तर ती उत्तरहरू परियोजना सञ्चालककै दृष्टिकोण र विचारमा आधारित हुन्छन् । त्यसैले परियोजना सञ्चालकहरूले के बुझ्नु जरूरी छ भने समुदायहरूले स्वतन्त्रपूर्वक आवश्यक सूचना र सल्लाहमा पहुँच प्राप्त गर्नु उनीहरूको अधिकार हो ।

समुदाय माथि प्रत्यक्ष र वास्तविक प्रभाव पर्न नदिन केही क्यानेडियन खानी कम्पनीहरू समुदायसँग एफपिआइसीद्वारा सृजित कोषमा सहमतिको खोजी गरिरहेका छन् ताकि समुदायहरू कानुनी, सामाजिक, आर्थिक तथा वातावरणीय सवालहरूमा स्वतन्त्र विज्ञहरूबाट सल्लाह, सुझाव र सेवा प्राप्त गर्न आफैले शुल्क तिर्न सकून् । कम्पनीले गरेको निर्णयका आधारमा समुदायले त्यस्ता

सल्लाह र सुझावका लागि अनुरोध गरिरहनु पर्दैन।[९] यस प्रकारको कोषमा जम्मा भएको रकमले प्रभाव मूल्याङ्कनमा भएको समुदायका सदस्यहरूको सहभागिताको लागि भुक्तानी गर्न पनि सकिन्छ।

परियोजना सञ्चालकहरू, सरकार तथा निजी लगानीकर्ताहरू समुदायलाई स्वतन्त्र सल्लाह दिन तथा समुदायले त्यस्तो सल्लाह सुझावलाई पैसा तिर्नुपर्ने अवस्थामा त्यसको व्यवस्था गर्न समेत बाध्य हुनुपर्दछ । एफपिआइसीको नापजाँच प्रक्रियाले स्वतन्त्र सल्लाहकारहरूलाई अनुगमन गर्ने तथा गुणस्तरीय सल्लाहको ग्यारेन्टी गर्ने कार्यलाई समेत समेट्नु पर्दछ । स्थानीय तथा राष्ट्रिय स्तरका नागरिक समाज संस्था तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू वैकल्पिक जानकारीका मुख्य स्रोतहरू हुनेछन् । परियोजना सञ्चालनकर्ताले स्थानीय समुदायहरू तथा आदिबासी जनजातिलाई त्यस्ता स्वतन्त्र सल्लाहकार समूहको बारेमा जानकारी दिनुपर्दछ ।

### आदिबासी जनता तथा स्थानीय समुदायहरूले जानकारी राख्नुपर्ने कुराहरू

- कानुनी, सामाजिक, आर्थिक तथा वातावरणीय सवालहरूमा स्वतन्त्र विज्ञहरूको सल्लाह लिन पाउनु उनीहरूको अधिकार हो भन्ने कुरा ।
- परियोजना सञ्चालक, सरकार तथा निजी लगानीकर्ताहरू समुदायलाई आवश्यक परेको आर्थिक तथा सामाजिक सहयोगहरू उपलब्ध गराउन बाध्य हुनुपर्दछ भन्ने कुरा ।

### सिफारिस गरिएका थप सन्दर्भ सामग्रीहरू

Griffiths, T. 2008. *Seeing 'REDD'? Forests, Climate Change Mitigation and the Rights of Indigenous Peoples and Local Communities*. Forest Peoples Programme. Moreton-in-Marsh, UK. Available at: www.forestpeoples.org

Client Earth: An organization of activist lawyers committed to securing a healthy planet. Website. www.clientearth.org

REDD-net: A website devoted to creating knowledge products and information services demanded by (and tailored for) southern civil society organizations on topics related to REDD+. Website: www.redd-net.org

REDD Monitor: A website with critical analysis of REDD-related problems to help facilitate public discussion. The website documents REDD projects around the world, looking at who is involved as well as how the projects are developed. Website: www.redd-monitor.org

## अनुगमन तथा सहायताको बाटोः सहमतिको पालना

अन्य कुनै प्रकारका सम्बन्धमा जस्तै रेडप्लस परियोजना कार्यान्वयनमा पनि केही अविश्वासको वातावरण तयार हुनसक्दछ। कुनै कुनै समय तथा अवस्थामा समुदाय वा परियोजना सञ्चालकहरू सञ्चालित परियोजनाका विविध पक्षहरूको पुनरावलोकन गर्न वा सहमतिका बुँदाहरू परिवर्तन गर्न चाहन सक्दछन् । परियोजना सञ्चालकहरूले दूरगामी सोचका साथ समुदायहरूसँगको सम्बन्ध दशकौँसम्म रहिरहोस् भनेर सोच्नु महत्त्वपूर्णहुन्छ । त्यसैकारण उनीहरू कुनै नयाँ जानकारी तथा चाहनाहरू बाहिर आउने बित्तिकै परियोजनाको पुनरावलोकन गर्न र त्यसको सञ्चालन प्रक्रियामा हेरफेर गर्ने बाटो खुला राख्न चाहन्छन् ।

९ Sosa, I. and K. Keenan. 2001. *Impact Benefit Agreements Between Aboriginal Communities and Mining Companies: Their use in Canada*. Canadian Environmental Law Association, Environmental Mining Council of British Columbia, CooperAccion. Available at: www.cela.ca

यो खण्डले सहमतिको अनुगमन तथा गुनासाहरू व्यवस्थापन गर्ने तौरतरिकाका बारेमा स्पष्ट पार्ने प्रयास गर्दछ । सहमतिको कार्यान्वयनको अनुगमनले समुदाय तथा कम्पनीलाई विकासको प्रक्रियालाई कायम राख्न र देखापरेका सवाल तथा बदलिँदो परिस्थितिबाट सिक्न मौका प्रदान गर्दछ । गुनासाहरू व्यवस्थापन गर्ने तौरतरिका र प्रक्रियाहरू स्थापित गर्ने र त्यसमा सहमत हुने भनेको जब केही मनमुटाव सृजना हुन्छ तब तुरून्तै (द्वन्द्वको रूपमा परिणत नहुँदै) ती गुनासाहरूको राम्रोसँग व्यवस्थापन गर्न सक्ने अवस्था सृजना गर्नु हो ।

तत्त्व १०

## तत्त्व १० | कार्यान्वयनका लागि भएको सहमतिको अनुगमन

परियोजना निर्माणका चरणमा वातावरणीय, सामाजिक तथा आर्थिक आधाररेखा विकास गर्न सहभागितात्मक प्रक्रियाहरू प्रयोग गरिएका छन् भने सम्बन्धित समुदायहरू सोही समयदेखि नै तथ्याङ्क संकलन र सूचना अभिलेख गर्ने प्रक्रियासँग परिचित हुन्छन् । त्यसपछि परियोजना सञ्चालकहरूसँगको सम्झौताका आधारमा परियोजना कार्यान्वयनको अनुगमन गर्न तथा सहमतिको लागि आवश्यकपर्ने चरणहरूमा आफ्नो दक्षता र क्षमता बढाउँदै लान्छन् । जब समुदायहरू स्वतन्त्ररूपमा अनुगमन गर्ने इच्छा व्यक्त गर्न थाल्दछन् तब परियोजना सञ्चालकले सहमति र सम्झौतासँग सम्बन्धित परियोजना कार्यान्वयनको अनुगमनमा समुदायलाई संलग्न गराउनुपर्दछ । यसको शुरूवात अनुगमनको ढाँचा र तौरतरिकाको तय गरेर गर्नुपर्दछ । यसमा मुख्यतया के कस्ता क्रियाकलाप र सवालहरूको अनुगमन गर्ने, कस्तो प्रकारको अनुगमन विधि अपनाउने, अनुगमन कसले गर्ने तथा अनुगमनबाट प्राप्त परिणामहरू कसरी अभिलेखीकरण गर्ने जस्ता कार्यहरू पर्दछन् । यसले परियोजनासँग सम्बन्धित जानकारीहरू सत्य छन् कि छैनन्, पहिलेका जानकारी र अहिले प्राप्त परिणाममा कस्तो अन्तर छ ? लगानी र फाइदाका विषयहरूमा भएको बुझाइ यथार्थ छ छैन ? अन्य विकल्पहरूसँग यो परियोजना तुलना गर्दा कत्तिको फाइदा वा वेफाइदा छ ? भन्ने जस्ता कुराहरू सहजै बुझ्ने अवसर प्रदान गर्दछ । यस प्रकारको अनुगमनबाट परियोजना कार्यान्वयनमा समस्या देखियो भने समुदाय तथा अन्य पक्षहरू माझ परिणामहरू कसरी प्रस्तुत गरिन्छन् र अब कस्ता कस्ता चरणहरू अपनाएर अघि बढ्न सकिन्छ भन्ने समेत जानकारी प्राप्त हुनुपर्दछ ।

परियोजना कार्यान्वयनमा सहभागितात्मक अनुगमनकार्यको प्रमुख योगदान भनेको परियोजनाबारे यथार्थ जानकारीहरू पत्ता लगाई त्यस सम्बन्धी हल्ला र गलत प्रचारबाजी/जानकारीहरूलाई प्रतिस्थापन गर्नु हो । यस प्रकारको अनुगमनलाई नापजाँच गर्ने, प्रतिवेदन तयार गर्ने तथा यसलाई पुष्ट्याइँ गर्ने कार्यलाई सामाजिक पक्षहरूसँग जोड्दै जानुपर्दछ ।

त्यसकारण सहभागितात्मक अनुगमन र पृष्ठपोषणका विभिन्न विधिहरूबारे समुदायलाई जानकारी गराउनुपर्ने आवश्यकताकाबारेमा कार्यक्रम वा परियोजना निर्माणकै बेलामा उल्लेख गर्नुपर्दछ । अनुगमन कार्यमा समुदायहरूको सहभागिता गराउने कार्यको योजना तयगर्दा मानवीय तथा आर्थिक स्रोतहरूको उपलब्धतालाई मध्यनजर राख्नुपर्दछ । अनुगमन ढाँचा तयगर्दा ध्यान दिनुपर्ने महत्त्वपूर्ण पक्ष भनेको अनुगमनबाट परियोजना कार्यान्वयनमा कुनै समस्याहरू देखिएमा त्यसलाई कसरी सहमतिमा ल्याउने भन्ने हो । यस सन्दर्भमा कस्ताकस्ता समस्याहरूले गुनासाहरू अझ बढाउँछन् र कस्ता परिस्थितिहरूले सहमतिको प्रक्रियालाई पुनः शुरूवात् गराउनुपर्ने तथा पुनः वार्ता गर्नुपर्ने अवस्था ल्याउँदछन भन्ने कुरा बुझ्नु जरूरी हुन्छ ।

### आदिबासी जनजातिहरू तथा स्थानीय समुदायहरूले जानकारी राख्नुपर्ने कुराहरू

- उक्त समुदायका व्यक्तिहरूले परियोजना कार्यान्वयनको अनुगमनमा महत्त्वपूर्ण भूमिका खेल्न सक्दछन् भन्ने कुरा
- अनुगमनको सिलसिलामा सहमतिपूर्ण परियोजना कार्यान्वयनका क्रममा देखिएको फरकपनले परियोजना सञ्चालक र समुदायबिच द्वन्द बढाउन सक्दछ। यदि यसरी पत्ता लागेका सवालहरूलाई बेलैमा समाधान गर्न नसकिएमा कुनै पनि पक्षले पूर्व सहमतिलाई पुनः शुरूवातदेखि नै कार्यान्वयन गर्न वा अन्य व्यक्तिहरूलाई मध्यस्थताका लागि अनुरोध गर्नसक्दछ।

### सिफारिस गरिएका थप सन्दर्भ सामग्रीहरू

Tebtebba Foundation. 2006. *Recent Experiences and Recommendations on the Concept and Implementation of the Pricnciple of Free, Prior and Informed Consent.* Peremanent Forum on Indigenous Issues Fifth session, Presented by Jennifer Corpuz, Tebtebba Foundation. Available at:www.sarpn.org.za

## तत्त्व ११| गुनासो व्यवस्थापनको प्रक्रिया निर्माण



परियोजना कार्यान्वयनको क्रममा सहमति र कार्यान्वयन योजनाको फरक फरक बुझाइ तथा ब्याख्याका आधारमा पटक पटक विमति आउनु स्वाभाविक हो। यस प्रकारका विमतिलाई एक पक्षको विचारमा साधारण रूपमा लिइनसक्दछ भने अर्को पक्षका बिचारमा महत्त्वपूर्ण रूपमा। उदाहरणका लागि समुदायमा त्यस्ता व्यक्तिहरू हुनसक्दछन् जो सुख्खा मौसममा घाँसे मैदानमा डढेलो लगाउने कार्यमा संलग्न हुँदै आएका हुन्छन्। उनीहरू सहमति तयगर्ने र आपसी छलफल गर्ने प्रक्रियामा नजिकैबाट संलग्न हुँदैनन् तर उनीहरूका नेताहरूले हस्ताक्षर गरेका आगो लाउन नपाइने सम्झौतामा सहमत पनि हुँदैनन्। परियोजना सञ्चालकहरूले यसलाई साधारण महत्त्वको विषय मान्छन् र घाँसे मैदानमा आगो लगाउन रोक्दछन्। तर यसमा संलग्न हुने ती व्यक्तिहरूले उक्त आगो लगाउने कार्य चरिचरनका लागि नयाँ घाँस उत्पादन गर्न आवश्यक भएको र त्यस्तो कार्य रोक्नका लागि उनीहरूसँग सहमति पनि नलिइएको गुनासो गर्दछन्। त्यस्ता खालका गुनासाहरूलाई द्वन्दका रूपमा बाहिर आउनु पहिले नै गुनासा व्यवस्थापन योजना बनाएर सोही अनुसार बेलैमा समाधान गर्नुपर्दछ। दुबै पक्षहरू घाँसे मैदानमा आगलागी नियन्त्रण गर्ने कुरामा भएको सहमतिलाई समुदायको सम्पूर्ण सदस्यबाट नआएको भनेर पुनरावलोकन गर्नसक्दछन्। यसबाट नयाँ सहमतिको विकास गर्न सहयोग मिल्दछ। सुख्खा मौसमको सुरू र अन्त्यमा नियन्त्रित आगो लगाएर आगोको क्षतिलाई कम गर्न सहमति जुटाउन सकिन्छ। गुनासो व्यवस्थापन सम्बन्धी सुविधाले समस्याको अरू समाधानकाबारेमा प्रकाश पार्न सक्दछ र समुदायहरू गतिलो आगो व्यवस्थापनका तालिम र सामग्रीमा आकर्षित हुनसक्दछन्।

गुनासो व्यवस्थापन प्रक्रियाको मुख्य लक्ष्य सहमति पुनः स्थापना गर्नु हो। यस प्रक्रियाले रेडप्लस परियोजना सञ्चालक र समुदायलाई मतभेद निवारण प्रक्रियाको विकल्प प्रदान गर्दछ। समुदायसँग बसेर बनाइएको गुनासो व्यवस्थापन प्रक्रियाले दुई पक्षबिचको सहमतिका लागि स्थानीय तहमा उपयुक्त र आपसी फाइदामा आधारित सवाल समाधानका उपायहरू प्रदान गर्दछ। यस प्रक्रियामा यदि छलफल तोडिएमा न्यायिक तथा प्रशासनिक उपचारको व्यवस्था तथा स्वतन्त्र मध्यस्थकर्ताबाट

सहजीकरणको सम्भावना भने रहनुपर्दछ । कुन मध्यस्तकर्ताको छनौट गर्ने वा कुन निर्णायकको छनौट गर्ने भन्ने कुरा परियोजना सञ्चालक र समुदायको आपसी समझदारीमा हुन्छ । छनौट गरिने मध्यस्थकर्ता सरकार तथा परियोजना सञ्चालक भन्दा स्वतन्त्र हुनुपर्दछ ।

### क्षतिपूर्ति तथा गुनासा व्यवस्थापन प्रक्रिया निर्माणका पाँच सिद्धान्त

१. समानुपातिकताः प्रभावित समुदायमा भय र नकारात्मक प्रभाव कम गर्ने ।

२. सांस्कृतिक उपयुक्तताः सामुदायिक चासो सम्बन्धी काम गर्न सांस्कृतिक रूपले उपयुक्त उपायहरूको अवलम्वन गर्ने ।

३. पहुँचः प्रभावित समुदायमा स्पष्ट र बुझिने पद्धति निःशुल्क प्राप्त गराउने ।

४. पारदर्शिता र जवाफदेहिताः सरोकारवालाप्रति उत्तरदायी हुने तथा पारदर्शिता कायम गर्ने ।

५. सुरक्षाः दण्डलाई निरूत्साह गर्ने पद्धतिको विकास गर्ने तथा अरू उपायको पहुँचमा रोक नलगाउने ।

### क्षतिपूर्ति पद्धतिका पाँच तहहरू

१. पद्धतिको प्रकाशन ।

२. गुनासाहरू प्राप्त गर्नु र दर्तागर्नु ।

३. गुनासाहरू पुनरावलोकन र छानबिन गर्नु ।

४. गुनासाहरू हल गर्ने उपायहरूको विकास तथा गुनासाका जवाफ दिनु ।

५. अनुगमन तथा मुल्याङ्कन ।

### निरन्तर सुधार

- गुनासो मार्फत् उठाइएका सवालहरूलाई सम्बोधन गर्ने प्रक्रियाको विकास र सुधार ।
- सामाजिक र वातावरणीय पद्धतिको पुनरावलोकन ।
- असर व्यवस्थापनका उपायहरूको सुधार र सुधारात्मक कार्यको कार्यान्वयन ।

स्रोतः International Finance Corporation (IFC). 2009. *Addressing Grievances from Project-Affected Communiities-Guidance for Projects and Companies on Designing Grievance Mechanisms.* Good Practice Note. Washington, DC. Available at:www.ifc.org

गुनासो व्यवस्थापनको प्रक्रिया समुदायको पहुँचमा हुनुपर्दछ । समुदाय र परियोजना सञ्चालकले तोकिएको मानिस गुनासो सुन्न बसेको हुनुपर्दछ । यस प्रक्रियामा गुनासोको छानबिन र प्रत्युत्तरको सुनुवाइ हुनुपर्दछ । गुनासो व्यवस्थापनको प्रक्रियामा गुनासाहरूलाई पहिचान गर्ने तथा तिनिहरूको उचित छानविन गर्ने, भएका छानबिनहरूको प्रतिवेदन तयार गर्ने र यी समग्र कार्यको अनुगमनका लागि छलफल तथा बैठकहरू बसी प्रभावकारीताबारे छलफल गर्ने प्रणाली पनि समावेश हुनुपर्दछ। गुनासो सुनुवाइ पद्धतिको निर्माणमा समुदाय सरकारी तवर र नियमसँग सुसूचित हुनुपर्दछ । उनीहरूलाई कानुनी सुविधाको पहुँच हुनुपर्दछ । यो प्रक्रिया दुबै पक्षले बाह्य सहायताबिना समस्या हल गर्न सकेनन् भने मात्र लागू हुन्छ ।

सुनुवाइ प्रक्रियामा गुनासोको राम्रो सम्बोधन हुन सकेन वा समुदायले कार्यान्वयनमा असहमतिको निर्णय गरेमा समुदायले सहमति फिर्ता लिन सक्ने प्रावधानहरू हुनुपर्दछ । गुनासो सुनुवाइ प्रक्रिया परियोजना निर्णय प्रक्रियामा समुदायहरूको बहिष्करणकाबारेमा समेत गुनासाहरू सुन्न र तिनलाई सम्बोधन गर्न सक्षमहुने किसिमले तयार गर्नुपर्दछ ।

**आदिबासी जनता र स्थानीय समुदायले जानकारी राख्नुपर्ने कुराहरू**

- गुनासो सुनुवाइ प्रक्रियाले उनीहरूको न्यायिक कदम अपनाउने अधिकारलाई विस्थापन गर्दैन भन्ने कुरा ।
- उनीहरूसँग मध्यस्थकर्ता, अदालत वा अन्य निकाय मार्फत स्वतन्त्र रूपमा आवश्यक सल्लाह, सुझाव लिन पाउने अधिकार सुरक्षित छ भन्ने कुरा ।
- सहमति एकचोटि दिएपछि पछि पनि मनासिव कारण देखाई फिर्ता लिन सकिन्छ भन्ने कुरा ।
- सहमति भएको सुनुवाइ प्रक्रिया कहाँ, कहिले र कसरी लागू गर्ने भन्नेबारेमा जानकारी राख्नुपर्दछ भन्ने कुरा ।

### जनगणतन्त्र लाओसमा सुनुवाइ प्रक्रिया र त्यसको रेडप्लसमा सान्दर्भिकता

सामाजिक सहिष्णुता लाओसका समुदायभित्र र समुदायहरूबिचमा पनि धेरै महत्त्वका साथ हेरिन्छ । यो विभिन्न सामाजिक नियम र सम्झौता, मतभेदको बहिष्कार तथा चाहिएको बेला मतभेद निवारण तथा सुनुवाइ प्रक्रिया उपलब्ध गराइ जारी राखीएको छ । त्यस्ता परम्परागत सुनुवाइ पद्धतिहरूलाई रेडप्लस परियोजनाले आफ्नो पद्धतिमा ल्याइसकेको भने छैन । रेडप्लस परियोजना निर्माता र संलग्न समुदायले परम्परागत रूपमा समाजमा उपलब्ध त्यस्ता सुनुवाइ पद्धतिहरू विद्यमान र भविष्यमा आउनसक्ने मतभेदको अवस्थालाई सम्बोधन गर्न गतिशिल र सक्षम छन् कि छैनन् भनेर निर्णय लिनुपर्ने हुन्छ ।

लाओसका जनता सरल, न्यायिक, गतिशिल र मितब्ययी भएका कारण सरकारी भन्दा स्थानीय सुनुवाइ प्रक्रिया प्रयोग गर्न मन पराउँदछन् । अझ झगडालाई अदालतमा लगी दुई पक्षलाई दुस्मन बनाउनाले सामाजिक सद्भाव बिग्रन्छ भन्ने मान्यता उनीहरूमा छ । सुनुवाइको तरिका पनि मनमुटावको वा गल्तीको प्रकृतिसंग मिल्दो नै हुन्छ । ग्रामीण लाओसमा सामान्य चोरी जस्ता घटना व्यक्तिगत छलफल र पारिवारिक भेटकै माध्यमले बाह्य संलग्नता बिना सुल्झाउन सक्दछन् । ठूला घटना जस्तै जमिन सम्बन्धी मनमुटाव र अरू गहन विषयका अपराधका लागि गाउँ प्रमुख, बुढापाकाहरूको समुह, निश्चित जाती तथा समुदायका नेता आदिको संलग्नता र भूमिका महत्त्वपूर्ण हुन्छ । कुनै बेलामा झगडालुहरूले समस्या समाधानका लागी बाहिरी संलग्नता खोज्न सक्दछन् । आदिबासी समूहहरूका अनुसार सुनुवाइका तरिकाहरूमा फरकपन भेटिन्छ ।

लाओसमा परम्परागत र औपचारिक नियम बिचको सीमाना प्रष्ट छैन र धेरैजसो अवस्थामा मिसिएको छ । बुढापाकाको समूहमा रहेका सदस्यहरू (गाउँ समन्वय समिति नै किन नहोस्) ले धेरैजसो औपचारिक राजनीतिक स्थान नलिए पनि उनीहरू गाउँ स्तरीय मध्यस्थकर्ता एकाइका सदस्यका रूपमा रहेका हुनसक्दछन् । गाउँको इतिहासको आधारमा गाउँका अग्रजको भेलाले गरेको निर्णय गाउँ मध्यस्थकर्ता एकाइले उल्टाउन पनि सक्दछ । त्यस्ता स्थानीय संस्थाहरू मध्ये कुन चाहिँ रेडप्लस सम्बन्धि मनमुटावमा ज्यादा प्रभावकारी हुन्छ भन्ने चाहिँ मनमुटावको प्रकृति र त्यस ठाउँमा रहेका परम्परागत तथा औपचारिक कानुनी संस्थाहरूमा भर पर्दछ ।

रेडप्लससँग सम्बन्धित गुनासो व्यवस्थापन प्रक्रियाका अन्य सम्भावनाहरू देहाय बमोजिम उल्लेख गर्न सकिन्छ । जस्तैः व्यापारिक विवादहरू भएका खण्डमा आधुनिक तरिकाको मध्यस्तता; प्रधानमन्त्री कार्यालय तथा जिल्ला

र क्षेत्रीय स्तरका स्थानीय प्रशासन कार्यालय मार्फत हुने प्रशासनिक विवाद व्यवस्थापन कार्य; सरकारी मन्त्रालय तथा निकायहरूसँग सम्बन्धित मामिलाहरू तथा राष्ट्रको स्वामित्त्वमा रहेका व्यवसायिक संस्थाहरूसँग सम्बन्धित व्यापारिक सवालहरू व्यवस्थापन गर्न अपनाइने प्रशासनिक विवाद समाधानका तरिकाहरू; विषयगत विज्ञहरूद्वारा प्रयोग गरिने तरीका; व्यापारिक द्वन्दमा गरिने सहजीकरण; सबै खाले झगडा, मनमुटाव, अपराध जस्ता विवादका कानुनी उपचार न्याय मन्त्रालयका कानुनी निर्णयहरू कार्यान्वयन गर्ने अधिकारी सबै प्रकारका नागरिक स्तरका निर्णय र अपराध सम्बन्धी मामिलाहरूमा क्षतिपूर्ति दिने उपाय अवलम्बन गर्न प्रयोग गरिन्छन् । राजनीतिक दलमा संलग्न ब्यक्ती तथा सरकारी नेतृत्त्वमा रहेकालाई समेत विवाद व्यवस्थापनमा प्रयोग गरिन्छ ।

रेडप्लसको सन्दर्भमा यी गुनासा व्यवस्थापनका उपायहरू बेग्लाबेग्लै वा आपसमा संयुक्त रूपमा मिलाएर प्रयोग गर्नुपर्ने देखिन्छ । यसका लागि स्थानिय व्यक्तिहरूको सहभागीता जरूरी हुन्छ । गुनासा व्यवस्थापानका विधिहरूलाई ध्यान दिई तयार गरिएको रेडप्लस सम्बन्धी सम्भावित द्वन्द्वहरूको पूर्व तयारीले यस प्रक्रियामा सरोकारवालाहरूको समतामूलक स्थान सृजना गर्न र परियोजनामा उनीहरूको व्यापक सहभागिता तथा रेडप्लस परियोजनालाई अझ समुदाय–स्वीकार्य बनाउन मद्धत गर्दछ ।

रेडप्लससँग सम्बन्धित भएर आउनसक्ने मनमुटाव र गुनासाहरू, तिनका प्रकार र तिनलाई व्यवस्थापन गर्न प्रयोग गरिने परम्परागत वा औपचारिक कानुनी उपाय वा संस्थाको प्रयोगमा भर पर्दछ ।

लेखकः रिचार्ड ह्याकम्यान (जैविक विविधता संघ, लाओस)

थप जानकारीका लागिः www.idrc.ca

### सिफारिस गरिएका थप सन्दर्भ सामग्रीहरू

Energy Sector Management Assistance Program (ESMAP), the World Bank, and the International Council on Mining and Metals (ICMM). 2005. *The Community Development Toolkit*. Washington DC and London. Available at: www.icmm.com

International Finance Corporation (IFC). 2009. *Addressing Grivances from Project-Affected Communities-Guidance for Projects and Companies on Designing Grivance Mechanisms*. Good Practice Note. Washington, DC. Available at: www.ifc.org



## तत्त्व १२ | सहमतिको प्रमाणीकरण

कुनै स्वतन्त्र पक्षले समुदायसँग भएको सहमति स्वतन्त्र र अग्रिम सुसूचित भएको छ भन्ने कुरा प्रमाणित गर्नु एफपिआइसीको आवश्यकता हो । यदि प्रमाणीकरण प्रक्रिया परियोजना सञ्चालकलाई पहिले नै थाहा भएमा र समुदाय यस प्रक्रियामा सहमत भएमा दुवै पक्षले समुदायको एफपिआइसीका अधिकारहरू सन्तोषजनक रूपमै सम्मान गर्न सक्दछन् ।

अधिकारवाला, परियोजना सञ्चालक र सरकारका उपयुक्त निकायहरू रेडप्लसमा सहमतिको प्रमाणीकरणका लागि आवश्यक मापदण्डहरूबारे जानकार हुनुपर्दछ । समुदाय तथा परियोजना सञ्चालकहरू सहमति प्रमाणीकरणका लागि कुन मापदण्ड प्रयोग गर्ने भन्नेबारे सहमत हुनु जरूरी हुन्छ । रेडप्लसका सामाजिक तथा वातावरणीय मापदण्डहरूले प्रमाणीकरणका तत्त्वहरू के हुन्छन् भन्ने कुरा सामेल गरेको छ । यसैगरी यूएनरेडको विश्वव्यापी कार्यक्रमले

एफपिआइसीको विधिको एउटा पाटोको रूपमा स्वतन्त्र प्रमाणिकरण र मुल्याङ्कन प्रक्रियाको पाइलटिङ गरिरहेको छ । रिकफटसँगको सहकार्यमा भएका पछिल्ला प्रयासहरूमा रेडप्लसको सन्दर्भमा एफपिआइसीका प्रक्रिया मूल्याङ्कनकर्ताका लागि सहयोगी हातेपुस्तिकाको विकास गर्न खाजिएको छ ।

सरोकारवालाहरू यस प्रकारको प्रमाणीकरण कति कति समयको अन्तरमा गर्ने र प्रमाणीकरण कसबाट गराउने भन्ने कुरामा सहमत हुनुपर्दछ । कसले सहमति प्रमाणीकरण गर्ने भन्ने पनि निर्णय गर्नुपर्दछ । यदि प्रमाणीकरण गर्दा सहमति प्रदान गर्ने क्रममा कुनै कमी भएको पत्तालागेमा समुदायले उक्त कमीलाई सम्बोधन गर्न माग गर्नसक्दछ । यस अवस्थामा समुदायले पहिले भएका सहमतिहरूमा धेरै जानकारी छुटेका वा आफ्ना अधिकार नसमेटिएको महसुस गरेमा आफुसँग भएको सहमतिबारे पुनः शुरूदेखि नै छलफल गर्न पाउने अधिकार हुन्छ ।

### आदिबासी जनता र स्थानीय समुदायले जानकारी राख्नुपर्ने कुराहरू

- सहमति प्रक्रियामा उनीहरूको स्वतन्त्र प्रमाणीकरणको अधिकार हुन्छ र उनीहरू त्यसको विषयवस्तु र सहमति प्रक्रियामा भएको कार्यान्वयनबारे बुझ्न सक्दछन् भन्ने कुरा ।

### सिफारिस गरिएका थप सन्दर्भ सामग्रीहरू

Colchester, M., and M. F. Ferrari. 2007. *Making FPIC - Free, Prior and Informed Consent - Work: Challlenges and Prospects for Indigenous Peoples.* Forest Peoples Programme, Moreton-in-Marsh, UK. Available at: www.forestpeoples.org

Gibson, G., and C. O' Faircheallaigh. 2010. *Negotiation and Implementation of Impact and Benefit Agreement.* IBA Community Toolkit. The Gordon Foundation, Toronto. Available at: www.ibacommunitytoolkit.cat



# सन्दर्भ सूची

AIIP, IWGIA, FPP, and Tebtebba foundation. 2010. *What to do with REDD? A Manual for Indeginous Trainers.* AIIP, IWGIA, FPP and Tebtebba Foundation. Available at: www.forestpeoples.org

Amerindian Peoples Association. 2010. *Indigenous Peoples Demand Action on Land Rights, Consent Issues*. Press statement by participants at a workshop on Indigenous Peoples Rights, Extractive Industries and National Development Policies in Georgetown, Guyana, on march 8,2010. Available at : www.minesandcommunities.org

Andersson, K. 2006. Understanding Decentralized Forest Governance: An Application of the Institutional Analysis and Development Framework. *Sustainability: Science, Practice and Policy* 2 (1): 25-35. Available at: sspp.proquest.com

Angelsen, A. *et al.,* eds. 2009. *Realizing REDD+: National Strategy and policy options.* CIFOR, Bogor, Indonesia. Available at: www.cgiar.cifor.org

Angelsen, A. *et al*. 2009. *Reducing Emissions from Deforestation and Forest Degradation (REDD): An Options Assessment Report.* Meridian Institute, Washington, DC. Report prepared for the government of Norway. Available at: www.redd-oar.org

ASEAN Secretariat. 2009. *ASEAN Socio-Cultural Community Blueprint*. Jakarta. Available at: www.asean.org

Baker and McKenzie; Covington and Burling LLP, 2009. *Background Analysis of REDD Regulatory Frameworks.* Report prepared for the Terrestrial Carbon Group and UN-REDD. Available at: www.terrestrialcarbon.org

Bleany, A., B. Vickers, and L. Peskett. 2009. *REDD in Nepal: Putting Community Forestry Centre Stage?* REDD-net. Available at: www.red-net.org

Brandon, K. and M. Wells. 2009. Lessons for REDD+ from Protected Areas and Integrated Conservation and Development Projects. Chapter 19 in *Realizing REDD+: National Strategy and Policy Options*. Edited by A. Angelsen. CIFOR, Bogor, Indonesia. Available at: www.cgiar.cifor.org

Business and Biodiversity Offsets Programme (BBOP). 2009. *Biodiversity Offsets and Stakeholder Participation*: A BBOP Resource Paper. BBOP, Washington, DC. Available at: www.forest-trends.org

Business for Social Responsibility; First Peoples Worldwide. 2004. Resource/Extractive Companies and Indeginous Peoples Engagement (RECIPE) for Dialogue Project: Guidebook. Available at: www.bsr.org

Climate, Community and Biodiversity Alliance (CCBA). 2008. Climate Community and Biodiversity Project Design Standards: Second Edition. Arlington, VA, USA. Available at: www.climate-standards.org

CCBA. 2010. *REDD+ Social and Environmental Standards.* Arlington, VA, USA. Available at: www.climate-standards.org

Chapin, M. and B. Threlked. 2008. *Mapping Indigenous Lands: A Practical Guidebook*. Centre for Support of Native Lands, Environmental Law Institute, Washington, DC. Available at: www.elistore.org

CIFOR. 2009. *Simply REDD: CIFOR's Guide to Forests, Climate Change and REDD*. CIFOR, Bogor, Indonesia. Available at: www.cifor.cgiar.org

Clarke, R. 2010. Moving the REDD Debate from Theory to Practice: Lessons Learned from the Ulu Masen Project. 6/1 *Law, Environment and Development Journal* 6/1:36-60. Available at: www.lead-journal.org

Client Earth. website: www.clientearth.org

Colchester, M.2010. *Free, Prior and Informed Consent: Making FPIC Work for Forests and Peoples.* The Forests Dialogue, New Haven, CT, USA. Available at: environment.yale.edu/tfd

Colchester, M., and M.F. Ferrari. 2007. *Making FPIC - Free, Prior and Informed Consent - Work: Challenges and Prospects for Indigenous Peoples*. Forest Peoples Programme, Moreton-in-Marsh, UK. Available at: www.forestpeoples.org

Costenbader, J, ed. 2009. *Legal Frameworks for REDD - Design and Implementation at the National Level*. IUCN Environmental Policy and Law Paper no. 77. IUCN, Gland, Switzerland. Available at: www.iucn.org

Corbett, J. *et al.* 2009. *Good Practices in Participatory Mapping*. International Fund for Agricultural Development (IFAD), Rome. Availabel at: www.ifad.org

Cotula, L. and J. Mayers. 2009. *Tenure in REDD - Startpoint or Afterthought?* Natural Resource Issues No. 15 IIED, London. Available at: www.iied.org

Dooley, K. 2010. Forest Watch Special Report - UNFCC Climate Talks, 7-18 December 2009. *EU Forest Watch*, January 2010. Available at: www.fern.org

Durbin, J. and Franks, P. 2010. *Standards Committee Responses to Comments on the draft REDD+ Social and Environmental Standards, Version 2, October 2009, received during the first 60-day public comment period*: 2 October 2009 ot 30 November 2009. CCBA, Arlington, VA, USA. Available at: www.climate-standards.org

Energy Sector Management Assistance Programme (ESMAP), the World Bank, and the International Council on Mining and Metals (ICMM). 2005. *The Community Development Toolkit*. Washington, DC, and London. Available at: www.icmm.com

Evans, K. *et. al*. 2006. *Guide to Participatory Tools for Forest Communities*. CIFOR, Bogor, Indonesia. Available at : www.cifor.cgiar.org

Forest Carbon Partnership Facility (FCPF). 2009. *FCPF Readiness Mechanism: National Consultation and Participation for REDD*. Available at: www.forestcarbonpartnership.org/fcp

Forest Peoples Programme. 2008. *Free, Prior and Informed Consent and the Roundtable on Sustainable Palm Oil- A Guide for Companies*. Morenton-in-marsh, UK. Available at: www.forestpeoples.org

Forest Peoples Programme. 2008. *Key Elements to the Initiation, Performance and Maintenance of Good Faith, Consultations and Negotiations with Indigenous and Tribal Peoples and Communities*. Morenton- in- marsh, UK. Available at: www.forestpeoples.org

Forestry Administration of the Royal Govermnet of Cambodia; PACT Cambodia; *et al*. 2009. Reduced Emissions from Deforestation and Forest Degradation in Oddar Meanchey Province, Cambodia: A Community Foresty Initiative for Carbon and Biodiversity Conservation and Poverty Reduction for the the CCB Standard, Project Design Document. Available at: www.climate-standards.org

Galudra, G. *et al*. 2009. *RaTA: A Rapid Land Tenure Assessment Manual for Identifying the Nature of Land Tenure Conflicts*, World Agroforestry Centre (ICRAF), Bogor, Indonesia. Available at: www.worldagroforestrycentre.org

Gibson, G., and C. O'Faircheallaigh. 2010. *Negotiation and Implementation of Impact and Benefit Agreements.* IBA Community Toolkit. The Gordon Foundation, Toronto. Available at: www.ibacommunitytoolkit.ca

Global Witness. 2009. *Honest Engagement, Transparency and Civil Society Participation in REDD*. London. Available at: www.globalwitness.org

Granda, P. 2005. *Carbon Sink Plantations in the Ecuadorian Andes: Impacts of the Dutch FACE-PROFAFOR Monoculture Tree Plantations' Project on Indigenous and Peasant Communities*. WRM Series on Tree Plantations No. 1. WRM, Montevideo. Available at: www.wrm.org.uy

Griffiths, T. 2008. *Seeing REDD? Forests, Climate Change Mitigation and the Rights of Indigenous Peoples and Local Communities*, Forest Peoples Programme. Morenton-in-Marsh, UK. Available at: www.forestpeoples.org

Griffiths, T. 2009. *Seeing REDD? Forests, Climate Change Mitigation and the Rights of Indigenous Peoples and Local Communities, (updated version)*, Forest Peoples Programme. Morenton-in-Marsh, UK. Available at: www.forestpeoples.org

Herbertson, K. *et al.* 2009. *Breaking Ground: Engaging Communities in Extractive and Infrastructure Projects.* WRI, Washington, DC, Available at: www.wri.org

Herz, S., J. Sohn and A. La Vina. 2007. *Development Without Conflict: The Business Case for Community Consent*. WRI, Washington, DC. Available at: www.wri.org

Indonesian Network for Participatory Mapping. Website: www.jkpp.org

International Finance Corporation (IFC). 2009. *Addressing Grievances from Project-Affected Communities, Guidances for Projects and Companies on Designing Grievance Mechanisms*. Good Practice Note. Washigton, DC. Available at: www.ifc.org

International Rivers Network. 2006. *Dams, Rivers and Rights: An Action Guide for Communities Affected by Dams*. Berkeley, CA, USA. Available at: www.internationalrivers.org

IWGIA, AIPP, FPP, and Tebtebba Foundation. 2010. *What is REDD? A Guide for Indigenous Communities,* IWGIA,AIPP,FPP,and Tebtebba Foundation. Available at: www.forestpeoples.org

Johns, T. *et al.,* eds. 2009. *An Overview of Readiness for REDD (version 2)*. The Woods Hole Research Center, Falmouth,MA,USA. Available at: www.whrc.org

Lawlor, K. and D. Huberman. 2009. Reduced Emissions from Deforestations and Forest Degradation (REDD) and Human Rights. Chapter 12 in *Rights-Based Approaches: Exploring Issues and Opportunities for Conservation.* Edited by J.campese et al. IUCN and CIFOR, Bogor, Indonesia. Available at: www. cigar.cifor.org

Lehr, A., and G. Smith. 2010. *Implementing a Corporate Free, Prior and Informed Consent Policy.* Foley Hoag LLB, Boston and Washington,DC. Available at: www.foleyhoag.com

Life Mosaic. *Indeginous People and Climate Change*: *A Video Guide.* Film Available at: www.lifemosaic.net

Mackay, F. and M. Colchester. 2004. *Indigenous Peoples Right to Free, Prior and Informed Consent and the World Bank's Extractive Industries Review*. Forest Peoples Programme, Morenton- in- Marsh, UK. Available at : www.forestpeoples.org

Mather, R. *et al*. 1998. *Aerial Photographs and 'Photo-maps' for Community Forestry*. Rural Development Forestry Network (RDFN) paper 23e. ODI, London. Available at: www.odi.org.uk

Mehta. L and M. Stankovitch. 2001. Operationlisation of Free Prior and Informed Consent. Prepared for M. Colchester, ed. *Thematic Review 1.2: Dams, IPs and Vulnerable Ethnic Minorities* as an Input to the World Commission on Dams, Capetown. Available at: www.dams.org

O'Hara, P. 2009. *Enhancing Stakeholder Participation in National Forestry Programs-Tools for Practiotioners*. FAO- National Forest Program Facility, Rome. Available at: www.nfp-facility.org

Oxfam Australia. 2007. *Free Prior and Informed Consent: The Role of Mining Companies*. Carlton, Victoria, Australia. Available at: www.oxfam.org.au

Oxfam Australia. 2010. *Guide to Free Prior and Informed Consent.* Carlton, Victoria, Australia. Available at: www.oxfam.org.au

Oxfam Australia; Diplomacy Training Program. 2009. *Free and Equal Towards Respect for the Human Rights of Indigenous Peoples of Australia*: *A Guide for Community Advocates.* Melbourne, Australia. Available at: www.oxfam.org.au

PACT Combodia. 2010. Community Consultaion on Oddar Meanchey CF REDD Project, at the Provincial Hall, Samraong, Oddar Meanchey, Cambodia on 25 November 2009. Comments Received by CCBA during validation audit, dated 27 november 2010. Available at; www.climate-standards.org

Parker, C. *et al*. 2009. The Little REDD+ Book: *An Updated Guide to Governmental and Non Governmental Proposals for Reducing Emissions from Deforestations and Degradation,* Global Canopy Programme, Oxford,UK. Available at: www.globalcanopy.org

Provincial Government of Aceh; Flora and Fauna International; Carbon Conservation Pty Ltd. Reducing Carbon Emissions from Deforestation in the Ulu Masen Ecosystem, Aceh Indonesia, Design Note, 29 December 2007.

REDD-net. websiter: www.redd-net.org

REDD Monitor. website: www.redd-monitor.org

Salim, E. 2003. *Striking a Better Balance: The Final Report of the Extractive Industries Review.* Extractive Industries Review, Jakarta and Washingtion, DC. Available at: www.worldbank.org

Sosa, I., and K, Keenan. 2001. *Impact Benefit Agreements Between Aboriginal Communities and Mining Companies: Their Use in Canada*. Candian Environmental Law Association, Environmental Mining Council of British Columbia, CooperAccion. Available at: www.cela.ca

Sprechmann S., and E. Pelton. 2001. *Advocacy Tools and Guidelines: Promoting Policy Change,* CARE, Atlanta. Available at: www.care.org

Stephen, P, ed. 2009. *Introductory Course on Reducing Emissions from Deforestation and Forest Degradation (REDD): A Training Manual*. The Nature Conservancy, CCBA, Conservation International, Rainforest Alliance, WWF, GTZ. Available at: www.nature.org

Suzuki, R. 2010. The role of trust in REDD+. *REDD – net Asia - Pacific Bulletin* 2 (October 2010) ODI and RECOFTC. Available at: www.redd-net.org

Takacs, D. 2009. *Forest Carbon- Law and Property Rights*. Conservation International, Arlington, VA, USA. Available at: www.conservation.org

Tebtebba Foundation. 2006. *Recent Experiences and Recommendations on the Concept and Implementation of the Principle of Free, Prior and Informed Consent*. Permanent Forum on Indigenous Issues Fifth Session, Presented by Jeniffer Corpuz, Tebtebba Foundation. Available at: www.saprn.org.za

Tebtebba Foundation. 2008. *Guide on Climate Change and Indigenous Peoples*. Baguio City, Philippines. Available at: www.tebtebba.org

The REDD Desk. Website: www.theredddesk.org

UNFCC, Ad Hoc Working Group on Long Term Cooperative Action, Negotiating Text-Note by the Secretariat. Twelfth Session, Tiajin, China, 9 October 2010. Available at: www.unfcc.int

UN General Assembly. 2007. United Nations Declaration on the Rights of Indigenous Peoples. Resolution 61/295 (*UNDRIP*). Available at: www.un.org

UN-REDD. 2009. *UN-REDD Programme Operational Guidance: Engagement of Indigenous Peoples and Other Forest Dependant Communities*. Working Document. Available at: www.un-redd.org

UN Permanent Forum on Indigenous Issues (UNPFII). 2005. *Report of the International Workshop on Methodologies Regarding Free Prior and Informed Consent and Indigenous Peoples.* Document E/C. 19/2005/3, Submitted to the Fourth Session of UNFPII, 16-17 May. Available at: www.un.org

Weitzner, V. 2009. *Bucking the Wild West- Making Free, Prior and Informed Consent Work*. Speaking Notes for Free, Prior and Informed Consent Panel, Prospector and Developer's Association of Canada annual Convention, p3. Available at: www.nsi-ins.ca

World Bank. 2009. Design Document for the Forest Investment Program, a targeted program under the SCF Trust Fund. Available at: www.climateinvestmentfunds.org

World Growth. 2008. *Winners All: How Forestry Can Reduce Both Climate Change Emissions and Poverty - A Pro-Development Program.* Arlington, VA, USA. Available at: www.worldgrowth.org

# शब्दावली र
# शब्दका छोटकरी रूपहरू



# शब्दावली

**अनुकूलन**: जलवायु परिवर्तनको असर समग्र पृथ्वी, पारिस्थिकीय प्रणाली तथा जीविकोपार्जनमा परिसकेको अवस्थामा त्यस्ता असरसँग जुध्दै जान गरिने क्रियाकलापहरू ।

**अतिरिक्तता**: कार्बन अफसेट परियोजनाको परिप्रेक्ष्यमा अतिरिक्तता भन्नाले हरित गृह ग्याँस उत्सर्जनमा आउने अतिरिक्त कमी जुन परियोजना संचालन नभएको अवस्थामा संभव हुँदैनथ्यो ।

**एफरेष्टेशन**: लामो समय देखि नै खाली रहेको जग्गामा वन लगाउने कार्य ।

**आधारबिन्दु**: हरित गृह ग्याँस बढे वा घटेको नापजाँच गरेर थाहा पाउन कुनै एउटा निश्चित बर्ष वा मितिलाई आधार मानी त्यस मितिमा उत्सर्जन भएको मात्रा थाहा पाउनु जरूरी हुन्छ । त्यसको आधारमा नै अहिलेको उत्सर्जनको मात्रा तुलना गर्न सकिन्छ । त्यस्तो आधार मिति वा वर्षको उत्सर्जन मात्रालाई आधारबिन्दु वा आधाररेखा भनिन्छ ।

**कार्बन बजार**: उत्सर्जनका स्वीकृत अफसेटहरू तथा उत्सर्जन घटाउने कार्यहरूको खरिद बिक्री हुने समग्र प्रक्रिया मिलेर कार्बन बजार बन्दछ । धेरै हरित गृह ग्याँसहरू मध्ये कार्बनडाइअक्साइड कारोवार गर्न सकिने एक ग्याँस हो । उत्सर्जन घटाएबापत गरिने खरिद बिक्रीको कुनै एक निश्चित र एकीकृत अन्तर्राष्ट्रिय बजार छैन । तर संसारभरि यसप्रकारको कार्य गर्ने धेरै प्रकारका बजारहरू संचालनमा छन् जसलाई नियमन गरिएको वा स्वैच्छिक बजारका रूपमा वर्गीकरण गर्न सकिन्छ ।

**जलवायु, समुदाय तथा जैविक विविधता एलाएन्स (सिसिबिए)**: मुख्यतया कन्जरभेसन इन्टरनेशनल, केयर, द नेचर कन्जरभेन्सी, रेन फरेष्ट एलायन्स तथा वाइल्डलाइफ कन्जरभेसन सोसाइटी लगायतका अन्तर्राष्ट्रिय वातावरणीय गैरसरकारी संस्थाहरूको समूह । यो समूहले जलवायु, स्थानीय समुदाय तथा जैविक विविधतासँग सम्बन्धित व्यवस्थापनका कार्यहरू तथा मापदण्डहरूको विकास र प्रवर्द्धन गर्ने कार्य गर्दछ ।

**जलवायु, समुदाय तथा जैविक विविधता मापदण्ड (सिसिबियस)**: यी मापदण्डहरूले भूमिमा आधारित जलवायु परिवर्तन न्यूनीकरण परियोजनाहरूका लागि आवश्यक नीति तथा मार्गदर्शन प्रदान गर्दछन् । यस्ता मापदण्डहरूले परियोजनाले स्थानीय समुदायको अधिकारहरूको सम्मान गर्नुपर्ने एफपिआइसीको अधिकार सहितको कुरा उठाउँदछन् । कार्बन उत्सर्जन कटौती र जैविक विविधता संरक्षण कार्यमा योगदान दिनका लागि परियोजनाहरूमा उपयुक्त खालका योजना हुनु जरूरी छ ।

**जैविक विविधता सम्बन्धी महासन्धि (सिबिडि)**: जैविक विविधता संरक्षण, यसका विभिन्न पक्षहरूको दिगो प्रयोग तथा आनुवांशिक स्रोतहरूबाट प्राप्त हुने फाइदाहरूको समानुपातिक वितरणको लक्ष्य प्राप्तिका लागि अन्तर्राष्ट्रियस्तरको कानूनी रूपमा पालना गर्नैपर्ने सम्झौता ।

**वन विनाशः** गैर वनजन्य भू–उपयोगका लागि वनका रूखहरू हटाउने कार्य। यसका उदाहरणहरूमा वन भूमिलाई कृषि तथा आवासीय उपयोगमा परिवर्तन गर्नु ।

**उत्सर्जित ग्याँसको व्यापार वा कार्बन व्यापारः** यसप्रकारको व्यापारमा उत्सर्जनका लागि प्राप्त स्वीकृति तथा छुटहरू कुनै प्रकारको क्रियाकलापबाट उत्सर्जन हुने हरित गृह ग्याँसमा गरिएको कटौतीका लागि दिइएको प्रमाणपत्र वा कुनै निश्चित परिमाणका उत्सर्जन बराबरका हरित गृह ग्याँसको अफसेट कहीं अन्तै गरिएको प्रमाणपत्रको खरिद तथा बिक्री पर्दछन् ।

**वन क्षयीकरणः** जब कुनै वनको संरचना तथा हैसियतमा ह्रास आउँछ र वनबाट प्राप्त हुनुपर्ने सेवा र उत्पादनहरूमा कमी आउँछ तब त्यसलाई वनको क्षयीकरण भनिन्छ ।

**अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ):** श्रम सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड लागू गराउने र सो सम्बन्धी अनुगमन गर्ने संयुक्त राष्ट्रसंघको एक निकाय। आइएलओको लक्ष्य भनेको सबैका लागि सामाजिक न्याय तथा समानताको सिद्धान्तमा आधारित उत्पादनमूलक र आयमूलक रोजगारी सृजना गर्नु हो । आइएलओ महासन्धि १६९ ले मुख्यतया कुनै पनि स्वतन्त्र देशहरूमा रहेका प्राकृतिक स्रोतमा आधारित आदिबासी तथा स्थानीय समुदायहरूको हकहित र अधिकारबारे सम्बन्ध राख्दछ । यो महासन्धि सन् १९८९ मा आइएलओको साधारण भेलाले पास गरी सन् १९९१ देखि लागू गरिएको थियो ।

**भू-उपयोग, भू -उपयोग परिवर्तन तथा वनः** प्रत्यक्ष मानव सृजित भू–उपयोग, भू–उपयोग परिवर्तन र वनसँग सम्बन्धित क्रियाकलापहरूद्वारा सृजना हुने तथा उत्सर्जन सोसिने हरित गृह ग्याँसहरू आँकलन गरिने क्षेत्र ।

**न्यूनीकरणः** मानवसँग सम्बन्धित क्रियाकलापहरूबाट वायुमण्डलमा उत्सर्जन हुने हरित गृह ग्याँसलाई कमी गर्ने कार्य । यस्ता कार्यहरूमा इन्धनको खपतमा कमी ल्याउनु तथा भू–उपयोग परिवर्तनसँग सम्बन्धित क्रियाकलापहरू जस्तैः वन विनाश घटाउने तथा पुनरूत्पादन दर बढाउने कार्य आदि पर्दछन् ।

**वन विनाश तथा वन क्षयीकरणबाट उत्सर्जन घटाउने कार्य (रेड):** वनसँग सम्बन्धित न्यूनीकरणका उपायहरूलाई कार्बन बजारको प्रक्रियामा सामेल गराएर वनको विनाश वा क्षतिबाट हुने हरित गृह ग्याँस उत्सर्जनको मात्रालाई कटौती गर्ने उपाय ।

**रेडप्लसः** वनसँग सम्बन्धित न्यूनीकरणका उपायहरूका रूपमा जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र संघीय संरचना महासन्धि (यूएनएफसिसिसि) को दिर्घकालीन समन्वयका लागि तदर्थ कार्य समूह (एलडब्लुजीएलसीए) मा छलफल भई सोही अनुसार वर्णन गरिएको वाक्यको छोटो रूप । रेडको अतिरिक्त रेडप्लसले वन संरक्षण, वनको दिगो व्यवस्थापन तथा वनमा कार्बन सञ्चिति वृद्धि गर्ने क्रियाकलापहरूलाई समेत समेट्दछ ।[१०]

**रिफरेष्टेशनः** पहिले वन भएको तर विभिन्न कारणले गर्दा खाली गरिएको ठाउँमा पुनः वन लगाउने कार्य। यूएनएफसिसिसिको मार्गदर्शन बमोजिम रिफरेष्टेशन कार्य सन् १९८९ को डिसेम्वर ३१ भन्दा अघि नै खाली भएका ठाउँहरूमा मात्र गर्न सकिन्छ ।

---

[१०] UNFCCC Ad Hoc Working Group on Long-term Cooperative Action under the Climate Change Convention. Find out more at: www.unfcc.int

**पुनरूत्थान**ः पहिले भएका जैविक विविधतालाई पुनः कायम गर्ने उद्देश्य नराखिकन वनको संरचना तथा उत्पादन क्षमताको पुनः प्राप्ति गर्ने कार्य ।

**रिमुभल्स**ः हरित गृह ग्याँस उत्सर्जनको ठिक उल्टो वायुमण्डलबाट हरित गृह ग्याँसहरू हटाउने कार्य  जस्तैः प्रकाश संस्लेषण प्रक्रियामा रूखले गर्ने कार्य ।

**रेस्टोरेशन**ः कुनै पनि प्राकृतिक वनको स्वरूप र यसका कार्यहरूलाई पुनः स्थापित गर्नु, संरक्षण गर्नु र अत्यावश्यक बासस्थान, नदी, तटीय क्षेत्रहरू, जलाधार क्षेत्रहरू लगायत अन्य कुराहरूलाई पुरानै अवस्थामा ल्याउनु ।

**सिङ्क**ः त्यस्तो निश्चित स्थान वा कुनै कुरा जम्मा पारेर राख्न सक्ने वस्तु/स्रोत जसले आफूले निष्कासन गर्ने भन्दा ठूलो परिमाणमा कार्बनडाइअक्साइडलाई जम्मा पारिराख्छ । वन र समुन्द्र दुई प्रमुख कार्बन सिङ्क हुन् ।

**दिगो वन व्यवस्थापन**ः जैविक विविधता, उत्पादकत्त्व, पुनरूत्पादन क्षमता तथा आर्थिक र सामाजिक कार्यहरूलाई निरन्तर कायम राख्ने गरी तय गरिएको वन व्यवस्थापन प्रक्रिया ।

**संयुक्त राष्टसंघीय रेडप्लस कार्यक्रम (यूएनरेड)**ः यूयनरेड कार्यक्रम सन् २००८ को सेप्टेम्वर महिनामा शुरू भएको हो । यसको मुख्य उद्देश्य विकासोन्मुख देशहरूलाई रेडप्लस रणनीतिहरू तयारी गर्न र कार्यान्वयन गराउन सहयोग पुऱ्याउनु हो । यो विश्व खाद्य संगठन, युयनडिपि तथा युनेपले तयार पारेका  विशेषज्ञता र शक्तिलाई आधार मानेर अगाडी बढ्दछ ।

**जनजाति तथा आदिबासी जनताहरूको संयुक्त राष्ट्रसंघीय घोषणा (यूयनड्रिप)**ः यस घोषणाले आदिबासी जनजातिहरूको व्यक्तिगत तथा सामूहिक अधिकारहरू खास गरी संस्कृति, पहिचान, भाषा, रोजगारी, स्वास्थ्य र शिक्षा जस्ता अधिकारहरूलाई प्रष्ट्याएको छ । यस घोषणाले ती आदिबासी तथा जनजातिहरूको आफ्नै संगठन तथा संस्कृति र परम्परालाई व्यवस्थित गर्ने/बलियो पार्ने तथा उनीहरूको चाहना र इच्छालाई प्राथमिकता दिने काम गर्दछ । यसले आदिबासी जनजातिहरू बिच हुने भेदभावलाई रोक्न र उनीहरूलाई असर पर्नसक्ने सर्म्पूण कार्यमा उनीहरूको अर्थपूर्ण तथा प्रभावकारी सहभागिता बढाउन जोड दिन्छ । यसमा स्वतन्त्ररूपले प्राप्त गर्नुपर्ने जानकारीयुक्त सहमतिको अधिकार प्रदान गर्ने र सुरक्षित राख्ने अधिकार समेत पर्दछ ।

**जलवायु परिवर्तन सम्वन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धि (युएनएफसीसीसी)**ः वायुमण्डलको हरित गृह ग्याँसको मात्रालाई मानव सिर्जित जलवायु परिवर्तनबाट हुने खतराको तहसम्म पुग्न नदिई स्थिर राख्ने उद्देश्यले गरिएको वातावरण सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि ।

**स्वैच्छिक उत्सर्जन घटाउने कार्य (भिसीआर)**ः स्वैच्छिक कार्बन बजारमा व्यापार गर्नका लागि परियोजनाको उद्देश्यमा आधारित रही तेस्रो पक्षद्वारा मूल्याङ्कन र प्रमाणीकरण गरिएको हरित गृह ग्याँस उत्सर्जनमा कमी ।

**स्वैच्छिक कार्बन मापदण्ड (भिसीएस)**ः स्वैच्छिक कार्बन अफसेट उद्योगहरूको लागि तयार गरिएको मापदण्ड । यसले क्योटो प्रोटोकलको स्वच्छ विकास संयन्त्रमा विकास गरिएका मापदण्डहरूलाई आधार मान्छ र कार्बन अफसेट परियोजनाहरूको मापन, निर्धारण, पुष्ट्याइँ तथा अनुगमनका लागि आवश्यक शर्तहरू तय गर्दछ ।

# शब्दका छोटकरी रूपहरू

| | |
|---|---|
| बिटिसि | बाकु बिलिसि केइहान पाइपलाइन |
| सिएटी | कमिटी एगेन्स्ट टर्चर |
| सिसिबियस | क्लाइमेट, कम्यूनिटी एण्ड बायोडाइभर्सिटि |
| सिसिपिआर | ह्युमन राइट्स कमिटि |
| सिडाउ | कमिटि अन इलिमिनेशन अफ डिस्क्रिमिनेशन एगेन्स्ट ओमेन |
| सिइयससिआर | कमिटि अन इकोनोमिक, सोसियल एण्ड कल्चरल राइट्स |
| सिइआरडि | कमिटि अन द इलिमिनेशन अफ रेसियल डिस्क्रिमिनेशन |
| सिएमडब्लु | कमिटि अन माइग्राण्ट वर्कर्स |
| सिआरसि | कमिटि अन द राइट्स अफ द चाइल्ड |
| सिआरपिडि | कमिटि अन द राइट्स अफ पर्सन्स वीथ डिस्एविलिटिज् |
| एफपिआइसि | फ्री प्रायर एण्ड इन्फर्मड् कन्सेन्ट |
| एफपिआइकन | फ्री प्रायर एण्ड इन्फर्मड् कन्सल्टेसन् |
| जिआइयस | जियोस्पासियल इन्फरमेसन सिस्टम्स |
| जिपियस् | ग्लोबल पोजिसनिङ सिस्टम्स |
| आइएलओ | इन्टरनेशनल लेवर अर्गनाइजेसन् |
| यफसिपियफ | फरेष्ट कार्बन पार्टनरशिप फ्यासिलिटि अफ द वर्ल्ड ब्याङ्क |
| यफआइपि | फरेष्ट इन्भेष्टमेन्ट प्रोग्राम अफ द वर्ल्ड ब्याङ्क |
| एमओयू | मेमोरेण्डम अफ अण्डरस्ट्याण्डिङ |
| एमआरभि | मेजरिङ, रिपोर्टिङ, भेरिफिकेसन |
| एनजिओ | नन् गभर्नमेण्ट अर्गनाइजेसन |
| ओपिसिएटि | अप्स्नल प्रोटोकल टु द कन्भेन्सन एगेन्स्ट टर्चर |
| पिइयस | पेमेण्टस् फर इकोसिष्टम सर्भिसेज् |
| रिकफ्ट | द सेन्टर फर पिपुल एण्ड फरेष्ट्स् |
| रेडप्लस् | रिड्युसङि् एमिसन्स् फ्रम डिफरेष्टेशन एण्ड फरेष्ट डिग्रेडेशन |
| एसपिटि | सब्कमिटि अन् प्रिभेन्सन् अफ टर्चर |
| अन्ड्रिप | युनाइटेड नेसन्स् डिक्लेरेशन अन द राइट्स् अफ इण्डिजिनस् पिपुल्स |
| यूयनयफसिसिसि | युनाइटेड नेसन्स् फ्रेमवर्क कन्भेन्सन् अन क्लाइमेट चेञ्ज |
| यूयनपियफआइआइ | युनाइटेड नेसन्स् पर्मानेन्ट फोरम अन इन्डिजिनस् इस्यूस् |
| भिसियस् | भोलुन्टरी कार्बन स्टान्डर्ड |

# अनुसूचीहरू



# अनुसूची १ः एफपिआइसीका लागि आवश्यक कानुनी संरचना/ढाँचा

**स्रोत माथिको अधिकार र कार्बन माथिको अधिकार**

एफपिआइसी त्यस्तो अधिकार हो जसले आदिबासीहरूको स्वामित्वमा रहेको सम्पत्तिलाई उनीहरूको सहमति बिना कुनै असर पारिँदैन र उनीहरूबाट टाढा लगिँदैन भन्ने कुरा सुनिश्चित गर्दछ । रेडप्लसका कार्यक्रम तथा परियोजनाहरूले कार्बनमाथि आदिबासी जनजाति तथा स्थानीय समुदायको अधिकारसहित उनीहरूको सम्पत्ति र स्वामित्वका कुराहरू समेत समेट्दछन् । टकाक्स (२००९) ले भने अनुसार वन कार्बनका कानुन र वन कार्बनका सम्झौताहरू शोषित कार्बन, कार्बन शोषण गर्ने स्रोतहरू, भविष्यमा कार्बन शोषण गर्न सक्ने संभाव्यता, कार्बन क्रेडिटहरू तथा वन स्रोत प्रयोग गर्ने अधिकार बिचमा स्पष्ट फरक छुट्याउनसक्ने हुनुपर्दछ । एकातर्फ सरसर्ती हेर्दा वनभित्रको कार्बन माथीको अधिकार वन प्रयोग गर्ने र यसबाट फाइदा प्राप्त गर्ने वन धनीहरूकै देखिन्छ । अर्कोतर्फ कार्बन क्रेडिट हालको वास्तविक र भविष्यको काल्पनिक उत्सर्जनको फरकमा आधारित आर्थिक तथा राजनीतिक रुपले सिर्जित भएको पाइन्छ । यस प्रकारका तौरतरिकाहरूले कार्बनको स्वामित्व बाँडफाँटमा दुई प्रकारका प्रारुपहरु देखापर्ने सम्भावना रहेको छ । पहिलो राष्ट्रिय तथा क्षेत्रीय र जिल्लास्तरमा आधारविन्दु तय गर्ने अधिकारीहरूमा नै कार्बन स्वामित्व प्रदान गर्ने अधिकार हुनुपर्दछ भन्ने हो । यस मोडेलमा कार्बनको स्वामित्व रेडप्लस योजना राष्ट्रियस्तरमा निर्धारण गर्ने अधिकारीहरूले निश्चित गर्दछन् । यसमा कार्बनको अधिकारलाई लाइसेन्सका रूपमा सरकारले बाँडफाँट गर्नसक्छ । दोस्रो कार्बनको स्वामित्व तथा अधिकार वन स्रोतको अधिकार प्राप्त निकायलाई नै हुनुपर्दछ  र कार्बन अधिकार र वन स्वामित्वको अधिकार छुट्याउँन मिल्दैन भन्ने हो । यसप्रकारको द्विविधालाई राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा कानुनी संरचनाहरूले स्पष्ट परिभाषित गरी अन्त्य गर्न बाँकी नै छ ।

स्रोतः Takacs, D. 2009. *Forest Carbon – Law and Property Rights,* Conservation International, 2011 Crystal Drive, Arlington, VA 22202, USA.

एफपिआइसी अन्तर्राष्ट्रिय नीति र कानुनको सापेक्षित रूपमा नयाँ पक्ष हो । यसलाई धेरैजसो राष्ट्रले कानुनी प्रणालीमा अझै समाहित गर्न बाँकीनै छ । त्यसैले एफपिआइसी अन्य कानुनी प्रावधान तथा मान्यताहरू जस्तैः स्वामित्वको अधिकारलाई राष्ट्रले मान्यता दिनुपर्ने बाध्यकारी अवस्था, सूचनाको पहुँच माथिको अधिकार तथा पारदर्शी लाइसेन्सिङ्ग कार्यविधि जस्तो गरी राम्ररी स्थापित भएको छैन ।

एफपिआइसीलाई अन्तर्राष्ट्रिय कानुनी प्रावधानहरूले अधिकार र सिद्धान्त दुबैको रूपमा उल्लेखित गरेका छन् । कुनै पनि राष्ट्रले सम्बन्धित अन्तर्राष्ट्रिय प्रावधानमा हस्ताक्षर गरिसकेको अवस्थामा आदिबासी समुदायहरूको एफपिआइसीको अधिकारलाई सम्मान गर्नु त्यस देशको अनिवार्य शर्त हो । एफपिआइसीको अधिकारलाई सम्बोधन गर्ने तीन मुख्य अन्तर्राष्ट्रिय सन्धिहरूमा आइएलओ १६९, जैविक विविधता सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र आदिबासी समुदायहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणा हुन् । यी सन्धि तथा घोषणाहरूले आदिबासी समुदायहरूलाई उनीहरूको बसोबास क्षेत्र सरकारले कानुनी रूपमा छुट्याएर एफपिआइसी लगायतका आधारभूत अधिकारहरू सुनिश्चित गर्नुपर्दछ भन्ने आवाज उठाउन अधिकार प्रदान गरेका छन् ।

## आइएलओ महासन्धि १६९ मा एफपिआइसी

आइएलओ १६९ नै आदिबासी जनजातिहरूको अधिकारलाई उजागर गर्ने प्रारम्भिक कानुनी औजार थियो । बिस्तारै राष्ट्रहरु आदिबासी जनजाति समुदायको एफपिआइसीको अधिकारलाई सुनिश्चित गर्न विभिन्न प्रकारका कानुन तथ मार्गदर्शनहरू बनाउदै गए । आइएलओ १६९ को प्रावधानअनुसार आदिबासी जनजातिहरूले ओगट्दै आएको आफ्नो भूमि तथा क्षेत्रबाट ती समुदायलाई हचुवाका भरमा हटाउन पाइँदैन ।

यस सन्धिको **दफा १४ (१)** ले जमिनमाथिको अधिकारलाई जोड दिँदै यो कुरा उल्लेख गरेको छः

> परम्परागत रूपमा उपभोग गर्दै आएका जनताहरूको जमिनको स्वामित्त्वको अधिकारलाई मान्यता दिन जरूरी हुन्छ । त्यति मात्र नभई परम्परागत रूपमा आफ्नो जिविकोपार्जनको लागि हकभोग गर्दै आएका तर उनीहरूले हाल नओगटेका भूमिहरूमा समेत उपयुक्तता र सान्दर्भिकता हेरी उनीहरूको अधिकार सुनिश्चित गर्न रक्षात्मक उपायहरू अपनाउनु आवश्यक हन्छ । यस सम्बन्धमा घुमन्ते जीवनयापन गर्ने जनताहरू र खोरिया फँडानीकर्ताहरूलाई विशेष ध्यान दिनु जरूरी हुन्छ ।

यसलाई **दफा १५ (१) मा** यसरी उल्लेख गरिएको छः

> जमिनसँग सम्बन्धित प्राकृतिक स्रोतहरू माथिको जनताको अधिकारलाई विशेष रूपले बचाउ गर्नु जरूरी हुन्छ। यस प्रकारका अधिकारहरूमा विशेष रूपले यी स्रोतहरूको प्रयोग, व्यवस्थापन तथा संरक्षणमा जनताको प्रत्यक्ष सहभागितालाई समेत समेटिएको छ ।

**दफा १६ (२)** का अनुसारः

> यदि यस प्रकारका व्यक्तिहरूलाई एक स्थानबाट अर्कोमा स्थानान्तरण गर्न अत्यन्त जरूरी ठानिएमा यस प्रकारको स्थानान्तरण कार्य उनीहरूको स्वतन्त्र, सुसूचित, अग्रिम सहमतिद्वारा मात्र गर्नुपर्दछ। यदि कुनै अवस्थामा उनीहरूको सहमति लिन सकिएन भने त्यस्तो खालको स्थानान्तरण कार्य राष्ट्रिय कानुन तथा नीति नियमहरू अनुसारका प्रक्रियाको पालन गर्दै गर्नुपर्दछ । यसमा मुख्य गरी सार्वजनिक रूपमा सोधपुछ कार्यद्वारा सम्बन्धित जनताको समेत प्रभावकारी प्रतिनिधित्त्व हुनुपर्ने उल्लेख गरिएको छ ।
>
> स्रोतः http://www.ilo.org

## जैविक विविधता सम्बन्धी महासन्धिमा एफपिआइसी

यस महासन्धिको दफा ८ (ञ) ले स्पष्ट रूपमा के माग गरेको छ भने आदिबासी जनजाति तथा स्थानीय समुदायहरूको परम्परागत ज्ञानलाई उनीहरूको स्वीकृतिबाट मात्र प्रयोग गर्न सकिन्छ । यसलाई नै बिस्तारै सुसूचित अग्रिम सहमति–एफपिआइसीका रूपमा समेत लिइएको छ ।[११] यस सन्धि अनुसारः

> प्रत्येक सम्झौताका पक्षहरूले परम्परागत जीवनशैली अपनाइरहेका समुदायहरूको ज्ञान, सृजनशील कार्यहरू तथा अभ्यासहरूलाई त्यस देशका राष्ट्रिय कानुनी प्रावधानहरूले मान्यता दिने, संरक्षण गर्ने र व्यवस्थित गर्ने गर्नुपर्दछ । त्यस्तै संरक्षण तथा जैविक विविधताको दिगो प्रयोगसँग सम्बन्धित कार्यहरूलाई बढावा दिने, त्यसमा ती समुदायहरूको बढी भन्दा बढी संलग्नता गराउने र उनीहरूको सीप, क्षमता, सृजनशीलता र अभ्यासहरूको उपयोगबाट प्राप्त फाइदाको समतामूलक वितरण गर्ने कार्यमा राष्ट्रले महत्त्व दिनुपर्दछ ।

---

११ Mackay, F. and Colchester, M., 2004. *Indigenous Peoples' Rights to Free Prior Informed Consent and the World Bank's Extractive Idustries Review*, Forest Peoples Program, UK.

## आदिबासी जनजातिहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रमा एफपिआइसी

आदिबासी जनजातिहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रले एफपिआइसीको सबैभन्दा पूर्ण परिभाषा गरेको छ । यसले आदिबासीहरूको अधिकार सम्बन्धी औपचारिक र बलिया तर्कहरू राखेको छ । यसको दफा २६ को भाग १ र २ मा देहायका कुराहरू समेटिएका छन् ।

१. परम्परागत रूपमा उपभोग गर्दै आएका, ओगटेका र अन्य कुनै प्रकारबाट प्रयोग गरेका जमिन वा कुनै निश्चित क्षेत्र तथा स्रोतहरूमाथि आदिबासी समुदायहरूको अधिकार हुन्छ ।

२. आदिबासी समुदायहरूसँग उनीहरूले परम्परागत स्वामित्त्वमा राखेका, आफ्ना परम्परागत पेशाबाट आर्जेका वा अन्य कुनै माध्यमबाट प्राप्त गरेका जमिन, बासस्थान क्षेत्र तथा स्रोतहरूको प्रयोग, विकास तथा नियन्त्रण गर्ने पूर्ण अधिकार हुन्छ ।

त्यसकारण यूएनड्रिपले आदिबासी समुदायलाई असर पर्ने कुनै क्रियाकलापहरू संचालन गर्न एफपिआइसीको पालना तथा कार्यान्वयन गर्न जरूरी मान्दछ । उदाहरणको लागि यसको दफा १० ले यस प्रकारको व्यवस्था उल्लेख गरेको छ ।

> आदिबासी जनजाति समुदायहरूलाई उनीहरू बस्दै आएको क्षेत्र र जमिनबाट जबर्जस्ती हटाउन पाइँदैन । सम्बन्धित समुदायहरूले स्वतन्त्र अग्रिम, सुसूचित सहमतिबिना तथा सहमति पश्चात् उचित र न्यायपूर्ण क्षतिपूर्ति बिना तथा सम्भव भएका अवस्थामा उक्त स्थानमा फिर्ता आउन पाउने विकल्प नदिई  उनीहरूलाई स्थानान्तरण गरिने छैन ।

यसै गरी दफा ३२ को भाग २ ले एफपिआइसीलाई सम्मान गर्नु राष्ट्रको उत्तरदायित्त्व भएको र विकास योजनाहरू आदिबासी जनजाति समुदायमा जबर्जस्ती थोपरिन नहुने कुरा उल्लेख गरेको छ ।

> मुख्य गरी आदिबासी समुदायहरूको भूमि तथा बसोवास क्षेत्र र त्यहाँका स्रोतहरूलाई असर पर्नसक्ने कुनै पनि परियोजनाहरू स्वीकृति गर्नुपूर्व राज्यले आफ्ना प्रतिनिधि संस्थाहरू मार्फत ती आदिबासी समुदायहरूसँग सहयोगात्मक भावनाले पूर्व सहमति प्राप्त गर्न छलफल गर्नुपर्दछ । मुख्यतया खनिज, पानी तथा अन्य प्राकृतिक स्रोतहरूको विकास, उपयोग वा तिनीहरूको संरक्षणसँग सम्बन्धित कार्यमा त्यस्तो सहमति महत्त्वपूर्ण हुन्छ ।

यूएनड्रिपले राज्यद्वारा आफ्ना प्रतिनिधि निकायहरू मार्फत छलफल गराएर एफपिआइसीको पालना गर्नुपर्ने बाध्यात्मक व्यवस्था गरेको छ । यसले थप के पनि व्यवस्था गरेको छ भने आदिबासी समुदायलाई असर पर्नेसक्ने कुनै पनि कानुनी र प्रशासनिक प्रावधानहरू अपनाउनु पहिले उनीहरूसँग पूर्व सहमति लिनु आवश्यक छ । यसको मतलब आदिबासी समुदायहरूमा असर पर्नसक्ने कुनै पनि परियोजना संचालकहरूले एफपिआइसीका सम्पूर्ण तत्त्वहरू पूरा गर्नु जरूरी हुन्छ ।

आशियान राष्ट्रहरूको सामाजिक–सांस्कृतिक समुदायहरूले आफ्ना सदस्य राष्ट्रका सरकारहरूले जलवायु परिवर्तनलाई सम्बोधन गर्न र त्यसको प्रभावलाई कम गर्न कार्यहरू प्रस्ताव गरेका छन् ।[१२] यसले एफपिआइसीलाई कुनै फरक नपार्ने भए तापनि जलवायु परिवर्तन न्यूनीकरणमा

---

[१२] The ASEAN Socio-Cultural Community Blueprint: Jakarta, ASEAN Secretariat June 2009. The Blueprint is derived frim the ASEAN Charter, which has components relating to Economic, Political and Socio-Cultural issues.

समुदायस्तरको सहभागिता हुनुपर्ने कुरामा जोड दिएको छ। समग्रमा यसले स्थानीय निकाय, निजी क्षेत्र, गैर सरकारी संस्था तथा समुदायहरूलाई नै जलवायु परिवर्तनका असरहरूको सम्बोधनका लागि प्रोत्साहित गरेको छ। जलवायु परिवर्तन न्यूनीकरणका लागि यसको रणनीति भनेको वनस्रोत वरिपरि बसोबास गर्ने समुदायहरूको सक्रिय सहभागिताद्वारा दीगो रुपमा वन व्यवस्थापनको प्रवर्द्धन गर्नु र समुदायको जीवनस्तरमा उल्लेख्य परिवर्तन ल्याउनु रहेको छ।

## जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिमा एफपिआइसी

तदर्थ कार्य समूहको निर्णय नं १६ को अनुसूची १ ले आदिबासी जनता तथा स्थानीय समुदायको अधिकारहरूलाई प्रबर्द्धन र बचाउ गर्नका लागि आह्वान गरेको छ। संयुक्त राष्ट्रसंघको युएनड्रिपको पालनाबारे सूचना दिंदै राखिएको यस आव्हानले एफपिआइसीको आंशिक प्रतिवद्धता मात्र जनाएको छ। यसलाई प्रत्येक देशहरूले आफ्नो देशका राष्ट्रिय नीतिनियम तथा कानुनी संरचना अनुसार अर्थ लगाउने गरेका छन्। यदि अन्तर्राष्ट्रियस्तरमा रेडप्लसको भुक्तानी प्रक्रिया प्रमाणित सहमतिको प्रक्रियाको उदाहरणको रूपमा प्रस्तुत भएतापनि सहमति दिने अधिकार कोसंग छ भन्ने कुराहरूको निर्धारण राष्ट्रिय कानुन तथा नीतिहरूले गर्दछन्।

## रेडप्लसको संयुक्त राष्ट्रसंघीय कार्यक्रममा एफपिआइसी

रेडप्लस सम्बन्धी संयुक्त राष्ट्रसंघीय कार्यक्रम (युएनरेड) ले रेडप्लसमा आदिवासी समुदायहरूको सहभागिताका लागि यूएनड्रिपमा आधारित कार्य संचालन निर्देशन तयार गरेको छ। यसले रेडप्लस क्रियाकलापहरूमा स्वतन्त्र अग्रिम सहमति प्राप्त गर्न र सोको कार्यान्वयन गर्न प्रतिबद्धता जाहेर गरेको छ।[१३] यसैगरी एफपिआइसी कार्यान्वयनको उपयुक्त नमुना निश्चित गर्न युएनरेडले हालै विभिन्न क्षेत्रीय गोष्ठीहरू समेत सञ्चालन गरिरहेको छ।

## वन कार्बन साझेदारी सुविधा र वन लगानी कार्यक्रममा एफपिआइसी

विश्वबैंकले नेतृत्त्व गरेको वन कार्बन साझेदारी सुविधा (एफसिपिएफ) र वन लगानी कार्यक्रम (एफआइपि) ले एफपिआइसीलाई पूर्ण रूपमा एकीकृत गर्न सकेको छैन। यसमा वृहत् रूपमा समुदायको सहयोग लिने उद्देश्यले जानकारीपूर्ण पूर्व सहमतिको साटो जानकारीपूर्ण पूर्व छलफल चाहिं आधारभूत शर्तका रूपमा लिइएको छ।[१४] यो एउटा सिमित र हचुवा खालको आधार हो जसले चाहिने मात्रामा समुदायको सहयोग लिनका लागि भएका छलफलहरू प्रशस्त छन् छैनन् भन्ने कुरा मनोमानी ढंगले निर्णय गर्ने अधिकार विश्व बैंककै कर्मचारीहरूमा छोडेको छ।[१५]

---

[१३] UN-REDD Programme, working Document, 2009. *UN-REDD Programme Operational Guidance: Engagement of Indigenous peoples and Other Forest Dependent Communities*, page 8: "2. Free, Prior and Informed Consent must be adhered to and is essential to ensuring the full and effective participation of Indigenous Peoples and other forest dependent communities in policymaking and decision making processes within UN-REDD programme activities". www.un-redd.org

[१४] While FCPF does not officially support FPIC, its guidance on participation and consultation states that: *"Countries that have signed on to the UN declaration on the Rights of Indigenous peoples will be expectedto adhere to the principles of free, prior, and informed consent (FPIC)".* Page 3, Note 2009-2, Forest Carbon Partnership Facility (FCPF) readiness MechanisnNational Consultation and Particpiationfor REDD May 6, 2009

[१५] *Design document for the Forest Investment Program, A Targeted Program Under the SCF trust fund, 2009.* Annex III- Guidelines for Consultations to be carried out in accordance with subparagraph 16 (d) of the Design Document for the Forest Investment Program, Page 20, Available at: www.climateinvestmentfunds.org

युएनरेडको कार्य सञ्चालन प्रक्रिया र विश्व बैंकको कार्य संचालन ढाँचालाई एक स्थानमा ल्याई सँगसँगै अघि बढाउन सकिने संभावना छ । यदि यो कार्य गर्न सकिएमा आदिबासी समुदाय र तिनका सहयोगी समूहको मुख्य चुनौति भनेको युएनरेडकै मापदण्ड बमोजिम एफपिआइसी लिने कार्य यी दुई संस्थाहरू सँगसगै भएको ठाँउमा लागु गर्नु रहन्छ । विश्व बैंकका कमजोर खालका एफपिआइसी मापदण्डहरू अपनाउनु भन्दा यो उपयुक्त तरिका ठहर्छ ।

## स्वेच्छिक रेडप्लस बजार मापदण्डहरूमा एफपिआइसी

रेडप्लस परिक्षण चरणका धेरैजसो परियोजना सञ्चालकहरू स्वैच्छिक कार्बन मापदण्ड (भिसिएस) र जलवायु समुदाय तथा जैविक विविधता मापदण्डहरू (सिसिबिएस) अपनाउन चाहन्छन् । यी मध्ये भिसिएसले पर्यावरणमा भएको कार्बन मूल्यांकन तथा कार्बन उत्सर्जनहरूको विस्तृत कार्यविधिको माग गर्दछ । त्यसकारण रेडप्लसका नमुना परीक्षण कार्यक्रम र बेच्न चाहनेहरूलाई आकर्षित गर्दछ । सिसिबिएसचाहिं परियोजना निर्माणकर्ताहरू र अन्य सरोकारवालाहरू, समुदाय, गैसस, लगानीकर्ताहरू, कार्बन अफसेट खरिदकर्ताहरू तथा सरकारलाई सहयोग गर्ने तथा प्राप्त लाभांशको उचित ढंगले समुदाय र जैविक विविधताका लागि बाँडफाँट र व्यवस्थापन गर्न विकास गरिएका हुन् । सिसिबिएस मापदण्ड अनुसार परियोजनाले मान्यताका लागि एउटा मूल्यांकन र प्रत्येक परियोजना कार्यान्वयनको ५ वर्षमा प्रमाणीकरण गर्नुपर्ने हुन्छ । भिसिएसले समुदायसँगको छलफललाई आधार बनाउँदछ तर स्पष्टरूपमा एफपिआइसीको आवश्यकताबारे बोल्दैन ।

हालको सिसिबि मापदण्डले यसको "कानुनी अवस्था तथा सम्पत्तिको अधिकार" शीर्षक अन्तर्गत परियोजना संचालनकर्ताहरूले समुदायसँग भएका छलफलको प्रमाणहरू देखाउनुपर्ने र परियोजनाबाट असर पर्नसक्ने समुदायहरूसँग यूएनड्रिपमा उल्लेख भए बमोजिम एफपिआइसी प्राप्त गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । बसोबासको स्थानान्तरण तथा समुदायले गर्दै आएका नियमित क्रियाकलापहरूको स्थानान्तरण गर्नुपर्ने अवस्थामा समेत न्यायपूर्ण तवरबाट क्षतिपूर्ति गर्ने शर्तमा पूर्व सहमति आवश्यक हुन्छ ।[१६]

सन् २०१० को जुन महिनामा सिसिबि एलाएन्स तथा केयर इन्टरनेशनलले रेडप्लस सम्बन्धी सरकारी कार्यक्रमहरूका लागि रेडप्लस मापदण्डहरूको अद्यावधिक गरेका छन् ।[१७] रेडप्लसका लागि तयार भएका यी सामाजिक तथा वातावरणीय मापदण्डहरु हाललाई परिक्षण परियोजनाहरूमा प्रयोगमा ल्याउन, भविष्यमा हुने सन्धि सम्झौताहरूमा यसलाई उचित स्थान दिन तथा भविष्यका रेडप्लस सम्बन्धी परियोजानाहरू अनुगमन गर्न सरकारलाई उपयुक्त औजार बन्न सकून् भनेर तयार गरिएका हुन् ।

---

[१६] Climate, Community and Biodiversity Project Design Standards, 2008. Second Edition, CCBA, Arlington, VA,USA.

[१७] CCBA REDD+ Social and Environmental Standards, 2010. CCBA, Arlington, VA, USA.

## रेडप्लसका सामाजिक तथा वातावरणीय मापदण्डहरू

**सिद्धान्त** १: रेडप्लसका कार्यक्रमहरूले जमिन, निश्चित प्रभावित क्षेत्र तथा स्रोतहरू माथिको अधिकारलाई उचित सम्मान गर्नेछ ।

रेडप्लस कार्यक्रमहरूका लागि एफपिआइसी महत्त्वपूर्ण हुन्छ । कार्यक्रम संचालनबाट असर पर्न सक्ने आदिबासी तथा स्थानीय समुदायहरूको भूमि, बसोबास क्षेत्र तथा अन्य स्रोतहरूबारे निर्णय लिनु पूर्व एफपिआइसी लिनु जरूरी हुन्छ ।

- रेडप्लस कार्यक्रमको नीतिले आदिबासी तथा स्थानीय समुदायहरूको भूमि, निश्चित प्रभावित क्षेत्र तथा अन्य स्रोतहरू माथिको अधिकारलाई सुनिश्चित गर्न उनीहरूसँग पूर्व सहमति लिनुपर्ने मान्यतालाई अंगीकार गरेको छ ।
- आदिबासी जनजाति तथा स्थानीय समुदायहरूलाई रेडप्लस कार्यक्रमले एफपिआइसीको आवश्यकताका बारेमा प्रभावकारी रूपले जानकारी फैलाउँछ ।
- सामूहिक अधिकारवालाहरूले उनीहरूको एफपिआइसी प्राप्त गर्ने प्रक्रियालाई परिभाषित गर्दै त्यो प्रक्रिया प्रमाणित तथा मान्य हुनुपर्ने कुरा जनाउनेछन् । उनीहरूले यस क्रममा आफ्नै प्रतिनिधि तथा परम्परागत संगठनहरूलाई समेत परिभाषित गर्दै आफ्नो तर्फबाट सहमति दिने अधिकार दिन सक्दछन् ।
- आदिबासी जनजाति तथा स्थानीय समुदायहरूले परम्परागत रूपमा प्रयोग गर्दै आएको भूमि तथा स्रोत माथि असर पर्नसक्ने क्रियाकलापहरूमा उनीहरूकै संस्कृति, रहनसहन, चलन, मान्यता तथा परम्परा बमोजिम नै स्वतन्त्र अग्रिम सुसुचित सहमति प्राप्त गर्नुपर्दछ ।
- आदिबासी जनजाति तथा स्थानीय समुदायका परम्परागत अधिकार र भूमि, निश्चित प्रभावितक्षेत्र तथा स्रोतहरू माथिको अधिकारमा पर्नसक्ने असरका सम्बन्धमा स्थानीय समुदायका व्यक्तिहरूसँगको आपसी सहमतिमा कार्यविधि तयार गरेर अग्रिम सुसूचित सहमति प्राप्त गर्नुपर्दछ ।
- स्वतन्त्र, अग्रिम सुसूचित सहमति अनुसार भए पनि जहाँ आर्थिक तथा भौतिक प्रकारको स्थानान्तरण गर्नुपर्ने हुन्छ त्यहाँ वैकल्पिक जमिन तथा न्यायपुर्ण क्षतिपूर्ति दिनुपर्ने कुरामा तथा त्यस्तो स्थानान्तरणको प्रयोजन सकिएपछि पुनः उक्त ठाउँमा फर्कन पाउने अधिकारबारे पहिले नै सहमति गर्नुपर्छ ।

स्रोतः www.climate-standards. org

सामाजिक तथा वातावरणीय मापदण्डहरूले रेडप्लसले प्रभाव पारेका समग्र पक्षहरूलाई सम्मान गर्नु आवश्यक हुन्छ भन्ने कुरा प्रष्ट्याएको छ । ती पक्षहरूमा अधिकार प्राप्त व्यक्तिहरू (जसका अधिकार प्रभावित हुन सक्दछन्) र सरोकारवालाहरू (जसका चाहनाहरू प्रभावित हुनसक्दछन्) पर्दछन् । सामाजिक तथा वातावरणीय मापदण्डहरूले रेडप्लस परियोजनाहरूले एफपिआइसीको लागि चाहिने आवश्यकता प्राप्त गर्ने क्रममा वैधानिक तथा परम्परागत दुवै प्रकारका अधिकार हरूलाई सम्मान गर्नुपर्दछ भन्दछन् । यसका आठवटा सिद्धान्त र त्यसका आधारहरू सबै देशहरूलाई मिल्ने खालका छन् । तर पनि ती आधारहरू मापदण्डका संरचनाका आधारमा पहिचानका लागि सूचकका तहमा मात्र प्रमाणित गर्न योग्य हुन्छन् र देश विशेष अर्थ लगाउन सकिने हुन्छन् ।

## अन्य अन्तर्राष्ट्रियस्तरका मानव अधिकार सम्बन्धी कानुन

स्पष्टरूपमा एफपिआइसीको उल्लेख नभएतापनि मानव अधिकार संरक्षण गर्ने अन्तर्राष्ट्रिय स्तरका कानुन तथा सम्बन्धित कानुनी औजारहरू तथा निकायहरुले एफपिआइसीसँग मेलखाने धेरै सिद्धान्तहरू तय गरेकाछन् । एफपिआइसीको अधिकारलाई आत्मसात् गर्दै अघि बढ्ने प्रत्येक प्रक्रियाले मानव अधिकार तथा वातावरण सम्बन्धी सन्धि सम्झौताहरूको उलंघन भएका आरोपहरूलाई क्रमशः कम गर्न सहयोग पुऱ्याउँदछन् ।

मुख्य गरी अन्तर्राष्ट्रियस्तरमा भएका प्रमुख सन्धि सम्झौताहरूका कार्यान्वयन प्रभावकारी भएको नभएको अनुगमन गर्नका लागि आठवटा मानवअधिकार सम्बन्धी निकायहरू छन् ।

१. मानव अधिकार समिति
२. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी समिति
३. जातिय तथा रंगका आधारमा गरिने विभेद अन्त्य गर्न समिति
४. महिला विरूद्ध हुने विभेद अन्त्य गर्न गठित समिति
५. यातना विरूद्धको समिति र यातना विरूद्धको महासन्धिको ऐच्छिक अभिसन्धि, यातनाको रोकथामका लागि गठित उपसमिति
६. बालअधिकार सम्बन्धी समिति
७. बसाईंसराई गरी अन्यत्र काम गर्न जाने आउने कामदार सम्बन्धी समिति
८. अशक्त अपाङ्ग व्यक्तिहरूको अधिकार सम्बन्धी समिति

## राष्ट्रिय स्तरका नीतिगत तथा प्रशासनिक संरचनाहरू

कुनै पनि देशमा एफपिआइसीका लागि तयहुने कानुनी आधारहरू त्यस देशका राष्ट्रिय र जिल्लास्तरमा लागूहुने कानुन तथा नीतिनियमहरूबाट प्रभावित हुन्छन् । ती कानुनहरूमा विविध अन्तर्राष्ट्रिय सन्धि, महासन्धि, घोषणापत्र आदिमा हस्ताक्षर गरेर त्यसको पालना गर्नुपर्ने देखि लिएर मानव अधिकार, सूचनामा पहुँच, भू उपयोग योजना, वन विकास तथा अन्य विविध क्षेत्रका नीतिनियमहरू समेत पर्दछन् । यी सबैक्षेत्रहरूमा कुनै पनि परियोजना संचालनका लागि दिइने लाइसेन्समा एफपिआइसीको अधिकारलाई कसरी सम्मान गर्दै समाहित गर्न सकिन्छ भन्ने कुराबारे सचेत हुनु जरूरी छ । कहिलेकाहिँ निश्चित समयभित्र पूरा गर्नुपर्ने कानुनी प्रक्रियाले गर्दा समुदायहरूको सहमति लिन समय अपुग हुनसक्दछ । त्यसैगरी सम्पूर्ण राष्ट्रहरूलाई नै उपयुक्त हुनेगरी कुनै एउटा साझा चेकलिष्ट दिन पनि सम्भव हुँदैन । प्रत्येक परियोजना संचालकहरूले आफ्नो देशको परियोजना सञ्चालन हुने क्षेत्रको कानुनी रूपमा पुरा गर्नैपर्ने प्रक्रिया तथा त्यससँग जोडिएर आउने जोखिमलाई पहिचान गर्दै आवश्यक सबै कानुनी प्रक्रिया पुरा गर्नुपर्दछ ।

रेडप्लसका परियोजनाहरूमा प्रमुख भूमिका खेल्ने अर्को निकाय भनेको स्थानीय सरकार हो । रेडप्लस प्रक्रियाहरूमा स्थानीय सामाजिक सवालहरूलाई उचित रूपमा विचार पुऱ्याइएको कुरालाई सुनिश्चित गर्न ती निकायहरूको भूमिका प्रमुख हुन्छ । हालै दक्षिणपूर्वी एशियाका देशहरूमा भएका विकेन्द्रीकरणसँग सम्बन्धित प्रयासहरूले बिस्तारै स्थानीय समुदायहरूलाई वन स्रोत माथिको पहुँच र नियन्त्रणमा बृद्धि गराउँदै त्यसबाट हुने प्रत्यक्ष र अप्रत्यक्ष फाइदाहरूको भागिदार बनाएको छ ।

# अनुसूची २ : आदिबासी जनजाति तथा स्थानीय समुदायहरूले जान्नुपर्ने कुराहरूको सारांश

आदिबासी जनजाति तथा स्थानीय समुदायहरूलाई कस्ता जानकारीहरू आवश्यक पर्दछन् भन्ने कुरा समष्टिगतरूपमा तल दिइएको छ । यी जानकारीहरूलाई परियोजना सञ्चालकहरूले आधारभूत चेकलिष्टका रूपमा प्रयोग गर्न सक्दछन् ।

## अधिकारवालाहरूको सक्रिय संलग्नताका लागि गरिने तयारी

**तत्त्व १: अधिकार, अधिकारवालाहरू र भू – उपयोगको आँकलन**

- समुदायहरूको सीमा निर्धारण गर्ने र एक आपसको सन्तुष्टिका लागि वार्तालापको व्यवस्था गर्ने अधिकार आफूसँग भएको कुरा ।
- नक्साको नियन्त्रण गर्ने, कस्ता खालका जानकारीहरू राख्ने र कसकसलाई ती जानकारीहरू उपलब्ध गराउने भन्ने अधिकार उनीहरूमा हुन्छ भन्ने कुरा ।
- आफुसँग भएको ज्ञानलाई लिखित वा अन्य दस्तावेजको रूपमा अरूलाई उपलब्ध गराउन वा नगराउन पाउने अधिकार आफुमा निहित भएको कुरा ।
- उनीहरूमा भएको जमिन र कार्बनमाथिको अधिकार तथा भूमिको सीमानालाई कानूनी रूपमा मान्यता दिन पैरवी गर्ने अधिकार भएको कुरा ।
- नक्साङ्कन अभ्यासमा प्रत्यक्ष सहभागी नहुने व्यक्तिलाई/खासगरी छिमेकी समुदायलाई सीमा निर्धारण र अधिकारवाला पहिचान सम्बन्धी जानकारी दिनुपर्ने कुरा ।

**तत्त्व २: उपयुक्त निर्णयकर्ता संस्थाहरूको पहिचान**

- आफ्ना प्रतिनिधि निकायहरूबारे निर्णय गर्ने अधिकार भएको कुरा ।
- रेडप्लस परियोजनाका सबै सरोकारवालाहरूले अन्तर्राष्ट्रिय मापदण्ड अनुसारका गैर विभेदकारी अभ्यास गर्नु अनिवार्य भएको कुरा ।
- आफ्ना साँस्कृतिक अभ्यास कायम राख्नुका साथै निर्णय प्रक्रियालाई उपयुक्त किसीमले अगाडी बढाउन आवश्यक प्रतिनिधीमूलक निकाय/संस्था बनाउन आवश्यक पर्ने स्वतन्त्र सहजीकरणको सहयोग लिन पाउने कुरा ।
- एफपिआइसीको मान्यताअनुसार नै निर्णय गर्न पाउने अधिकार भएको कुरा ।
- यदि उनीहरूकै समुदायभित्र निर्णय प्रक्रिया असमावेशी भयो वा अधिकारको दुरूपयोग भयो भने ती कुराहरूमा सुधार गरी समानताका लागि जोड दिन तथा दवाव सृजना गर्न पाउने कुरा ।

**तत्त्व ३: अधिकारको पैरवीका लागि राष्ट्रियरूपमा सहयोग गर्ने संरचनाको पहिचान**

- आफ्नो जमिन तथा स्रोत माथिको अधिकार कानूनी रूपमा सुनिश्चीत नभएको अवस्थामा वा अधिकार दिइएका निर्णय तथा कानूनी आधारहरू उल्टाइनसक्ने अवस्थामा एफपिआइसी प्रक्रियामा संलग्न हुँदा पर्न सक्ने प्रभावको कुरा।
- सकारात्मक रूपबाट परियोजना सञ्चालक तथा समुदायहरूबिच हुने सम्झौतामा परियोजना सञ्चालकहरूले समुदायहरूका अधिकारबारे स्पष्ट रूपमा विचार पुऱ्याउनु पर्ने साथै पूरा गर्नुपर्ने कुरा।
- भूमि तथा स्रोतमाथिको अधिकार प्राप्तिका लागि निरन्तर पैरवीको आवश्यकता पर्ने कुरा।
- समुदायहरूले आफ्नो देशमा नै कसरी राष्ट्रियस्तरका सहयोग संरचनाहरू (जस्तै कानुनी सहयोग, नागरिक समाजको सहयोग आदि) पहिचान गर्न सक्छन् भन्ने कुरा।
- परियोजनासँग प्रत्यक्ष संलग्न नभएका तेस्रो पक्षसँग आवश्यक सरसल्लाह लिन र छलफल गर्न पाउने अधिकार समुदायसँग भएको कुरा।

**तत्त्व ४: सहमतिको खोजी र प्राप्तिका लागि आवश्यक प्रक्रियाको विकास**

- एकआपसमा स्वीकारिएको सहमति प्रक्रिया अपनाउन पाउनुपर्ने समुदायको अधिकार, यसमा आफुले पुरा गर्नुपर्ने बाध्यकारी दायित्त्व र सहमतिहरू परियोजना सञ्चालन गर्ने पक्षले पालना नगरेमा कानुनी सहायता प्राप्त गर्न वा सहमति उल्टाउन पाउने अधिकार भएको कुरा।
- सहमतिको प्रक्रियाको कुनै पनि चरणमा स्वतन्त्ररूपमा कानुनी सल्लाह प्राप्त गर्न पाउने अधिकार समुदायको भएको कुरा।

**तत्त्व ५: सहमतिपूर्ण सम्झौताका लागि विषयवस्तुको विकास**

- सहमतिपूर्ण सम्झौताका सबै पक्षहरू तयार पार्ने अधिकार भएको कुरा (यस्ता पक्षहरू सबै समुदायका लागि सजिलै उपलब्ध हुनुपर्दछ)।

**तत्त्व ६: सञ्चार योजनामा सहमति**

- समुदायलाई दिन खोजिएका सबै सन्देशहरू (रेडप्लस, एफपिआइसी, परम्परागत भूमि, कार्बन तथा वन स्रोतहरूका बारेका जानकारीहरू) सञ्चार योजनामा संलग्न हुनुपर्ने कुरा।

**तत्त्व ७: क्षमता विकास रणनीतिको निर्माण**

- एफपिआइसीसँग सम्बन्धित क्षमता तथा बुझाईलाई अभिवृद्धि गर्न सहयोग उपलब्ध हुन्छ भन्ने कुरा।
- रणनीतिले उनीहरूको क्षमता विकासको प्रतिफललाई निर्देशित गर्ने हुँदा उक्त रणनीति निर्माणमा समुदायको सुझाव महत्त्वपूर्ण हुन्छ भन्ने कुरा।

## एफपिआइसीको अधिकारलाई सम्मान गर्ने प्रक्रियाको कार्यान्वयन

**तत्त्व ८: एफपिआइसीको अधिकारलाई रेडप्लस परियोजना निर्माणमा एकीकृत गर्ने**

- समुदायको एफपिआइसी सम्बन्धी अधिकार कसरी सामुदायिक निर्णयद्वारा रेडप्लस परियोजना निर्माणका प्रत्येक चरणहरूमा लागू गर्न सकिन्छ भन्ने कुरा।

- जलवायू परिवर्तन के हो र कसरी हुन्छ तथा पृथ्वीमा र समुदायमा यसले कसरी असर पार्दछ भन्ने कुरा ।
- रेडप्लस के हो र यसले कसरी काम गर्दछ, सामुदायिक वनलाई रेडप्लसले कसरी बुझ्दछ, समुदायको जीविकोपार्जनमा यसले कसरी असर पार्दछ र यसले समुदायलाई कसरी फाइदा गराउँदछ भन्ने कुरा ।
- स्वैच्छिक कार्बन बजारको प्रावधान किन गरिएको हो ? यस अन्तर्गत आर्थिक कारोवारको व्यवस्थापन कसरी गरिन्छ ? बदलिंदो बजारले परियोजनालाई कसरी असर पार्दछ ? भन्ने जस्ता प्रश्नको जानकारी लगायत कार्बन अफसेटका सम्बन्धमा पनि समुदायलाई जानकारी हुनुपर्ने कुरा ।

**तत्त्व ९: वैकल्पिक जानकारी तथा स्वतन्त्र सल्लाहको सुनिश्चित गर्ने**

- समुदायहरूलाई कानुनी, सामाजीक, आर्थिक तथा वातावरणीय सवालहरूमा स्वतन्त्र विज्ञहरूको सल्लाह लिने अधिकार हुन्छ भन्ने कुरा ।
- परियोजना सञ्चालक, सरकार तथा निजी लगानीकर्ताहरुद्वारा समुदायहरूले सुझाव सल्लाह लिनका लागि लाग्ने खर्च व्यहोर्नुपर्ने कुरा ।

## अनुगमन तथा सहायताको बाटो/उपचारः सहमति कायम

**तत्त्व १०: कार्यान्वयनमा सम्झौता भएबमोजिमको अनुगमन**

- परियोजना कार्यान्वयनको अनुगमनमा समुदायले प्रमुख भूमिका खेल्न सक्दछन् भन्ने कुरा ।
- अनुगमनको क्रममा पहिचान भएका सहमतिपूर्ण सम्झौताको कार्यान्वयनमा देखिएको फरकपनले परियोजना कार्यान्वयनमा असन्तुष्टिलाई बढाउन सक्दछ । यदि गुनासो व्यवस्थापन प्रक्रियाबाट त्यस्ता असन्तुष्टिका सवालहरूलाई बेलैमा समाधान गर्न सकिएन भने कुनै पनि पक्षले पहिले भएको सहमतिको प्रक्रियालाई पुनः दोहोऱ्याउन वा मध्यस्थकर्तासम्म उक्त सवाललाई पुऱ्याउन सक्दछ भन्ने कुरा ।

**तत्त्व ११: गुनासो व्यवस्थापन प्रक्रियाको विकास**

- गुनासो व्यवस्थापन गर्न तय गरिएको व्यवस्थाले समुदायको कानुनी उपचार प्राप्त गर्ने अधिकारलाई कटौती गर्दैन भन्ने कुरा ।
- मध्यस्थकर्ता, अदालत तथा गुनासो सुन्ने व्यक्ति तथा संस्था मार्फत गुनासाहरू प्रस्तुत गर्ने अधिकार आफूले स्वतन्त्र रूपले प्राप्त गरेका हुन्छौं भन्ने कुरा ।
- उपयुक्त तथा मनासिव कारण परेको अवस्थामा एकपटक दिइसकिएको सहमतिलाई फिर्ता समेत लिन सकिन्छ भन्ने कुरा ।
- पहिले नै स्वीकारिएको गुनासो व्यवस्थापन प्रक्रियाको हकमा स्वीकार गरिए बमोजिमको सुविधा कहाँ, कहिले, कसरी प्राप्त गर्न सकिन्छ भन्ने कुरा ।

**तत्त्व १२: सहमति प्रक्रियाको प्रमाणीकरण**

- कुनै पनि बाह्य प्रभावबाट मुक्त, निश्चित समयभित्रै तथा सहमतिका विषयवस्तुहरू स्पष्ट बुझी सहमतिका असरहरूबारे जानकारी समेत राखी सहमति प्रक्रियाको स्वतन्त्र रूपमा प्रमाणीकरण गर्ने अधिकार समुदायमा निहित हुन्छ भन्ने कुरा ।

RECOFTC's mission is to see more communities actively managing more forests in the Asia-Pacific region. During the past two decades, RECOFTC has trained more than 4,000 people from over 20 countries in devolved forest management: from national policy makers, researchers, and practitioners, right through to local forest users. Training services and learning events are complemented by on-the-ground projects, critical issue analysis, and strategic communication.

The Deutsche Gesellschaft für Internationale Zusammenarbeit (GIZ) GmbH was formed on 1 January 2011. It brings together the long-standing expertise of the Deutscher Entwicklungsdienst (DED) gGmbH (German development service), the Deutsche Gesellschaft für Technische Zusammenarbeit (GTZ) GmbH (German technical cooperation) and InWEnt – Capacity Building International, Germany.

RECOFTC
THE CENTER FOR
PEOPLE AND FORESTS

RECOFTC – The Center for People and Forests
P.O. Box 1111, Kasetsart Post Office
Bangkok 10903, Thailand
Tel: +66 2 940 5700
Fax: +66 2 561 4880
Email: info@recoftc.org
Website: www.recoftc.org

giz

Deutsche Gesellschaft für Internationale Zusammenarbeit (GIZ) GmbH
Sector Network Natural Resources and Rural Development – Asia
Postfach 5180
65726 Eschborn
Germany
Tel: +49 6196 79 0
Fax: +49 6196 79 11 15
Email: info@giz.de
Website: www.giz.de